competition. Being slightly stronger in singles play, and with Liu Shuhua, a well-known star player, on its lineup, Tianjin was tipped to win the match. And sure enough, Liu gave play to his fierce attacking style and notched an easy win over Beijing's veteran player Xie Zhao in the first singles match. Now Beijing found itself in a critical situation: it would have no chance of making the finals if it should suffer another defeat in the next singles. So when Meng Qianghua took the field, many spectators doubted if a nobody like him would be able to reverse the tide.

Standing 1.80m and wearing a white shirt which set off his dark complexion very well, Meng appeared to be quite confident of his own power. With his relentless attacks and consistent defence he soon dispelled all doubts and won the match to equalize the score. Then he teamed up with Xie Zhao to take the doubles and earn a berth in the finals for his team.

Continuing their winning streak in the title decider, Meng and Xie got the better of two strong players from the Hunan team to seal the victory for Beijing.

A few days later the two appeared on the court again, this time in the doubles finals, from which they got another gold for Beijing.

Almost overnight Meng Qianghua had his name written in the news as an up-start in the tennis hierarchy. His success, however, was not as fluky as one might imagine. Zhang Fan, a leading player of Hunan who was victimized by Meng in the team finals,

As a matter of fact, the 21-year-o Meng Qianghua has been associa with tennis since he was a schoolchild. His family lived just a blocks away from the Beijing Work Stadium and he often went there w his teacher and schoolmates to pla tennis. While other kids only playe

old Winner

racket, he made rapid progress and had one or two presentable shots up his sleeve. When he moved up to secondary school, he was recommended to the

...is. Ours is a game that takes years of hard work to perfect."

enthusiasm, his good receptivity learning and his nimble and harmonious movements behind

नेपाली लोककथा : केही अध्ययन

लेखक

तुलसी दिवस

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशक–
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी काठमाडौं ।

प्रथम संस्करण
वि. सं. २०३३

मुद्रक–
जोरगणेश प्रेस (प्रा.) लि.
बालाजु, काठमाडौं, नेपाल ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
संरक्षक
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

भूमिका

राजकीय प्रज्ञा-प्रतिष्ठानका विद्वान् सदस्य श्री तुलसी दिवसले प्रज्ञा-प्रतिष्ठानमा समय समयमा दिनुभएका प्रवचनहरूको यो संग्रह नेपाली लोककथा–प्रेमीहरूलाई रुचिकर होला भन्ने मेरो आशा छ। विद्वान् श्री तुलसी दिवसको चौधै अञ्चलका लोककथाहरूको संग्रह पनि प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भैसकेको छ। अब लोककथाको विश्लेषणात्मक यो सानो ग्रन्थ प्रकाशित गरिंदै छ। यसले लोककथाको सैद्धान्तिक पक्षसित यसका पाठकलाई परिचित गराई नेपाली लोककथाका अनेक पक्षका अध्ययनका महत्त्वतिर सर्वसाधारणको दृष्टि आकर्षित गर्ला भन्ने मेरो आशा छ।

सूर्यविक्रम ज्ञवाली
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

मन्तव्य

आफ्ना प्रवचन मालाका सन्दर्भमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य विद्वान् श्री तुलसी दिवसले दिनुभएको नेपाली लोककथासम्बन्धी अनुसन्धानात्मक प्रवचनहरूको संकलन प्रकाशित गर्न पाउँदा हामीलाइं खुशी लागेको छ ।

यो सानो ग्रन्थ भए पनि यसलाई विद्वान् लेखकले अन्वेषण गरी जो तुलनात्मक अध्ययन गर्नुभएको छ त्यो पठनीय छ । यस्ता ग्रन्थको साहित्यप्रेमीबाट स्वागतै होला भन्ने हामीलाई आशा छ ।

२०३३ ज्येष्ठ
प्रज्ञा-भवन
कमलादी

लैनसिंह बाङ्गदेल
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

विषयसूची

विषय	पृष्ठ
नेपाली लोककथा-वर्गीकरणको भूमिका	१
वर्गीकृत नेपाली लोककथा	३७
ऐतिहासिक सांस्कृतिक नेपाली लोककथाहरू	६१
अतिमानवीय रूपका नेपाली लोककथा	८५

नेपाली लोककथा-वर्गीकरणको भूमिका

मानव-अनुभव, क्रियाकलाप, घटनावली तथा विचारहरूमा तत्कालीन समय-स्थान-व्यक्ति-वस्तु एक ढिको भएर जम्ने गर्दछ । सजातीय सदस्यको नाताले हामी तिनीहरूमा स्वाभाविक रुचि तथा उत्सुकता मात्र राख्दैनौं तिनीहरूभित्र छरिएका 'कहिलेपन', 'कहाँपन', 'कोपन', 'केपन'हरूलाई खोतेर रत्तिएको मानव-चैतन्यले तिनीहरूबाटै 'किनपन' र 'कसरीपन' फेला पार्छौं र कार्य-कारणको एक-अर्कामाथिका असर तथा प्रभावहरूलाई वैज्ञानिक नाङलोमा केलाउँदछौं । 'विशेष-कला तथा विशेष-शास्त्रले वस्तुको सूक्ष्मतम विवरण' आग्रह गर्दै तिनका उपकरणहरू, अभिप्रायहरू, कल्पना र संवेदनका स्तर र गतिशीलताहरूको शिर र पुच्छर समाउन खोज्दछन् । तर मानव-विवेक, कल्पना एवं स्मृति-प्रयोगको वास्तविक दसी सरल विवरण र वर्णनहरू नै हाम्रा उत्सुकता तथा जिज्ञासालाई सरल उपायले सन्तुष्ट गर्नमा सफल प्रमाणित भएका छन्* । अतः लेखन-कलादेखि अनभिज्ञ अथवा त्यो कलाको अपेक्षाकृत अल्प प्रयोग गर्ने सर्वसाधारण लोकका बौद्धिक प्रयत्नहरूबाट प्रसूत भाषागत लोक-अभिव्यक्तिहरू सामाजिक ज्ञान तथा विज्ञानको क्षेत्रमा विशेष महत्त्वपूर्ण हुन्छन् । तिनीहरूले लोकगीत, लोककथा, गाउँखानेकथा, उखानटुक्का, अड्को, हँस्यौली, लोकनाटक आदिको विविध रूप लिएका हुन्छन्– समष्टिमा ती लोकसाहित्यको नामले सुपरिचित र प्रसिद्ध छन् । एलेन डचुण्डले लोकवार्तालाई मूलरूपमा मौखिक र अमौ-

* Lore— An Introduction to the Science of Folklore and Literature. Munro S. Edmonson, 1971 p. 135.

खिक दुई शाखामा विभाजित गरेका छन् । लोकसाहित्य लोकवार्ताको मौखिक शाखामा पर्दछ । राष्ट्रिय तथा जातीय जीवनमा लोकसाहित्यको महत्त्व अपरिहार्य ठहरिएको छ। प्रसिद्ध नृतत्त्वविद् फ्रचान्ज बोआसले लोकसाहित्यलाई लोकको आत्मजीवनी स्वीकारेका छन् । सही अर्थमा लोकसाहित्य लोकजीवन तथा संस्कृतिको प्रतिबिम्ब मात्र नभएर संवाहक पनि हो । लोकसाहित्यका उपर उल्लिखित विभिन्न विधाहरूमा व्यापकता तथा प्रचुरताको दृष्टिले लोककथाको स्थान सर्वोपरि मानिन्छ । सी. एस. बर्नको विचारमा मानवशास्त्र, समाजशास्त्र, मनोविज्ञान तथा सामाजिक इतिहासको कुनै पनि विद्यार्थीले लोककथाको महत्तालाई अस्वीकार गर्ने दुस्साहस गर्न सक्तैन । किनभने लोककथा आफैंमा तत्कालीन समयको चाल-चलन, रीति-रिवाज, सामाजिक-सांस्कृतिक विश्वास, परम्परागत संस्कार, अनुष्ठान आदिको जीवित हस्ताक्षर र प्रतीकात्मक साक्षी हो ।

वास्तवमा लोककथा मानव-जीवनको विस्तृति एवं विविधतालाई काल र स्थानअनुरूप समाहृत गरी विगतको अवशेष संरक्षित गर्ने आफैंमा सानो संग्रहालय भएकोले मानव-सभ्यता तथा संस्कृतिका विभिन्न चरणको ऐतिहासिक विकासक्रम या भौगोलिक विभेदको यात्राक्रम अध्ययन तथा अन्वेषण गर्ने सर्वसुलभ, सर्वग्राही मनोरम साधन हो । लोकजीवनको अकृत्रिम तर मर्मस्पर्शी दिगम्बर अभिव्यक्ति लोककथा मनोरञ्जन तथा प्रशिक्षण दुवै दृष्टिकोणले संसारमा यत्रतत्र लोकप्रिय र व्यापक छ। यथार्थमा लोककथा जातिको लोकजीवनको सजीवताले परिपूर्ण हुन्छ । मानव-समाजमा प्रचलित नीतिशास्त्र, न्यायशास्त्र, समाजशास्त्र, धर्मशास्त्र आदिको विकासक्रम अंकित मानव-मनको सनातन थाती लोककथा मनोवैज्ञानिक, मानवशास्त्रीय, समाजशास्त्रीय दृष्टिकोणले पनि उत्तिकै महत्त्वपूर्ण प्रमाणित भैसकेको छ । लोककथालाई परम्परागत सांस्कृतिक अवशेषको रूपमा मात्र ग्रहण गरेर केवल संग्रहालयमा संकलित गरिनुपर्ने वस्तु मान्नु अनुपयुक्त हुन्छ । लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि

प्रतिध्वनित र निहित हुने गर्छ* । लोककथालाई केवल सांस्कृतिक अवशेषको रूपमा अध्ययन गर्न वकालत गर्ने नृतत्त्ववैज्ञानिक एण्ड्रु ल्याङ्गको विचारको खण्डन रूसी लोकवार्ताविद् सोलोखोवले उपयुक्त ढंगले गरेका छन्। बौडिगको मतमा पनि लोकवार्ता परम्परा-निर्मित र स्वनिर्मित दुवै हुन्छन्।

उन्नाइसौं शताब्दीको प्रारम्भतिर यूरोपमा लोकसाहित्य-संकलनको मौलिक अभिप्राय आंशिक रूपमा भूतकालतिर फर्कने विगत-अभिमुख विचारसँग सम्बद्ध थियो । लोककथा एवं लोकसाहित्य विगत-उत्पादित वस्तु हो, यो शनैः शनैः हराउँदै बिर्सिंदै गइरहेछ भन्ने धारणा व्यापक हुन थालेपछि स्वजाति तथा स्वदेशको निजत्वको संरक्षणको खातिर पनि लोककथाको संकलन महत्त्वपूर्ण मानियो । यही विचारबाट प्रभावित एवं उत्प्रेरित भएर नै ग्रीमबन्धुहरूले जर्मनेली लोककथाहरू संकलित गरेका हुन्। लोकवार्ताका वस्तुहरूलाई विगतको पुर्नानिर्माण गर्न उपयोग गर्ने प्रवृत्ति बीसौं शताब्दीसम्मै जीवित छ। तर लोककथाको अध्ययनले जाति या राष्ट्रको विगत-इतिहासको पुर्नानिर्माण मात्र हुँदैन, जातिको निजत्व तथा मौलिकताको वर्तमान अवस्था पनि प्रष्टिन्छ। आजकाल समसामयिक लोकसाहित्यको मानवशास्त्रीय विचारको बहुमत लोककथामा अतीतभन्दा वर्तमान सांस्कृतिक यथार्थ देख्ने पक्षमा छ* । अत: लोककथाहरू पूर्णतः ऐतिहासिक सत्यको पुर्नानिर्माण गर्नभन्दा बेसी वर्तमानको सांस्कृतिक अवस्था र यथार्थ ठम्याएर प्रकाशित गर्न संकलित, वर्गीकृत र विश्लेषित गरिन्छन्।

लोककथा परम्परागत हुन्छ भन्ने वाक्यबाट लोककथा वर्तमानविमुख भएर केवल विगत-अभिमुख हुन्छ भन्ने अर्थ लाउन हुँदैन, किनभने लोककथाले परम्पराको निर्वाह मात्र नगरेर परम्पराको निर्माण पनि गर्ने गर्दछ । लोककथाको सामाजिक उपादेयता तथा

---

* विश्वका लोककथा, २०३० ने.रा. प्र. प्र. को प्रकाशन तुलसी दिवसको भूमिकाबाट ।

* Introduction to Cultural Anthropology: Oral Literature, p. 121-122, 1968. Dundes ed. James A. Clifton.

महत्त्व बहुविध हुन्छ । लोकगीत एक्लै गाउन सकिन्छ, तर लोककथा एक्लै भनिंदैन, श्रोताहरूको उपस्थिति अनिवार्य रूपमा आवश्यक हुन्छ। सुन्नेहरूको अनुपस्थितिमा लोककथा अपूर्ण मात्र होइन लोककथा नै हुन सक्तैन, वैकुण्ठबाट त्यो तात्तातै आउन असमर्थ हुन्छ। 'एकादेश' बाट थालिएको नेपाली लोककथा 'भन्नेलाई फूलको माला' र 'सुन्नेलाई सुनको माला' दिएर वैकुण्ठ जान्छ। वास्तवमा नेपाली लोककथाले 'सुन्नेलाई सुनको माला' दिएर अनुप्रास मात्र मिलाएको होइन लोककथाको सामाजिक दायित्व पनि पूर्ण गर्न खोजेको हो। नेपाली समाजमा त लोककथा आउने समय पनि एक प्रकारले निश्चित गरिएको हुन्छ । त्यो समय रात हो । गाउँघरमा दिनमा कथा हाले संतान गाँडा-गोर्चा या लाटा हुने विश्वास भएकोले दिनमा कथा भन्न र सुन्न नहुने निषेध प्रचलित छ । दिनमा कथामा भुल्दा दैनिक कार्यमा पनि बाधा पर्ने हुन्छ । राती भनिने लोककथाले श्रोताको थकाइ मेट्ने, स्फूर्ति प्रदान गर्ने र नवीन शक्ति संचार गर्ने गर्छ । यस बाहेक लोककथाले सामाजिक प्रशिक्षण, मनोरञ्जन तथा जातीय एकताको प्रवर्धनमा पनि ठूलो भूमिका खेल्दछ । लोककथाले यथार्थबाट पलायन हुने माध्यम हुनाको साथै सामाजिक विरोधको निमित्त स्वीकृत संवाहक भएर पनि कार्य गर्दछ । लोककथाका यी सामाजिक महत्त्वप्रति ध्यान आकर्षित गर्ने प्रथम व्यक्तिहरूमध्ये मालिवनस्कीको नाम महत्त्वपूर्ण छ । तर यस प्रसंगमा बास्कम विशेष जोडदार छन्। उनको विचारअनुसार लोककथाले स्वीकृत सामाजिक स्वभावजन्य प्रवृत्तिहरूको मात्र प्रसार, निर्वाह तथा पोषण गर्दैन, यिनीहरूबाट मुक्त हुने एउटा संस्थागत निकास पनि उपलब्ध गराउँछ* । चलाख तथा धूर्तहरूको कथामा मुख्य पात्रले प्रायः स्थापित समाजिक-सांस्कृतिक मान्यता तथा मर्यादाहरूमाथि व्यंग्य प्रहार गरेर वेवास्ता गरेको

* Introduction to cultural Anthropology: Oral Literature. p. 122, 1964. Dundes; ed. James A. Clifton.

प्रशस्त पाइन्छ । यो कथन नेपाली लोककथाको प्रसंगमा पनि सही देखिन्छ ।

लोककथाको वैज्ञानिक अध्ययनले क्रमशः लोककथाहरूको संकलन, वर्गीकरण तथा विश्लेषण सबैलाई समेट्दछ । लोकसाहित्यको क्षेत्रमा संकलन नभई वर्गीकरण, वर्गीकरण नभई विश्लेषण र व्याख्या गर्नु अनुपयुक्त र अवैज्ञानिक मानिन्छ । यथार्थमा संकलन जति वैज्ञानिक हुन्छ, उति वैज्ञानिक वर्गीकरण, तुलनात्मक अध्ययन तथा विश्लेषण हुने गर्छ । लोककथा आफैंमा एक तथ्यांक हो, अतः लोककथाको संकलन गरिँदा कहिले, कहाँ, कसबाट, कसले, के प्रसंगमा किन गरिएको हो त्यसको टिपोट गर्न पटक्क बिर्सनु हुँदैन । अझ कथावाचकको सामाजिक सांस्कृतिक स्तर, धर्म, भाषा, शैक्षिक योग्यता र उसले कसबाट सुनेको हो त्यो समेत जनाउनु बेस हुन्छ । किनभने लोककथाको व्याख्या विश्लेषण गर्दा कथावाचकको व्यक्तित्व र उसको सांस्कृतिक पृष्ठभूमिलाई समेत ध्यानमा राख्नुपर्ने हुन्छ । समाजको एउटा सदस्यलाई अर्को सदस्यबाट पैतृक सम्पत्ति झैं उत्तराधिकारको रूपमा उपलब्ध हुने लोककथाको प्रसार तथा प्रचारको माध्यम लिखित नभएर झर्रो मौखिक हुन्छ । मौखिक परम्परामा जीवित लोककथा व्यक्तिगतभन्दा बढी सामूहिक रचनाको रूपमा स्वीकृत छ । डन्डेसको भनाइ झैं सांस्कृतिक रूपले परिभाषित रचना-परम्पराअनुरूप निर्मित लोककथाको थालनीमा कुनै एक निश्चित कथावाचक र निश्चित पाठ हुन सक्छ। तर मौखिक रूपमा एकबाट अर्कामा प्रसारित हुने हुनाले कथावाचकको जीवनकालैमा या मृत्यूपरान्त कथा बाँचिरहे त्यसको विविध रूप विविध पाठ तयार भइसक्छ । कथाको रूप पहिलो पल्ट भनिएझैं यथावत् कायम रहँदैन । पात्रको थपघट, कथानकको संशोधन आदिले सामान्य फरकपाइँ दृष्टिगोचर भए पनि कथाको अन्त बदलिए त कथाको मूल अभिप्राय नै पनि फरक पर्न सक्छ । एतदर्थ कथा-

प्रसारणको क्रममा आइपर्ने परिवर्तन र संशोधनहरूले अवश्यमेव सांस्कृतिक व्यक्तित्वनिर्माणमा र अध्ययनमा महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्न सक्तछ । लिखित साहित्यको निश्चित अपरिवर्तनीय स्वभावको विरुद्ध लोककथा निरन्तर परिवर्तित भइरहने अवस्थामा हुन्छ । त्यसैले एउटा लोककथाको विविध पाठ हुने गर्छ । एउटा पाठ संकलित भैंगो भन्दै अन्य पाठहरूलाई पन्छाउने गलत काम कम-से-कम लोकसाहित्यको विद्यार्थीबाट हुनु हुँदैन ।

एउटै सांस्कृतिक एकाइ अझ एउटै परिवारका विभिन्न सदस्यहरूले एउटै कथालाई विभिन्न ढंग र विभिन्न रूपले भन्न सक्छन् । कहिलेकाहीं त एउटै कथावाचक(Informant)ले पटक पटक दोहऱ्याएर भन्दा एउटै कथाले पनि भिन्न भिन्न रूप लिन सक्तछ र लिन्छ पनि । त्यसैले कथा बाचुन्जेल या प्रचार-प्रसारको क्रममा रहुन्जेल कथाका विविध पाठको संकलन र अध्ययन भइरहनुपर्छ, कारण : एकातिर कथामा देखा परेको या आएको परिवर्तन-विधिले कथावाचकको या कथा प्रचलित समाजमा आउन थालेको र आएको सामान्य सांस्कृतिक परिवर्तनको दिशाबोधलाई संकेत गर्दछ भने अर्कोतिर कथाका विविध पाठमा खास भिन्नता या परिवर्तन उपलब्ध नभए त्यसले पनि सम्बन्धित सामाजिक तथा सांस्कृतिक क्षेत्रको परम्परावादी दृष्टिकोणप्रतिको झुकाउ र परम्पराप्रिय प्रवृत्तिलाई जनाउने गर्दछ । यस प्ररिप्रेक्ष्यमा लोककथा विषय तथा शैली या भाव तथा रूपले भन्दा सांस्कृतिक दृष्टिकोणले बढी महत्त्वपूर्ण देखिन्छ।

लोककथा-संकलन, अध्ययन तथा विश्लेषणको प्रसंगमा उपर उल्लिखित विभिन्न दृष्टिकोण, धारणा एवं तथ्यहरूलाई दृष्टिगत गर्दा नेपाली लोककथा अध्ययनको स्थिति अत्यन्त प्रारम्भिक अवस्थामा रहेको पाइन्छ । वर्गीकरण र विश्लेषण त परै रहोस् संकलन समेत उपयुक्त ढङ्गले हुन सकेको देखिंदैन । किनभने आजसम्म हामीसँग उपलब्ध नेपाली लोककथाहरू प्रसंगसहित संकलित या लिपिबद्ध

गरिएका अत्यन्त कम छन्। यी लोककथाहरूको रूप-विश्लेषण (Form Analysis), वस्तु-विश्लेषण (Content Analysis) तथा तथ्य-विश्लेषण (Fact Analysis) सम्पन्न गर्दा केही प्रासंगिक गलत निष्कर्षहरू उत्पन्न हुन सक्ने धेरै संभावना हुन्छ । कथा-अध्येताले उपयुक्त सामाजिक-सांस्कृतिक पृष्ठभूमिको अभावमा कथाको सही व्याख्या तथा अध्ययन प्रस्तुत गर्न निकै सतर्कता वहन गर्नुपर्ने हुन्छ– जो व्यावहारिक दृष्टिकोणले संभव दृष्टिगोचर हुँदैन ।

नेपाली लोक-कथाको प्रारम्भिक संकलन तथा लिपिवद्धताको विषयमा चर्चा उठाउँदा यसको प्राचीन परम्पराको केही उल्लेख गर्नु अनुपयुक्त हुँदैन । नेपाली लोककथाको परम्परा खोज्दै जाँदा हामी वैदिक समयसम्म सजिलैसित पुग्दछौं। नेपाली लोककथामा वेद, उपनिषद्, पुराण, रामायण, महाभारत, पञ्चतन्त्र, कथा-सरित्सागर, वृहत्कथा, बौद्ध जातक-कथामाला आदिको परम्परा एवं प्रभाव कायम रहेको स्पष्ट देखिन्छ । हामीकहाँ प्रचलित कति कथाहरू वैदिक समयअघिका पनि हुन सक्तछन् । किनभने लोककथा भन्ने हाम्रो परम्परा अत्यन्त प्राचीन परम्परा हो । त्यसैले यसको प्रारम्भिक मानव-सभ्यता तथा बोलिने भाषासँग घनिष्ठ सम्बन्ध हुन्छ । मौखिक हुने हुनाले केही कालअघिसम्म नेपाली समाज लोक-कथालाई दन्त्यकथाको नामले बढी चिन्दथ्यो । तर ती प्राचीन कथाहरू हाल हामीसँग सुरक्षित र संरक्षित छैनन् । अतः लिपिवद्ध र उपलब्ध भएका कथाहरूको संक्षिप्त विवरण प्रस्तुत हुन्छ । यस प्रसंगमा सर्वप्रथम संस्कृतमा रचिएको बुधस्वामीको 'वृहत्कथा- श्लोक-संग्रह'लाई स्मरण गर्नु आवश्यक हुन्छ । गुणाढ्यको 'वृहत्कथा' पैशाची भाषामा लेखिएको तत्कालीन समाजमा प्रचलित लोकप्रिय लोक-कथाहरूको संग्रह हो भन्ने विचारमा धेरै विद्वान्‌हरू सहमत छन्। गुणाढ्यको मूल 'वृहत्कथा' अब प्राप्य छैन । काल-क्रमानुसार बनेका 'वृहत्कथा'का विविध रूपान्तरहरूमा अहिलेसम्म चार उपलब्ध छन्, जसमध्ये पहिलो नेपाल-निवासी बुधस्वामिकृत 'वृहत्कथा-

श्लोक-संग्रह' हो । यसको रचना विद्वान्हरूमध्ये कोही लगभग इ. सं. पाँचौं शताब्दी र कोही नवौं शताब्दीमा भएको अनुमान गर्दछन् । २८ सर्ग भएको उक्त पुस्तक ४,५३९ श्लोकहरू भए पनि अपूर्ण र खण्डित छ। विद्वान्हरू यसलाई 'वृहत्कथा'को नेपाली रूपान्तर मान्दछन् । 'वृहत्कथा-श्लोक-संग्रह'को देवनागरी लिपिमा मूल संस्करण औ फ्रेन्च अनुवाद श्री लाकौतले पेरिसबाट प्रकाशित गराएका थिए* ।

वृहत्कथाको उत्पत्तिको सम्बन्धमा 'नेपाल-माहात्म्य'को २७–२९ अध्यायमा एउटा रोचक वर्णन छ, जसमा गुणाढ्यको पूर्वजन्मको भृङ्गिरूप, शिव र पार्वतीको एकान्त कथावाचन सुनेकोमा भृङ्गीलाई शाप, शापमोचनको निमित्त नौ लाख श्लोकमा सुनेको कथा लेख्नुपर्ने स्थिति, सर्ववर्मन् दुई वर्षमै राजा मदनलाई शुद्ध बोलाउनमा सफल, गुणाढ्यलाई संस्कृत नबोल्ने आदेश, पुलस्त्य ऋषिसँगको भेट, गेरूमाटो-ले पातमा लेखेका प्रसंग, संस्कृतमा अनुवाद गराउन राजालाई गुणाढ्य-को आग्रह, ग्रन्थ समाप्त भएपछि गुणाढ्य पशुपतिको दर्शन गर्न नेपाल आएको र भृङ्गीश्वर शिवलिंगको स्थापना गरेको विवरणहरू उल्लिखित छन् । यी कथनहरूलाई ऐतिहासिक आधार र प्रमाणहरूले जोड्न सकिए धेरै तथ्यहरू उद्घाटित हुने थिए। यो विशेष अनु-सन्धानयोग्य प्रसंग छ । यस बाहेक 'रामायण' र 'महाभारत'का विविध पाठहरूलाई पन्छाउँदा १८३१ वि. सं. को भानुदत्तको 'हितोपदेश मित्रलाभ' र पछिको भवानीदत्त पाण्डेको 'मुद्रा-राक्षस' तथा 'हितो-पदेश' देखिन्छ । यसअघि १६५८ मै स्वस्थानीव्रतकथा पनि लेखिइ-सकेको थियो** । वि. सं. १८७५ देखि १८९३ बीचमा बेनामी लेखकले लेखेको 'दशकुमार-चरित्र' पनि हामीसँग छ । यी सबै संस्कृतभाषाका प्रसिद्ध पुस्तकका नेपाली अनुवाद हुन् । 'हितोपदेश

* अन्य जानकारीको निमित्त हेर्नुहोस्– कथासरित्सागर, प्रथम खण्ड वासुदेवशरण अग्रवालको भूमिका, पृ. ७, सन् १९६० ।

** इयालबाट–तृतीय संस्करण (२०२५), पृ. ३१, सम्पा.–ईश्वर बराल।

मित्रलाभ' भित्रका कथाहरूसँग मेल खाने लोकमा प्रचलित कथाहरू हामीसँग प्रशस्त भए पनि तिनको छुट्टै संकलन तथा तुलनात्मक अध्ययन भने आजसम्म सम्पन्न हुन सकेको छैन। प्रारम्भिक लिपिबद्ध नेपाली कथाहरूका विभिन्न स्रोतहरू पैल्याउँदै जाँदा हाम्रो दृष्टि संस्कृत, फारसी, उर्दू वा हिन्दीमा प्रचलित आख्यान, उपाख्यान, प्रेमाख्यान, जासूसी, तिलश्मी तथा नीति र उपदेशका पौराणिक कथाहरूमा पर्छ। वि. सं. १९४६ देखि १९६० बीचमा प्रकाशित भएका विविध पुस्तकहरूमा कतै लेखक किटिएका छैनन् त कतै प्रकाशक मात्र जनाइएका छन्। यिनीहरूमध्ये 'वीरसिक्का' (१९४६), 'नलोपाख्यान', 'स्वस्थानीव्रतकथा' (१९४८), 'तीजको कथा' (१९४८), 'प्रह्लाद-भक्तिकथा' (१९४८), वेताल-पच्चीसी' (१९५२), 'प्रेमसागर' (१९५२?), र त्यसैताक प्रकाशित 'शुक-बहत्तरी', 'वृहज्जातक भाषाटीका' र 'सिंहासन-बत्तिसी', 'सुखार्णव' (१९४८–५०) आदि कथाहरू, संस्कृत-परम्पराबाट नेपालीमा भित्रिएका हुन्। यसै गरी पर्सियन 'फिरदोशी शाहनामा' को 'गुलबकावली', फारसी 'चहार दरवेश' को अनुवाद भनिएको 'प्रेमयोगी', 'प्रेमयोगीको कथा', साथै 'हातिमताइको कथा', 'अलादिनको चिराग' आदि भने फारसी र उर्दू परम्पराका हुन्। हिन्दी तथा अन्य निकटतम भाषाबाट भित्रिएका र अन्य कथाहरूमा भने रामकृष्ण वर्माद्वारा संग्रहीत 'गोर्खा-हास्य-मंजरी' र 'लाल-हीराको कथा', 'अबोलामैयाँको कथा', 'सुनकेशरी रानीको कथा', 'वीरबल-चातुरी', 'वीरबल-कौतूहल', 'अचम्मको बच्चाको कथा', 'महाठगका कथा' हुन्। यिनीहरूमध्ये पछिल्ला चार कथाहरू वि. सं. १९७० पछि प्रकाशमा आएका हुन्। यस क्रममा हामीले 'स्वस्थानी', 'मत्स्येन्द्रनाथ', 'मधुमालती' र 'तोता-मैना' (१९७४) का कथाहरूलाई पनि पटक्क बिर्सन हुँदैन। यी कथाहरूको प्रचार र प्रसार तत्काल व्यावसायिकता, मनोरञ्जन, नैतिक शिक्षा तथा पौराणिक र धार्मिक उपदेश आदिको निमित्त गरिएका भए पनि

यिनमा रोमाञ्चकारी घटना, अतिमानवीय साहसिकता, चमत्कारी कृत्य र जादू, भेष-परिवर्तन, लोभ तथा स्वार्थ-उत्प्रेरित षड्यन्त्रहरू जस्ता लोक-कथाहरूमा उपलब्ध हुने तत्त्व पाइन्छन् । तर यिनीहरू धेरैजसो संकलित नभएर निश्चित व्यक्तिहरूबाट लिखित तथा अनूदित भएका हुनाले यिनीहरूमा लोक-कथाको जीवन-तत्त्वको अभाव खड्कन्छ । शुद्ध लोककथाको कोटिमा नपरेर पनि नेपाली लोककथाका प्रारम्भिक पुस्तकहरू औंल्याउनुपर्दा यिनीहरूमध्ये धेरैजसोको नाम हामीले लिनुपर्ने हुन्छ । किनभने यी कथाहरूले पछिका अन्य नेपाली लोक-कथाको कथावाचन-विधि, कथाको स्वरूप तथा शैली, प्रारम्भ र अन्त निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्नुको साथै गहिरो प्रभाव छोडेका छन् । यिनीहरू जे-जस्ता र जहाँबाट आएका भए पनि तत्कालीन नेपाली समाजमा लोकप्रिय र प्रसिद्ध थिए ।

दन्त्यकथाको आडमा कथा लेख्ने प्रवृत्ति एउटा छुट्टै प्रवृत्तिको रूपमा नेपाली कथाको क्षेत्रमा 'शारदा' को प्रकाशनपछि प्रचलित भएको हो । यस्ता कथाहरूमा आभिजात्य वर्गका पात्र-पात्रीहरूको महत्ता-प्रदर्शनमा विशेष जोड दिइएको छ । यिनीहरूमा माथि उल्लेख गरिएका कथाहरूको तुलनामा विशेष नेपाली वातावरणका प्रासंगिक पृष्ठभूमिहरू उत्रेको पाइन्छ । वास्तवमा हिन्दी, उर्दू, फारसी जस्ता अन्य भाषा-भाषी तथा संस्कृतबाट पैठारी गरिएको नभएर नेपाली लोकमा प्रचलित लोकप्रिय कथाहरूलाई आधार बनाएको हुनाले त्यसो भएको हो। यस्तो कथा लेख्ने विशेष लेखकहरू द्रव्यरत्न र बोधविक्रम अधिकारी हुन् । दन्त्यकथा-आश्रित कथा लेख्ने प्रवृत्तिको मूल प्रेरणा लेखकहरूले यसभन्दा अघि उल्लेख गरिएका पुस्तक तथा कथाहरूबाटै पाएको हुन सक्छ ।

आजकाल लोक-कथा तथा काव्यको आधारमा गीति-नाटिका आदि तयार गर्ने प्रचलन पनि शुरू हुन थालेको छ ।

अन्य नेपाली लोक-कथाका पुस्तकहरू धेरै नभए पनि केही छन् ।

तिनीहरूमध्ये केही हुन्–१३ वटा कथाहरू भएको बोधविक्रम अधिकारी-को 'नेपाली दन्त्यकथा' (१९९६), २७ कथाहरू भएको ललितजंग सिजापतिको 'दन्त्यकथामाला' (२००३), परस्पर सम्बन्धित नौ कथाहरू भएको सुप्रसिद्ध गोर्खादक्षिणवाहु ले. क. सुवर्णशमशेर ज.ब.रा. एम. ए. को 'दन्त्यकथा' (२००५), चाडपर्व, उत्सव, जात्रा आदिसँग सम्बन्धित २० ओटा ऐतिहासिक–सांस्कृतिक कथाहरू भएको ललित-जंग सिजापतिकै 'नेपाली ऐतिहासिक कथा-संग्रह' (२००८), गोरखा पुस्तकालय बनारसको प्रकाशन 'सुन्ने कथा प्रथम गुच्छ' (सं.?), बाबू माधवप्रसाद शर्माबाट प्रकाशित 'कथा-संग्रह' (दन्त्यकथा), शिवमणि तथा अमरमणि प्रधान लिखित 'कथा-कहानी' (१९५४ ई.) आफ्नै भाषा-मा लेखिएका ५ लामा लामा कथाहरू भएको जुजुराम कुस्लेको 'सुनौलो कथा' (२०१६), सबैंजसो पूर्वी नेपाल किरात प्रदेशतिर प्रचलित १९ कथाहरूको संग्रह ईमानसिंह चेमजोङको 'किराती दन्त्य-कथा' (२०२१), नेपाली लोक-साहित्यको परिचय प्रस्तुत गर्ने क्रममा संकलित गरिएका १३ लोक-कथाहरूसहितको लीलासिं कर्माको 'हाम्रो लोक-साहित्य' (२०२३), लेखकको आफ्नो भाषामा संग्रहीत आठ लोककथाहरू पासाङ्ग गोपर्माको 'बुहारी' (२०२४), धेरैंजसो 'ऐति-हासिक कथासंग्रह' बाटै निकालिएका उत्सव-मेलाको उत्पत्ति तथा स्थानीय देवी-देवता र स्थानसँग सम्बन्धित परिचय तथा उप-शीर्षक-सहित भएको ललितजंग सिजापतिबाट संपादित २५ कथाहरूको संग्रह 'नेपालका लोक-कथा' (२०२४), धेरैंजसो स्कूलका विद्यार्थीहरू-बाट संकलित १८ लोक-कथाहरू भएको संग्रहकर्ता करुणाकर वैद्यको 'नेपाली दन्त्यकथा संग्रह', जुम्ली नेपालीभाषामा क्षेत्रैमा संकलित बाल-कथासहित जम्मा १० कथा भएको प्रदीप रिमालको 'कर्णाली लोक-संस्कृति' खण्ड ५ (२०२८) आदि । नेपालीभाषाका उपर उल्लिखित पुस्तकहरू बाहेक अंग्रेजी, हिन्दी, रूसी आदि अन्य भाषा-हरूमा पनि नेपाली लोक-कथाहरू अनूदित र संकलित छन् । अंग्रेजी

भाषामा देखा परेका पुस्तकहरू क्रमशः Some Folk Tales of Nepal (२०२८?), १३ र २१ कथाहरू समावेश भएको केशरलालको The Seven Sisters and other Nepalese Tales (१९६७ ई.) र Lore and Legend of Nepal (१९७१ ई.) र जम्मा ११ वटा कथाहरू भएको करुणाकर वैद्यको folk Tales of Nepal (२०१८) हुन् । पछिल्ला तीन पुस्तकहरूमा काठमाडौं उपत्यकामा प्रचलित लोक-कथाहरूको बाहुल्य छ । हिन्दी भाषाको 'नेपाल की लोककथा' (द्वि. सं. १९६४ ई.) पुस्तकमा सुदूर पश्चिम नेपालतिरका १० कथाहरू संग्रहीत छन् । यसका संग्राहक डा. गोविन्द चातक हुन् जसले मूल नेपालीमा संकलित कथाहरूलाई सरल स्वाभाविक हिन्दीमा भाषान्तर गरेका छन् । रूसी भाषामा अनूदित नेपाली लोक-कथाको पुस्तक प्रकाशित भएको तथ्य प्रकाशमा आएको छ । तर उक्त पुस्तक हेर्ने सुअवसर प्राप्त भएको छैन ।* नेपाल-भ्रमणमा आउनुहुँदा उक्त पुस्तककी संपादिका एल. आगानिनाले धेरैजसो कथाहरू 'नेपालका कथा', 'किराती दन्त्यकथा', 'दन्त्यकथा' आदिबाट नै लिइएको कुरा मौखिक रूपमा मलाई बताउनुभएथ्यो । कुराकानीको सिलसिलामा उहाँले पुस्तकभित्रका चित्रहरूमा नेपालीपन नआएर चित्त नबुझेको कुरा पनि व्यक्त गर्नुभएको थियो ।

उपर उल्लिखित धेरैजसो पुस्तकहरू लोक-कथाहरू कहाँबाट प्राप्त भए भन्ने स्रोतको सम्बन्धमा स्पष्ट बताउँदैनन् । तैपनि 'नेपाली दन्त्यकथा संग्रह', 'बुहारी', 'हाम्रो लोक-साहित्य' तथा 'दन्त्यकथा' का भूमिका तथा आमुखहरूमा भने संकलित कथाहरूको सम्बन्ध खास संस्कृतिको व्यक्ति तथा स्थानसँग रहेको कुरो सामूहिक रूपमा भए पनि मोटामोटी केही मात्रामा उल्लेख गर्न खोजिएको छ । 'नेपाली दन्त्यकथा-संग्रह' का धेरैजसो कथाहरू स्कूलका विद्यार्थीहरूबाट संकलित गरिए-

*उक्त पुस्तकको भूमिकाको नेपाली अनुवाद 'गोरखापत्र'मा प्रकाशित भएको थियो ।

का छन् भने 'बुहारी' र 'हाम्रो लोक-साहित्य' का कथाहरू कोही बालककालमा पिताज्यूबाट जाडोको याममा अँगेनावरिपरि बसेर सुनेका, कोही दाईं गर्दा, मकै खोसेल्दा, बिहे-बटुलामा रातभरि बस्दा या डिल्लीबजारको सार्कीको पसलमा जुत्ता मर्मत गराउँदा सुनेका, कोही गाई-भैंसी चराउँदा, भेडाबाख्रा खर्काउँदा घाँसे, गोठाले तथा दाउरेहरूले भनेका छन् । Seven Sisters and other Nepalese Tales मा भने पुस्तकको अन्तमा कथाहरूको स्रोत भनी कथावाचकहरू प्रत्येकको सानो सानो परिचय र ठेगाना आदि जनाइएको छ । दन्त्यकथा (२००५) को भूमिकामा श्री सुवर्णशमशेरले "दन्त्यकथा अथवा विनालेखबाट पुस्तान-पुस्तानदेखि मुख-मुखै टिपेको कथाहरूको मूल्य एक देशको इतिहासमा साह्रै ठूलो छ । यस्ता साना साना कथाबाट कुनै देशको प्राचीन इतिहास पूर्ण तवरले बन्न सक्दैन तापनि यसको ठाउँ-ठाउँबाट इतिहासमा चाहिने अमूल्य टुक्काहरूको झलक प्रशस्त पाइन्छ ।" भन्दै "मैले त यो सानु पुस्तकमा सकेसम्म जस्तो सुनेको उस्तै सार्ने प्रयत्न गरेको छु"– लेख्नुभएको छ । दन्त्यकथा-संकलनको सम्बन्धमा उहाँको विचार निकै मननयोग्य छ । उहाँको विचारअनुसार "दन्त्यकथा लेख्ने माने सार्ने मानिस साह्रै नै होशियार हुनुपर्दछ। आपनो सुबिस्ताको निमित्त सुनेको कुरा जस्ताको तस्तै लेखी अथवा कुनै पहिलेका कुराहरू आफूलाई अनपत्यार भयो याने नराम्रो लाग्यो अथवा ऐलेको समाजमा नचल्ने कुरा छ भनेर अदल बदल गर्न किमार्थ हुँदैन । यसले ठूलो हानि छ । दन्त्यकथाबाट जो देशको सानो नोकरी हुन सक्तछ त्यो टुट्न जानेछ र नाक नभएको मानिस जस्तो बुच्चो हुनेछ ।"

लोक–कथा संकलनको इतिहासमा १९९९ साल महत्त्वपूर्ण छ । किनभने यसै सालतिर ने. भा. प्र. समितिले नेपालका विभिन्न भागका लोक-कथाहरूको खोजी तथा संकलन गर्न थालेको कुरा ज्ञात भएको छ । "उप्रान्त नेपालीभाषाको उन्नतिको निमित्त दन्त्यकथा संग्रह

गरी पठाउनु भन्नेसमेत बेहोराको ९९।९।२९ को दस्कत" प्राप्त छ जसमुताबिक विभिन्न स्थान तथा व्यक्तिबाट दन्त्यकथाहरू संग्रहीत गरिएका रहेछन् भन्ने बुझिन्छ । यिनीहरूमध्ये बाटुलेचौर पाठशालाका पं. जीवनाथ पराजुलीको दन्त्यकथा ५ भएको किताब, तेह्रथुम पाठशालाका पं. अनन्तरामको संग्रह, धनकुटा गौंडाबाट दिइएको आडरबमोजिम धनकुटा पाठशालाबाट जाहेर गरिएको कुसुमाकर उपाध्याय वाग्लेको 'दन्त्यकथा' को कापी र प. ३ नं. स्याङजाका पण्डित रामनाथ शर्मा खनालको तीन वटा कथाहरू भएको संग्रहहरू फेला परेका छन् । पं. रामनाथले 'जरिमाना' हुने डरले कथा संग्रह गरी पठाएको कुरा आफ्नो शुरूको श्लोकबाट स्पष्ट गरेका छन् । 'जरिमाना' शब्दको चाखलाग्दो प्रयोगबाट दन्त्यकथा संग्रह गर्ने काम निकै मेहनतसाथ गर्न लगाइएको थियो भन्ने कुरालाई ठूलो टेवा मिलेको छ । यसरी विभिन्न स्थानका विभिन्न व्यक्तिहरूबाट संग्रह गरी पठाइएका दन्त्यकथाहरूको छनोट समावेश भई ललितजंग सिजापतिको 'दन्त्यकथा-माला' बन्न गएको कुरा उक्त पुस्तकको भूमिकाबाट प्रस्टिन्छ । उहाँ लेख्नुहुन्छ "....पछि ने. भा. प्र. समितिले पहाडका जिल्लाहरूमा ज्यादा चलेका लोकप्रिय दन्त्यकथाहरूको संग्रह गऱ्यो र तीमध्येका राम्रा–राम्रा कथाहरू छानेर संकलन गर्ने अभिभारा मैले पाएँ ।" तत्कालीन शिक्षा विभागका डाइरेक्टर शारदाशमशेरको निगाहबाट प्राप्त अभिभारा पूर्ण गर्दा यस पुस्तकमा उहाँको नाम पर्न गएको तथ्य उहाँले स्पष्ट गर्नुभएको छ ।" *

लोक-कथाको संकलन तथा प्रकाशन-कार्यको क्रममा नेपाली पत्र-पत्रिकाको विशेष गरी 'शारदा', 'डाँफेचरी', 'रूपरेखा', 'हिमानी',

* विशेष जानकारीको निमित्त कमल दीक्षितज्यूको 'कुन्नि !' निबन्ध पढ्नुहुन अनुरोध गरिन्छ, जुन 'पर्खंदै बित्ला कि!' २०२६ को पृ. ४१ मा छ।

'गोरखापत्र', 'हाम्रो संस्कृति' को स्थान महत्त्वपूर्ण छ। यह प्रसंगमा श्री ५ को सरकार संस्कृति विभागबाट प्रकाशित 'हाम्रो संस्कृति' पत्रिकाका लोककथा-विशेषांकहरू क्रमशः पहिलो माला (२०२७ जेठ, कथा-संख्या ५१), दोस्रो माला (२०२७ पौष, कथा-संख्या२६), तेस्रो माला (२०२८ जेठ, कथा-संख्या ५२), चौथो माला (२०२८ पौष, कथा-संख्या २७) विशेष उल्लेखनीय छन् । विशेषांकका सबै मालाका कथाहरू खास क्षेत्रमा गई संकलित गरिएकोले प्रत्येक कथा कसबाट संकलन गरिएको हो उसको नाम र स्थान समेत दिइएको छ । लोक-कथाहरूको संकलन गर्दा लोकको अभिव्यक्ति तथा अनुभूति-लाई खण्डित, आन्दोलित हुनु र बिटुलिनुबाट जोगाउन कथावाचकको भाषालाई सकेसम्म यथावत् कायम राख्नु राम्रो हुन्छ । त्यसैले लोक-कथा खास क्षेत्रमा गएर खास व्यक्तिहरूबाट संकलन गर्नु राम्रो हो। लोक-कथाको वैज्ञानिक अध्ययनको निमित्त कथावाचकको नाम र स्थानको साथै सामाजिक-सांस्कृतिक स्तर तथा सम्बद्ध पृष्ठभूमि अति आवश्यक मानिन्छ । अतः उल्लेख गरिएका माथिका सबै पुस्तकका सबै कथाहरू विशेष प्रासंगिक पृष्ठभूमि र स्रोतको अभावमा विशेष अध्ययन तथा विश्लेषणको निमित्त उपयुक्त तथ्यांक प्रमाणित नभए पनि ती नेपाली लोक-कथाको परिचयात्मक रूपरेखा, मोटामोटी वर्गीकरण तथा सरदर अध्ययनका निमित्त भने सहायक नै सिद्ध छन् । त्यसैले संकलन गर्ने उपयुक्त वैज्ञानिक साधनको अभाव, कार्य-क्षेत्रमा जाने आर्थिक भार, प्राविधिक कठिनाइ, विषयगत सैद्धान्तिक ज्ञानको कमी आदिको स्वीकृत सीमारेखाभित्र बसेर हेर्दा ती विभिन्न व्यक्ति, पत्रिका तथा संस्थानहरूले जे-जति र जसरी लोक-कथाहरूको संकलन तथा प्रकाशन गरेका छन् त्यसको निमित्त उनीहरू अवश्य नै धन्यवादका पात्र छन् । नेपाली लोक-कथाको प्रचार, प्रसार तथा लिपिबद्धतामा उनीहरूका पसीना र प्रयत्नहरू वन्दनीय नै मान्नुपर्दछ।

लेखको प्रसंगमा माथि उल्लिखित विभिन्न पुस्तकभित्रका, केही

आफूलाई थाहा भएका, केही मैंबाट संकलित अन्य नेपाली र धिमाल लोक-कथाहरूको चर्चा तुलना तथा उल्लेख गरिएको भए पनि प्रस्तुत सर्वेक्षण मेरै संपादनमा ने. रा. प्र. प्र. बाट प्रकाशित 'नेपाली लोककथा' भित्रका नेपाल अधिराज्यका विभिन्न जाति र स्थानमा प्रचलित १२२ वटा लोककथाहरूमा बेसी आधारित र केन्द्रित छन्। त्यस संग्रहभित्र परेका कति कथाहरूका मिल्दा-जुल्दा पाठ अघि पनि प्रकाशित भइसकेका छन्। तिनीहरूमध्ये कति 'हाम्रो संस्कृति' पत्रिकाका लोककथा-विशेषांकहरू, 'लोक-साहित्य', 'नेपाली दन्त्यकथा' आदिमा छन् । लोककथाका विभिन्न पाठहरू उत्तिकै महत्त्वपूर्ण हुन्छन् र समय-समयमा तिनीहरूको संकलन तथा अध्ययन भइरहनुपर्छ भन्ने उपर उल्लिखित तथ्यलाई ध्यानमा राखिएको छ । ती कथाहरूमध्ये केही खास स्थानमा गई खास व्यक्तिहरू-बाट संकलित गरिएका छन् भने केही शहर बजारका अपेक्षाकृत शिक्षित साहित्यिक व्यक्तिहरूबाट लेखिएका र संकलित गरिएका छन् । कथाको चयन र सम्पादनमा कथाको स्वरूपलाई मात्र ध्यान नदिई कथाको विषय तथा वस्तुलाई पनि महत्त्व दिइएको छ । कथामा प्रयुक्त स्थानीय बोली, स्थानीय शब्दहरू र वाक्य-विन्यासलाई पनि यथावत् राखी सकभर लोकको अभिव्यक्तिलाई बिटुलिनुबाट जोगाइएको छ। तिनीहरूको प्रासंगिक पृष्ठभूमि थोर-वहुत ज्ञात भए पनि सबैको यथास्थान उल्लेख गर्न भने खोजेर पनि संभव हुन सकेन। किनभने यसले एकातिर पुस्तकको आकृति बढाउने भयो भने अर्कोतिर ती कथाहरूमध्ये कति कथा मैंले त्यस पुस्तकको सम्पादनमा हात हाल्नुभन्दा निकै अघि २०२० साल-देखि नै संकलन गरिएका थिए। प्रस्तुत लेखको उद्देश्य वैज्ञानिक विश्लेषण या व्याख्याभन्दा बेसी वर्गीकृत सर्वेक्षण रहेको छ। वर्गीकरणको क्रममा कथाको चयन गर्दा कथाको रूप, शैली तथा विषयवस्तुलाई मात्र ध्यान नदिई सांस्कृतिक मूल्य र सामाजिक महत्त्वलाई पनि मध्यनजरमा राखिएको छ। संकलित कथाहरूको अनुक्रमणिका आर्ने-थोमसनको स्वीकृत अन्तरराष्ट्रिय विधि कथाप्रकार या कथामानक, लोक-अभिप्राय या

रूढकथातन्तु अथवा अक्षर-कथाको आधारमा तयार गरी चर्चा या प्रस्तुत गर्न सकिएको भए बेस हुने थियो, तर चाहिएजति मात्रामा चाहिएजस्तो ढङ्गले कथाहरूको संकलन नभइसकेको र समयमा आवश्यक सहायक पुस्तक उपलब्ध हुन नसकेकोले त्यो संभव भएन । तैपनि आवश्यक स्थानमा ती विद्वान्हरूबाट अपनाइएको वर्गीकरण-पद्धतिको भने चर्चा गरिएकै छ ।

नेपाली लोक-कथाको वर्गीकरणको क्रममा लोक-कथा-वर्गीकरणका केही प्रारम्भिक आधारहरू र प्रचलित मान्यताहरूको चर्चा गर्नु आवश्यक र प्रासंगिक हुन्छ । लोक-कथाहरूको वर्गीकरण गर्दा साहित्यिक, सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक दृष्टिकोणअनुसार मूलरूप, विषयवस्तु, उद्देश्य, अभिव्यक्ति-प्रणाली तथा प्रतीकलाई क्रमशः प्राथमिकता दिने गरिन्छ । तर कथाहरूको असंख्यता, वस्तु-विषयको विविधता, उत्पत्तिको अनेकताले गर्दा लोक-कथाको वर्गीकरणकार्य अत्यन्त कठिन अनुभव हुन्छ । मानव-हृदय तथा मनका अगणित अनुभूति, अनुभव तथा मानव-कल्पनाहरू र मानव-समाजमा प्रचलित विश्वास, रीति-रिवाजहरू सब लोक-कथाको विषय-क्षेत्रभित्र पर्दछन् । ती विविध ढङ्गमा लोक-कथामा अंकित तथा अभिव्यक्त हुन्छन् । अतः लोक-कथाको क्षेत्र अत्यन्त व्यापक र विविधतापूर्ण हुन्छ जसलाई कुनै एक मात्र निश्चित आधार या कसीले बाँध्नु गाह्रो पर्छ । त्यसैले ती कति प्रकारका, कति वर्गका हुन्छन् निश्चित रूपले औंल्याउन या ठम्याउन निकै मुश्किल हुन्छ। विश्वका अन्य मुलुक र राष्ट्रहरूमा भैं हामीकहाँ पनि विविध रूप, विधा, उद्देश्य, स्थान, काल, परिस्थिति, सामाजिक-सांस्कृतिक समूहअनुरूपका लोक-कथाहरू उपलब्ध र प्रचलित छन् । तिनीहरूको खास वर्ग वा खास समूहलाई लक्ष्य गरेर यदाकदा पढे-लेखेका शिक्षितहरू दन्त्यकथा, किम्वदन्ती, पौराणिक कथा, जनश्रुति, आख्यान, उपाख्यान, परीकथा, वीरकथा, नीतिकथा आदि भन्ने गर्दछन् । यूरोपतिरका लोकवार्ताकारहरू पनि Marchen (लोककथा), Sagen

(वीरकथा), Legends (गाथाहरू), Traditions (परम्परागत कथाहरू), Myths (पौराणिक कथाहरू), Fables (नीतिकथाहरू) आदि शब्दहरू पारिभाषिक रूपमा अर्थ-स्थिरताको मात्रागत भिन्नतासहित प्रयोग गर्दछन्। यथार्थमा कथाहरूमा देखा पर्ने कथा-रूप-भेद औंल्याउने र स्थिर गर्ने सम्बन्धमा केही शब्दावलीको प्रयोग गर्नु सजिलो भए पनि याद राख्नुपर्ने कुरा के छ भने ती वर्गीकृत रूप फितला छन् र केही हदमा ती भिन्न भिन्न देश तथा भिन्न सांस्कृतिक समूहमा भिन्ना-भिन्नै अर्थ राख्छन्।* किनभने यी शब्दहरू कुनै एक देशको लोककथाको खास परम्परा र स्वरूप लिएर अन्य देशमा प्रचलित हुन सकेका छैनन्। साधारणतया कथावाचकको यस्तो भिन्नता या वर्ग-भेदसँग केही खास मतलब रहँदैन। निश्चय नै गाउँघरका हाम्रा परम्परागत कथावाचकहरू हामीले स्थापित गरेको कथावर्गलाई स्वीकार गरिहाले पनि चिन्दैनन्; फेरि न कथावाचकले कथाको वर्ग नचिनेर कथावाचक या कथाको उपादेयता र महत्त्वमा कुनै कमी नै आउँदछ। तर लोक-साहित्यका विद्यार्थीहरू, विशेषतः लोक-कथाका अध्येता, व्याख्याता, विश्लेषकहरूको लागि भने लोक-कथाको वर्ग-भेद अनिवार्य रूपमा आवश्यक हुन्छ। हुन त लोक-कथाको वर्गीकरण नै लोक-कथाको अध्ययनको समाप्ति या अन्त होइन, तर पनि लोक-कथाको संकलन र वर्गीकरणले विश्लेषण र व्याख्याको निमित्त उपयुक्त माध्यम र आवश्यक खुट्किलाहरू प्रदान गर्दछ। एतदर्थ अप्ठचारो, गाह्रो भए पनि वर्गीकरणकार्य सम्पन्न गर्नु लोककथाविद्हरूको कर्तव्य हो।

लोक-कथाहरूको वैज्ञानिक वर्गीकरणको समस्या एकदेशीय नभएर सार्वभौमिक सर्वदेशीय समस्या हो। तथापि राष्ट्रका लोकवार्ताविद्-हरूले आफ्नो आफ्नो भाषा तथा क्षेत्रका लोक-कथाहरू को वर्गीकरणलाई वैज्ञानिक बनाउन सक्दो प्रयत्न गरेका छन्। लोक-कथाको वर्गीकरणको

* Standard Dictionary of Folklore, Mythology and Legend, Vol. V. p. 409. Thompson

विषयमा संसारभरिका विद्वान्हरूले अपनाई आएको विधि एउटै छैन । देश-काल-संस्कृति-सापेक्ष हुने हुनाले लोक-कथाको वर्गीकरणको आधार, विधि र पद्धतिहरू पनि सोहीअनुसार भिन्न भिन्न छन् । पूर्व र पश्चिमको मात्र होइन एउटै देश र एउटै संस्कृतिका विद्वान्हरूको श्रेणी-विभाजन-पद्धति पनि एक-अर्कोसँग मेल नखाने हुन सक्तछ, तैपनि धेरैजसो विद्वान्हरूले कथाको स्वरूप, शैली, विषय, पात्र, पात्रको प्रवृत्ति र प्रकृति, उद्देश्य आदिलाई वर्गीकरण गर्दा ध्यानमा राख्ने गर्दछन् ।

साधारणतया प्रायोगिक भेदले कथाहरू अभिनयात्मक र वर्णनात्मक दुई प्रकारका हुन्छन् । अभिनयात्मक कथाहरू अभिनयसहित भनिने हुनाले ती लोकगीति-नाट्य, लोक-नाट्य तथा बाल-बालिकाहरूसँग सम्बन्धित छन् । वर्णनात्मक कथाहरूमा अभिनयविना सीधा विवरण-हरू हुन्छन् । वर्णनात्मक कथाहरू पनि भनिने र गाइने गरी दुई उपवर्गमा विभाजित हुन सक्दछन् । गाइने कथाअन्तर्गत लोक-गीतिकथा या लोक-गाथाहरू पर्दछन् । गाइने कथा पद्यमा हुन्छ भने भनिने कथा विशेषतः गद्यमा हुने गर्छ । कुनै कुनै कथामा गद्य-पद्यको मिश्रित स्वरूप पनि पाइने गर्छ । यसै गरी प्रचार-प्रसारको तथा उमेर-भेद, लिंग-भेदको आधारमा पनि कथाहरू वर्गीकृत हुन सक्दछन् । तर यस्तो वर्गीकरण-पद्धतिले लोक-कथाको विविधता तथा सम्पूर्णताको बढी प्रतिशत भेट्न मुश्किल पर्दछ । उद्देश्यको दृष्टिकोणले लोक-कथाको मुख्यतया तीन वर्ग हुन्छ– (१) मनोरञ्जनात्मक, (२) उपदेशात्मक र (३) व्याख्यात्मक, जो क्रमशः मनोरञ्जनात्मक तत्त्व, उपदेशात्मक तत्त्व र धार्मिक तत्त्वले युक्त हुन्छन् ।* यी तीन वर्गहरूअन्तर्गत मोटामोटी सबैजसो लोक-कथाहरूको समावेश हुन सक्दछ । तर यो विभाजन केही वैज्ञानिक हुँदा हुँदै पनि अत्यन्त संक्षिप्त छ । अतः विषयगत स्पष्टता, नेपाली लोक-कथाको वर्गीकरणको सुगमता र

* डाक्टर यादव : हरियाना प्रदेश का लोकसाहित्य, पृ. ३५१.

उपयुक्त आधारहरू केलाउनको निमित्त सम्बन्धित क्षेत्रका विद्वान्हरू-को श्रेणी-विभाजन-पद्धतिहरूसँग परिचित हुनु जाती हुन्छ ।

यस प्रसंगमा 'फोकलोर सोसाइटी अफ इङल्याण्ड' का संस्थापक सर जर्ज लरेन्स गोमे, फिनेली विद्वान् एण्टी आर्ने, अमेरिकी प्रख्यात लोक-कथाविद् स्टिथ थोमसन, बी. ए. बुटकिन, रूसी विद्वान् आन्द्रेयेव अफनासियव, सलकव, भ्लादमिर आइकोभ्लेभिच प्रोप, अंग्रेजी लोक-वार्ताविदुषी सी. एस. बर्न, इ. एच. हार्टल्याण्ड, एण्ड्रु ल्याङ्ग, जर्मनेली ग्रीमबन्धुहरू, जापानी कथाविद् प्रो. कुमियो यानागिता, भारतीय लोकवार्ताविद् डा. सत्येन्द्र, डा. कृष्णदेव उपाध्याय, डा. दिनेशचन्द्र सेन र संस्कृत-साहित्यका आचार्यहरू श्रद्धेय आनन्दवर्धन, हरिभद्र, हेमचन्द्र, अभिनव गुप्त आदिको नाम उल्लेखनीय छ । तर यहाँ केही विद्वान्हरूको वर्गीकरणविधि मात्र प्रस्तुत गरिन्छ । कालक्रम र स्थानभेदले यिनीहरूलाई प्राचीन र नवीन, प्राच्य र पाश्चात्य स्थूल वर्ग, उपवर्गभित्र पारिएको छ ।

प्राचीन वर्गीकरण

प्राचीन संस्कृत-साहित्यका आचार्यहरूले कथा-साहित्यलाई प्रारम्भ-मा मूलतः दुई भागमा विभाजित गरेका छन्—

(क) कथा र (ख) आख्यायिका ।

कल्पनाको अधिकता भएको कवि-कल्पना-प्रसूत कहानीलाई कथा भनिएको छ । वाणभट्टको 'कादम्बरी' र दण्डीको 'दशकुमारचरित्र' यसका उदाहरण हुन् । आख्यायिका भने ऐतिहासिक इतिवृत्तमा आधारित भएर इतिहासलाई नै लिएर अघि बढ्छ । त्यसैले त्यसको घटना इतिहास र सत्यसँग सम्बन्धित हुन्छ । वाणभट्टकै 'हर्षचरित्र' आख्यायिकाको उत्कृष्ट आदर्शको रूपमा प्रस्तुत गरिन्छ ।

आनन्दवर्धनको वर्गीकरण

प्रसिद्ध ध्वनिशास्त्री आनन्दवर्धनले कथाका तीन भेद मानेका छन्—

(क) परीकथा (ख) सकलकथा औ (ग) खण्डकथा ।

इतिवृत्त-निबद्ध परीकथामा रस-परिपाकको निमित्त विशेष स्थान रहँदैन, सुप्रसिद्ध काश्मीरी पण्डित अभिनव गुप्तको मतअनुसार बरु वर्णनको विचित्रता भने रहन्छ । सकलकथामा बीजदेखि फलपर्यन्त सम्पूर्ण कथा समाविष्ट हुन्छ । हेमचन्द्रले सकलकथालाई 'चरित्र' नाम दिन रुचाउँदै 'समरादित्य' कथाको उदाहरण प्रस्तुत गरेका छन् जसअनुसार सकलकथामा कथानायकको जन्मकालदेखि देहावसानसम्म-का सबैजसो घटनाको वर्णन तथा विवरण उपलब्ध हुन्छ । खण्डकथा भने एकदेशप्रधान हुन्छ ।

हरिभद्रको वर्गीकरण

आनन्दवर्धनको अतिरिक्त हरिभद्रले पनि कथाको वर्गीकरण गरेका छन् । उनको वर्गीकरणलाई डा. उपाध्याय, डा. रोहतगी एवं अन्य लोक-साहित्यका भारतीय विद्वान्हरूले नवीन र मौलिक मानेका छन् । उनले कथालाई चार भागमा बाँडेका छन्–

(क) अर्थकथा, (ख) कामकथा, (ग) धर्मकथा र (घ) संकीर्ण कथा ।

अर्थकथामा धन-प्राप्तिको उद्देश्य प्रमुख हुन्छ भने कामकथामा प्रेम-वर्णनको अधिकता रहन्छ । हरिभद्रको विचारअनुसार कामकथा-वर्गका कथाहरू अधिक संख्यामा उपलब्ध छन् । धर्मकथाको सम्बन्ध धार्मिक आख्यानहरूसँग बेसी हुन्छ । यस्तो कथा रुचाउने व्यक्ति श्रेष्ठ या धार्मिक मानिन्छ, तर दुवै लोकको इच्छा राख्ने संकीर्ण कथाका प्रेमीहरू भने मध्यम ठहरिन्छन् ।

कथासाहित्यलाई ध्यानमा राखेर गरिएका यी माथिका वर्गीकरण-हरू लोक-कथाको व्याप्ति र विविधतालाई औंल्याउन समर्थ छैनन् । उल्लिखित आचार्यहरूले लोक-कथालाई आजको पारिभाषिक अर्थमा ग्रहण गरेका थिएनन्, त्यसैले उनीहरूको श्रेणी-विभाजनविधि विशेषतः लिखित परम्परामा उपलब्ध सामग्रीहरूमा आधारित छ । वास्तवमा

छुट्टै लोककथालाई मात्र ध्यानमा राखी गरिएका वर्गीकरण यी होइनन्। तैपनि नेपाली लोककथावर्गीकरणको क्रममा यिनीहरू उल्लेखयोग्य छन्, किनभने ती एकातिर नेपाली लोक-कथाको परिप्रेक्ष्यमा हामीलाई कथाको परम्परा, विविध रूप र तिनको विकास-क्रमसँग परिचित हुन सहायक छन् भने अर्कोतिर लोक-कथाको विशेषवर्ग वा खास समूह-लाई जनाउन आवश्यक समर्थ शब्दहरू उपलब्ध गराउँछन्। अंग्रेजीमा प्रचलित लिजेण्ड (Legend) शब्दको नेपाली पर्यायवाची शब्दको रूपमा हामी यदाकदा किम्बदन्ती शब्दको प्रयोग गर्दछौं। तर यस प्रसंगमा आख्यायिका शब्द पनि विचारणीय छ। यसै गरी मार्खें र सागालाई जनाउँदा हामी परीकथा र सकलकथा या चरितकथा शब्दहरू उपयोग गर्न सक्दछौं। माथिका वर्गीकरणहरूमध्ये हरिभद्राचार्य को वर्गीकरण तुलनात्मक रूपमा केही वैज्ञानिक, मौलिक र व्यापक देखिन्छ। उनको पद्धति हिन्दू धार्मिक विश्वास, सामाजिक आदर्श र दर्शनबाट निर्देशित छ। धर्म, अर्थ, काम र मोक्षको उद्देश्य या अभि-प्रायलाई उनले कथाको उद्देश्यसँग जोड्न खोजेका छन्। लोक-कथाका खास उद्देश्यहरूमा उपदेश दिनु, मनोरञ्जन गर्नु, धार्मिक तत्त्वको व्याख्या गर्नु नै महत्त्वपूर्ण मानिएका छन्। उनको वर्गीकरणअन्तर्गत धेरैजसो लोककथा समाविष्ट हुन सक्तछन्। तर उद्देश्यको दृष्टिकोणले गरिएको वर्गीकरण झैं लिखित परम्पराको आधारमा कथा-विभेद जनाउने यो वर्गीकरण पनि मौखिक परम्परामा प्रसारित, गतिशील जीवित लोककथाको विविधता र व्याप्तिलाई समेट्न अति संक्षिप्त र अत्यन्त साँगुरो छ। यो वर्गीकरणले कथाको स्वरूपलाई पूर्ण बेवास्ता नगरे पनि उति वास्ता गरेको पाइँदैन।

नवीन वर्गीकरण

प्राचीन वर्गीकरणदेखि बाहेक पूर्व र पश्चिमका अन्य आधुनिक विद्वान्हरूबाट पनि लोककथाको वर्गीकरण प्रस्तुत गरिएको छ।

नवीन वर्गलाई पनि स्थानभेदले (क) पाश्चात्य र (ख) प्राच्य भनी दुई उपवर्गमा विभाजित गर्न सकिन्छ । कालक्रमलाई ध्यानमा राखी पहिले हामी पाश्चात्य वर्गीकरणको चर्चा गर्दछौं ।

(क) पाश्चात्य वर्गीकरण

जर्ज गोमेको वर्गीकरण

लोक-वार्ताको वस्तुले ऐतिहासिक तथ्य स्थापित हुन सक्छ भन्ने ग्रीमबन्धुहरूबाट प्रतिपादित सिद्धान्तका व्याख्याता Folklore as Historical Science (इ. १९०८) पुस्तकका लेखक ख्यातिप्राप्त अंग्रेज लोकवार्ताविद् सर जर्ज लरेन्स गोमेले समस्त कथालाई चार भागमा वर्गीकृत गरेका छन् ।

१. शुद्ध कथा (Folk tales) २. वीरगाथा (Hero tales) ३. वीरगाथा-गीतिकाव्य (Ballads) ४. स्थानविशेषसँग सम्बन्धित किम्वदन्ती या जनश्रुति (Place Legend)

सी. एस. बर्नको वर्गीकरण

सी. एस. बर्नले The Handbook of Folklore (ई. १९१४) नामक पुस्तकको कथा-अध्याय (पृ. २६२) मा परम्परागत कथालाई मोटामोटी रूपमा 'सत्य रूपमा भनिने' र 'मनोरञ्जनको निमित्त भनिने' गरी दुई समूहभित्र पारेकी छन् । उनको यो वर्गीकरण संस्कृतका प्राचीन आचार्यहरूले गरेको वर्गीकरण कथा र आख्यायिकासँग मेल खान्छ । उनले सत्य रूपमा भनिने कथा (Myths, Legends, Hero tales, Saga) हरू र मनोरञ्जनको निमित्त भनिने कथाहरू (Marchen (Nursery tales, Fairy tales, Folk tales), Beast tale (पशुकथा, Drolls (लघुच्छन्द हास्यकथा) Cummulative tales (क्रमसंवर्धित कथा) Apologues (उक्तिप्रमाणकथा) मा उपविभक्त गरेकी छन् । उनको विचारअनुसार पौराणिक कथाहरू (Myths)

कारण निर्देशन गर्ने खालका हुन्छन् । दृढ विश्वासका साथ भनिने यस्ता कथाहरूमा कथावाचकहरूले सत्य ठानेर विश्व-ब्रह्माण्डको अस्तित्व, जीवन र मृत्यु, मान्छे र पशु, विभिन्न जाति र थरको उत्पत्तिको कारण, लोग्नेमान्छे र स्वास्नीमान्छेका विभिन्न पेशा, पवित्र अनुष्ठान तथा पैतृक संस्कार र यस्तै अन्य रहस्यात्मक तथ्यहरूको विवरण प्रस्तुत गरेको हुन्छन् ।

श्रीमती बर्नको विचारमा अन्य चीजको व्याख्या नगरी घटित घटनाका विश्वस्त साधारण सत्य विवरणहरू दिने कथा किम्वदन्ती या आख्यायिका (Legend) हुन् । यस्ता कथाहरू प्रायशः जलप्लावन, प्रवास-गमन, वहादुरी, लडाइँ, विजय, पुल तथा शहर-निर्माणहरूका विषयहरूमा हुन्छन् । ती कथा देश-विदेशका व्यक्ति वा वस्तुको विषयमा पनि हुन सक्तछन् । यस्ता कथाहरूलाई श्रीमती बर्नले दुई भागमा बाँड्न खोजेकी छन् ।

अन्य वस्तुको अस्तित्व स्वीकृत गराउन प्रस्तुत नगरिएका, तर आपनो अस्तित्व निश्चित रूपमा स्वीकृत भएका वीर नायकहरूको कथा वीरगाथा (Hero tales) हो भनी अलग्याएकी छन् । प्रायः ऐतिहासिक अस्तित्व भएको पात्रको वीरतापूर्ण अभियान, शौर्य तथा जीवनको क्रमबद्ध विस्तृत विवरणसहितको कथाले भने Saga (सकल-कथा या चरितकथा) को रूप लिन्छ । तर वीरकथा (Hero tales) र वीरचरितकथा (Saga) मा खास रूपले भिन्नता छुट्याउन नसकिने कुरो उनी आफैले स्वीकारेकी छन् ।

मनोरञ्जनको निमित्त भनिने लोककथा परीकथा (Marchen) सत्यरूपमा भनिने कथाहरूमन्दा भिन्न हुनाका खास तीन कारणहरू छन् । प्रथमतः निश्चिततासाथ नभनिने यी कथाका पात्रहरू अज्ञात र अपरिचित हुन्छन्, द्वितीयतः उनीहरूको खास समय र स्थान हुँदैन, तृतीयतः कथाको आफ्नो निश्चित विषय-वस्तु हुन्छ, अतः कथावस्तु

स्वाभाविक निष्कर्षको निमित्त बुनिन्छन् । तर वीरकथा या वीरचरितकथामा भने माथि भनिएझैं नायकका सिलसिलाबद्ध पराक्रमहरूका सीधा विवरणहरू प्रस्तुत गरिएका हुन्छन् । तिनीहरूको अस्तित्व क्रमशः ऐतिहासिक रूपमा स्वीकृत हुन्छ । अतः उनीहरूको खास समय र स्थान हुन्छ । यति हुँदा हुँदै पनि मनोरञ्जनात्मक कथाहरू मानवजातिको सामाजिक इतिहासको अध्ययन र निर्माणको निम्ति महत्त्वपूर्ण नै मानिन्छन् ।

पशुकथा (Beast tales) का पात्रहरू पञ्चतन्त्रका झैं पशु-पक्षी हुन्छन् जो मान्छे झैं कार्य गर्छन् र मान्छेकै भाषा बोल्छन् । जंगली अवस्थामा मान्छेले व्यक्ति तथा वस्तुको प्रकार र भिन्नतालाई छुट्याउन नसकेको तथा पशुपक्षीको स्वभाव स्थिर गरी प्रतिनिधित्व गरेको तथ्य यस्ता कथामा प्रतिबिम्बित हुन्छ ।

लघुच्छन्द कथाहरू (Drolls) हँस्यौलीले पूर्ण हुन्छन् । लाटा र मूर्ख पात्रहरूको गल्ती तथा हास्यपूर्ण क्रिया-कलापहरू यी कथाका मल विषय या कथावस्तु हुन् । उनको विचारअनुसार अन्य कथाको तुलनामा यी कथाहरू विशेष प्रचलित र लोकप्रिय छन् ।

क्रमसंवर्धित कथाहरू (Cummulative tales) विषयले होइन कथाको शैली या रूपले गर्दा अन्य कथादेखि भिन्न हुन्छन् । यस्ता कथामा विवरणको प्रत्येक चरणमा विगत घटनाहरू चरमसीमामा नपुगुञ्जेल दोहरिने गर्छन् ।

उक्तिप्रमाणकथा (Apologues) भने निश्चित या सचेत उद्देश्य या उपदेश भएका उक्ति प्रमाणित गरिएका कथाहरू हुन् । अतः उक्त कथाहरू कुनै उखान या उक्तिलाई चरितार्थ गर्न भनिन्छन् ।

एण्टी आर्नेको वर्गीकरण

लोककथाको क्षेत्रमा विशेष चर्चित वर्गीकरण फिनिश विद्वान्

एण्टी आर्नेको छ । उनले तयार गरेको अनुक्रमणिकाले अन्तरराष्ट्रिय स्वीकृति प्राप्त गरेको छ । आर्नेले समस्त कथा-भण्डारलाई तीन प्रमुख विभागमा वर्गीकृत गरेका छन् जसले वस्तु-विषयका तीन आधारभूत वर्गको मात्र होइन कथाका आधारभूत तीन रूपको पनि प्रतिनिधित्व गर्दछ । यी तीन मुख्य प्रकार हुन्–

(१) पशुपक्षी-कथा (Animal tales) (२) शुद्ध कथा (Folk tales) (३) हँस्यौली तथा चुट्किला लघुकथा (Jokes and Anecdotes)

आर्नेले शुद्ध कथाहरूलाई अन्य चार वर्गमा उपविभाजित गरेका छन्– (२ क) जादूका कथाहरू (२ ख) प्रख्यात ऐतिहासिक कथाहरू (Legendry tales) (२ ग) मूर्ख शैतानका कथाहरू (२ घ) प्रेमपरक स्वच्छन्द कथाहरू (Romantic tales) ।

एण्टी आर्नेले वर्गीकरणको क्रममा तीन सय कथारूपलाई पशुपक्षीका कथाअन्तर्गत, नौ सय कथारूपलाई शुद्धकथाअन्तर्गत र बाह्र सय कथारूपलाई लघुकथा तथा परिहासकथाअन्तर्गत समाविष्ट गरेका छन् । उनको अनुक्रमणिकामा कथाको वस्तुविषयका २००० भन्दा बढी नमूनाहरू समाविष्ट भए पनि वास्तविक संख्या ५४० भन्दा बेसी नभएको तथ्य विद्वान्हरूले जनाएका छन् ।*

स्टिथ थोमसनको वर्गीकरण

थोमसनले लोककथा (Marchen), वीरचरितकथा (Sagen) वीरकथा (Legends), परम्परागत कथा (Traditions), नीतिकथा या पञ्चतन्त्रीय कथा (Fables), पशुपक्षीकथा कथा (Animal tales), पौराणिक कथा (Myths) आदिको नाम उल्लेख गर्दै लोक-कथालाई स्वरूपको आधारमा मुख्यतया पाँच खण्डमा विभाजित गरेका छन् ।

*रूसी लोक-साहित्य, पृ. २०५, १९६७, डाक्टर केशरीनारायण शुक्ल ।

(१) किम्वदन्ती तथा परम्परागत कथाहरू (Legend and Traditions)– कोही कोही लेखकहरू किम्वदन्ती र परम्परागत कथाहरूमा भिन्नता देखाउन खोज्छन्, तर साहित्यिक परीक्षण गर्दा थोमसनको विचारमा अंग्रेजीमा यस्ता प्रयोगहरू अन्योलग्रस्त छन् । जर्मनेली शब्द Sagen को अर्थ दिने अंग्रेजी पर्यायवाची शब्द कुनै छैन । त्यसैले त्यो अर्थ दिन अंग्रेजी लेखकहरू "Legend and Traditions भनी संयुक्त शब्द प्रयोगमा ल्याउँछन् । यस वर्गअन्तर्गत सृष्टि–उत्पत्तिविषयक व्याख्यात्मक जनश्रुतिहरू, परी, बाउन्ने, भूत, प्रेत आदि अतिमानवीय प्राणीहरू र ऐतिहासिक अर्ध ऐतिहासिक स्थानीय पात्रहरूसँग सम्बन्धित कथाहरू पर्दछन् । किम्वदन्ती या परम्परागत कथाहरू कथावाचकले सदा-सर्वदा सत्य घटनाको रूपमा विश्वास गरेर भन्दछन् । कुनै खास समय तथा स्थानसँग सम्बन्धित यी कथाहरूका विवरणहरू केही बदलिन सक्छन्, तर ती विश्वसनीय नै रहन्छन् ।

(२) परीकथा (Fairy Tales)– जर्मनेली शब्द मार्खे (Marchen) को अनुवाद बहुधा अंग्रेजीमा परीकथा (Fairy Tales) भनेर गर्ने गरिन्छ । यस्ता कथा कल्पना-तत्त्वमा आधारित हुन्छन् । त्यसैले ती किम्वदन्ती या परम्परागत कथाहरूदेखि भिन्न छन् ।

(३) पशुपक्षीका कथा (Animal tales)– संसारका प्रायः सबै मान्छेहरू पशुपक्षीको साहसिक अभियान तथा बहादुरीका लघुकथाहरू भन्दछन् । यी कथाहरूमा पशुपक्षीका स्वभावहरू मानवीय पृष्ठभूमिमा प्रस्तुत गरिन्छन् । यी कथाहरूमा उपदेश दिने उद्देश्य पनि संलग्न हुन सक्दछ ।

(४) नीतिकथा या पञ्चतन्त्रीय कथा (Fables)– पशुपक्षी मात्र भएको, कथाको अन्तमा धेरैजसो एकै वाक्यमा निश्चित उपदेश या नीति-निर्देश गरिएका कथाहरू नीतिकथाहरूअन्तर्गत पर्दछन् । धेरैजसो यस्ता कथाहरू लिखित परम्पराका भए पनि पछि गएर ती

लोक-वार्ता तथा साहित्यको अंग बन्दछन् ।

(५) पौराणिक कथा (Myths)– पौराणिक कथा शब्दको प्रयोग अल्पस्वीकृत छ, तर यो निश्चय नै लोक-कथाको एउटा शाखाको रूपमा स्वीकार्य छ । वर्तमानपूर्व संसारको स्थापित स्थितिसँग सम्बद्ध यी कथाहरू सृष्टि र उत्पत्तिका कारणहरू बताउने भएकोले सृष्टि र उत्पत्तिका किम्बदन्तीसँग मेल खाने जस्ता लाग्छन् भने देवी-देवताहरूको बहादुरीपूर्ण अभियान उल्लेख गर्दा परीकथाका नजीक पुग्छन् । पौराणिक कथाहरूको स्वभाव तथा प्रकृतिलाई लिएर विगत कालमा प्रशस्त परस्परविरोधी सिद्धान्तहरू प्रतिपादित गरिएका छन् ।

कोही-कोहीले कथाचक्रलाई आधार बनाएर प्रकार छुट्याए पनि अन्य कतिपय सम्बन्धित क्षेत्रका पाश्चात्य विद्वान्हरूले वर्ण्य विषयका दृष्टिकोणले लोक-कथालाई चार श्रेणीमा विभाजित गरेको पनि पाइन्छ –

(१) नीतिकथा (Fables) (२) परीकथा (Fairy tales) (३) किम्बदन्ती तथा आख्यायिका (Legends) औ (४) पौराणिक कथा (Myths)

माथि उल्लेख गरिएका पाश्चात्य वर्गीकरणहरूमा जर्ज गोमेको वर्गीकरण अत्यन्त संक्षिप्त र संकीर्ण छ । उनको दृष्टिकोण आफ्नो परम्पराको भौगोलिक सीमामा बन्दी छ । उनले अंग्रेजी समाजमा प्रचलित कथाहरूको स्वरूपलाई मात्र ध्यान दिएका छन् । यसको तुलनामा सी. एस. बर्नको वर्गीकरण केही विस्तृत र व्यापक छ । उनले पश्चिमी यूरोपमा प्रचलित कथास्वरूप र वर्गलाई सक्दो समेट्न खोजेको छन् । तर उनको वर्गीकरणविधि पनि सर्वदेशीय हुन नसक्ने छ, किनभने उनको दृष्टि यूरोपको भूभाग नाघेर विस्तृत हुन सकेको छैन । एण्टी आर्ने र स्टिथ थोमसनका वर्गीकरणहरूलाई लोकवार्ताविद्हरू आदरका दृष्टिले हेर्दछन् । उनीहरूको आर्ने-थोमसन अनुक्रमणिकाले अन्तरराष्ट्रिय ख्याति तथा स्वीकृति नै प्राप्त गरेको हो, तर

नेपाली लोक-कथाको परिप्रेक्ष्यमा यी दुवै विद्वान्हरू सुदूरदेशीय र परदेशी साबित छन् । यिनीहरूले आफ्नो सामाजिक सांस्कृतिक तथा धार्मिक परम्परामा उपलब्ध लोककथाको ज्ञानलाई साधारणीकरण गरी वर्गीकरण गर्न खोजेका छन् । यिनीहरू सबैजसोले कथाको विषयलाई भन्दा स्वरूपलाई बढ्ता महत्त्व दिन चाहेका छन् । नेपाली लोक-कथालाई केवल स्वरूपको आधारमा वर्गीकरण गर्न खोज्दा कथाका अन्य विशेषता र महत्त्व अँट्दैनन् । अतः देश, काल र संस्कृतिको सापेक्षतालाई हृदयंगम गर्दा उनीहरूले अपनाएको विधिले हामीलाई सहयोग गरे पनि यथावत् रूपले नेपाली लोक-कथाको वर्गीकरण हुन भने उपयुक्त हुँदैन । यति हुँदा हुँदै पनि थोमसनको वर्गीकरणमा विशिष्टता तथा विशेषता भएको तथ्यलाई भने अस्वीकार्न सकिन्न ।

प्राच्य वर्गीकरण

नवीन प्राच्य वर्गीकरणको क्रममा कालक्रमअनुसार विशेष गरेर केही भारतीय विद्वान्हरूको वर्गीकरण निम्नअनुसार छ–

डा. दिनेशचन्द्र सेनको वर्गीकरण

बंगालका लोक-कथाहरूको संकलन तथा अनुसन्धान गर्ने डा. दिनेशचन्द्र सेनले आफ्नो पुस्तक The Folk literature of Bengal (१९२०) नामक पुस्तकको पृष्ठ १३१–२६१ मा बंगाली लोककथा-लाई चार भागमा विभक्त गरेका छन्–

(१) रूपकथा (Supernatural tales) (२) हास्यकथा (Humorous tales) (३) धार्मिक कथा (Religious tales) (४) गीतिकथा (Nursery tales or Cradle tales)

डा. सेनको विचारअनुसार रूपकथामा अतिमानवीय, अप्राकृतिक तथा अद्भुत वस्तु एवं घटनाको रोमाञ्चक वर्णन हुन्छ । अलौकिकता यस्तो कथाको प्रधान विशेषता हो । विशेषतः भूत, प्रेत, देवता,

राक्षस आदि पात्रहरू यी कथाहरूमा सम्मिलित हुन्छन् । केटाकेटीहरूलाई अत्यधिक आनन्द दिने हास्य-विनोदप्रधान कथाहरूलाई उनले हास्यकथा नाम दिएका छन् । धार्मिक कथाहरू कुनै चाडपर्व शुभ दिनमा पढ्ने-पढाउने, सुन्ने-सुनाउने गरिन्छ; गीतिकथा भने सानसाना बच्चाहरूलाई विशेष गरेर काखे बालकहरूलाई कोक्रो या डोलीमा राखेर झुलाउँदा या फकाउँदा भनिने निदरी कथागीतहरू हुन् । बूढीबज्यै तथा आमाहरू आफ्ना नातिनातिना, छोराछोरीहरूलाई आफ्नो काखमा राखेर सुताउने या फकाउने बेलामा यस्ता कथाहरू लयबद्ध रूपमा गाउने गर्दछन् ।

डा. सत्येन्द्रको वर्गीकरण

डा. सत्येन्द्रले ब्रज-लोककथाहरूको श्रेणी-विभाजन गर्दा वस्तुको स्वभावको दृष्टिले मूलरूपमा (१) गाथाहरू (Myths), (२) वीरगाथाहरू या अवदान (Legends), (३) कहानीहरू (Stories) तीन विशद वर्गमा विभक्त गरे पनि स्थूल दृष्टिले साधारणतया आठ भाग लगाएका छन्—

(१) गाथाहरू (२) पशुपक्षीसम्बन्धी अथवा पञ्चतन्त्रीय (३) परीका कहानीहरू (४) विक्रमका कहानीहरू (५) बुझौवल- (गाउँखानेकथा)-सम्बन्धी (६) निरीक्षणगर्भित कहानीहरू (७) साधुसन्तका कथाहरू (Hageological) औ (८) कारणनिर्देशक कहानीहरू (Aetiological) ।

डा. सत्येन्द्रले गाथाहरूअन्तर्गत धर्मगाथा (Myths), लोकगाथा (Ballad) पवाडा या वीरगाथा (Heroic tales) आदिलाई समावेश गरेका छन् । धर्मगाथाहरू पनि अन्य चार वर्गमा उपविभाजित हुन्छन् । (क) विश्व-निर्माणको व्याख्या गर्ने (ख) प्राकृतिक इतिहासको विशेषताको व्याख्या गर्ने (ग) मानवी सभ्यताको मूललाई व्याख्या गर्ने (घ) समाज तथा धर्मप्रथाको मूल अथवा पूजाको

इष्ट स्वभाव तथा इतिहासको व्याख्या गर्ने । पशुपक्षी तथा पञ्चतन्त्रीय कथालाई उनले शिक्षा तथा उपदेश दिने र नदिने गरी दुई भागमा बाँडेका छन् भने परीकथाको पनि उनले अन्य तीन उपवर्ग बनाएका छन् । पहिलो वर्ग खास परीहरू, अप्सराहरू, दिव्यकन्याहरू औ विद्याधरीहरूसंग, दोस्रो वर्ग दानव तथा राक्षसहरूसँग र तेस्रो वर्ग डाइनी, बोक्सी, जादू, चमत्कार आदिसंग सम्बन्धित छ । विक्रम या पराक्रमका कहानीमा भने कुनै वीर नायकको यशोमय चरित्र देखाइन्छ । यस्ता कथाहरूको दुई भाग गरिएको छ– एक इतिहास-पुरुषाश्रित (अवदान) र दोस्रो अनैतिहासिक-पुरुषाश्रित । समस्यामूलक कथाहरू पनि उनको विचारअनुसार दुई प्रकारका हुन्छन्। एउटामा केही समस्याहरू अथवा नीतिवाक्यहरू सुल्झाउने या परीक्षण गर्ने उद्योग रहन्छ भने अर्कामा समस्या या पहेलीहरू शर्तको रूपमा देखा पर्दछन् जसको हल या समाधान गर्दा अभीप्सित वस्तु प्राप्त हुन्छ ।

निरीक्षणगर्भित कथाहरूबाट कसैको स्वभाव, धर्म आदि विषयको ज्ञान प्राप्त हुन्छ । यिनै कथाहरूले पछि गएर प्रायः चुट्किलाको रूप लिन्छन् । विभिन्न जाति, थर तथा उपथरसँग सम्बन्ध राख्ने कथाहरू यसैअन्तर्गत पर्दछन् । साधुसन्तका कथाहरूमा प्रसिद्ध साधु, सन्त या सिद्धबाट संकट-निवारण, सुनलाभ, पुत्रलाभ आदि हुने चमत्कारपूर्ण कार्यको उल्लेख रहन्छ । कारणनिर्देशक कहानीहरूमा कुनै व्यापारको कारण प्रकट गरिएको हुन्छ ।

लोक-कथाका यी आठ वर्गको अतिरिक्त डा. सत्येन्द्रले बालकथाको एउटा छुट्टै वर्ग बनाएका छन्, किनभने उनको दृष्टिकोणअनुसार उपर उल्लिखित सम्पूर्ण कथाहरूका आधारभूमिहरूलाई मान्छेका तीन वृत्तिहरू क्रमशः विश्वास-प्रतिपादक वृत्ति, आश्चर्यउद्दीपक वृत्ति र समाधान-कारक वृत्तिमा सजिलैसित बाँड्न सकिन्छ । यी तीन वृत्तिहरू

विशेषतः विकसित अवस्थामा मात्र प्रतिफलित हुन्छन् । अबोध बाल-मानस यी वृत्तिहरूलाई सन्तुष्ट गराउने कथाहरू सहन, ग्रहण गर्न, बुझ्न असमर्थ हुन्छ । बालकहरूको संसार सानो हुन्छ, उनीहरू आफ्नै संसारभित्रको वस्तुसँग साहचर्य कायम राख्न चाहन्छन् । बाल-कथामा संक्षिप्तता, परिचित पदार्थ दोहरिने वृत्ति, बालकहरूकै स्वभावअनुकूल चित्रण र कल्पनातिरेक कौतूहल हुन्छ ।*

डा. उपाध्यायको वर्गीकरण

डा. कृष्णदेव उपाध्यायले आपनो पुस्तक 'लोक-साहित्य की भूमिका' (इ. १९५७ पृ. १२९) तथा 'हिन्दी साहित्य का वृहत् इतिहास' षोडश भाग' (सं. २०१७ पृ. ११३) को प्रस्तावनामा वर्ण्य विषयको दृष्टिले लोक-कथालाई जम्मा ६ वर्गमा विभाजित गरेका छन्—

(१) उपदेशकथा (२) व्रतकथा (३) प्रेमकथा (४) मनो-रञ्जन-कथा (५) सामाजिक कथा (६) पौराणिक कथा ।

डा. उपाध्यायको मतअनुसार अधिकांश लोक-कथा प्रथम वर्गसँग सम्बन्धित छन् । लोक-कथाको प्रधान उद्देश्य उपदेशात्मक हुन्छ । पञ्चतन्त्र तथा हितोपदेशका समस्त कथाहरू उपदेशात्मक तथा नीति-निर्देशक छन् । पशुपक्षीको मुखबाट भनाइएको भए पनि यिनमा उपदेश अन्तर्निहित हुन्छ । धार्मिक अनुष्ठान तथा विधि-विधानमा व्रतको महत्त्वपूर्ण स्थान छ । सत्यनारायण, गणेशजी, अनन्त-चतुर्दशी, करवा चौथी आदिका कथाहरू व्रतकथाअन्तर्गत पर्दछन् । प्रेमात्मक कथाहरूमा आमा-छोरा-भाइ, बहिनी, जोई-पोइ आदिको प्रेमका कथा सुन्दर रीतिले प्रतिपादित गरिएका हुन्छन् । लोक-कथामा उपलब्ध दाम्पत्य-प्रेमको वर्णन नितान्त पवित्र र शुद्ध हुन्छ । यस्तो उत्कृष्ट एवं अलौकिक आदर्श अन्यत्र प्राप्य हुँदैन । बालकहरूले मन पराउने

* हेर्नुहोस्– लोक-साहित्य-विज्ञान (१९६२), द्वितीय सं. (१९७१), डा. सत्येन्द्र, पृष्ठ १६८ ।

रमाइला कथाहरू मनोरञ्जनप्रधान हुन्छन् । सामाजिक कथाहरूमा राजाको न्याय, आर्थिक कष्ट, वहु-विवाह आदिको उल्लेख पाइन्छ । लोक-साहित्यको क्षेत्रमा पौराणिक कथाहरू पनि कम छैनन् । शिवि, दधीचि, नल-दमयन्ती, सत्य-हरिचन्द्र, सरवन (श्रवणकुमार), गोपीचन्द्र भरथरी आदिका कथाहरू पौराणिक मानिन्छन् । पछिल्ला दुई कथा पूर्ण पौराणिक नभए पनि पौराणिकताको पुटले परियुक्त छन् ।

डा. उपाध्यायले अन्तमा अन्य कथाहरू पनि यिनै ६ श्रेणीमा अन्तर्भूत हुन सक्ने विचार व्यक्त गरेका छन् ।

पश्चिमी विद्वान्हरूले अपनाएका विविध पद्धतिहरूलाई ध्यानमा राखी गरिएका भारतीय विद्वान्हरूका वर्गीकरणहरूमा डा. सत्येन्द्रको वर्गीकरण अपेक्षाकृत केही वैज्ञानिक र केही व्यापक देखिन्छ । धार्मिक सान्निध्य, सांस्कृतिक निकटता, सामाजिक मान्यताको परम्परागत केही समानताले गर्दा नेपाली लोककथाको वर्गीकरणको क्षेत्रमा भारतीय वर्गीकरणहरू पश्चिमी विद्वान्हरूका वर्गीकरणहरूको तुलनामा बेसी उपयुक्त हुन सक्ने खालका प्रतीत हुन्छन् । तर यिनीहरू प्रत्येकको दृष्टिकोण आ-आफ्नो क्षेत्रको लोककथाको अध्ययनको रन्कोले बढी प्रभावित छ । त्यसैले उनीहरूले स्वीकार गरेका आधार र दृष्टिकोण पनि फरक फरक छन् । डा. सेनले बंगाली, डा. उपाध्यायले भोजपुरी र डा. सत्येन्द्रले ब्रज-समाजमा प्रचलित लोक-कथाहरूको अध्ययन गरेका छन् । तत् तत् क्षेत्रका लोककथाका धारणा तथा मान्यताहरूबाट उनीहरूको दृष्टिकोण निर्मित भएका छन् । अतः स्थानीय विश्वास-रीति–रिवाज,रहन–सहन तथा मान्यताको स्वाभाविक विभेदले उनीहरूको वर्गीकरण-विधि पनि अन्य पश्चिमी विद्वान्हरूको विधि झैं यथावत् रूपमा नेपाली लोककथाको क्षेत्रमा भित्रिन या लागू हुन सक्तैन । वास्तवमा कुनै पनि जाति या क्षेत्रको लोककथाको वर्गीकरण गर्दा त्यहाँको स्थानीय सामाजिक, सांस्कृतिक तथा धार्मिक परम्परा र पृष्ठभूमि, कथाका विभिन्न विशेषता, कथाको निश्चित स्वरूपको

अधिकता र विविधता, कथाका पात्र र उनीहरूको स्वभाव तथा प्रकृति आदिलाई विशेषतः ध्यानमा राख्नु अति आवश्यक हुन्छ । एतदर्थ नेपाली लोक-कथाको वर्गीकरण नेपाली पृष्ठभूमिमा नेपाली लोककथाअनुरूपै हुनुपर्दछ ।

तर यस प्रसंगमा एउटा विचारणीय कुरा के छ भने देशकालको सापेक्ष विभेद भए पनि बहुमूलीय कथा-उत्पत्ति-सिद्धान्तअनुरूप समान स्थिति, समान अवस्थामा विश्वभरि छरिएका मानवमात्रले समान रूपले सोच्ने, समान उत्साह, उमंग, राग-विराग अनुभूत गर्ने गर्दछन् । यो तथ्यले कथाको विश्वजनीन रूप र प्रकारलाई आग्रह गर्दछ । पूर्व र पश्चिमको तुलनात्मक तथा ऐतिहासिक अध्ययन गर्ने लोककथाका अध्येताहरू थोमसन, प्रो. ब्लुमफिल्ड, ग्रीम-बन्धुहरू, डा. डब्लू. एम. ब्राउन, डा. राय नर्टन एभेन्यु आदिको प्रकार तथा अभिप्राय-अध्ययनले कथाका केही रूपगत र भावगत साम्यलाई औंल्याएका छन् । आर्ने-थोमसनको संयुक्त प्रयत्न यसको ज्वलन्त उदाहरण हो । एउटै स्थान, देश या राष्ट्रमा सीमित लोककथाहरू बहुत थोरै छन् । विभिन्न राष्ट्र र जातिमा थोरै भिन्नता तथा हेरफेर भएको एउटै कथाका विविध पाठहरू उपलब्ध भएका छन् । आफ्नो उपकारक मान्छेलाई आपत्कालमा सहयोग गर्ने 'कृतज्ञ पशु', चोरकला सिक्ने, काकतालीले ठूलो बन्ने 'चोर-शिरोमणि', सौतनी डाह भएको 'होल्ले', रूपपरिवर्तन गर्ने 'सर्पपुत्र', प्राण प्रतीक भएको 'पेचकन' आदि कथाहरू संसार-प्रसिद्ध छन् । यी कथाहरू कुनै न कुनै रूपमा संसारैभरि प्रचलित पाइन्छन् । सिंड्रेला प्रकारको कथाका अनेक पाठहरू जगतैभरि पाइन्छन् । कति नेपाली कथाहरू चीन-तिब्बततिर प्रचलित कथाहरूसँग मेल खान्छन्, कति कथाहरू हिन्दूस्थानका विभिन्न जाति र प्रान्तहरूका कथाहरूसँग मितयारी लाउँछन् । अझ कति कथाहरू त पश्चिमी संसारका कथाहरूसँग पनि नाता केलाउन र लाउन पुग्छन् । 'हीराको मालामा हंस' को कथा 'जुनिपर वृक्ष' सँग, 'भावीको लेखा' कथा

'निर्भय जोह्न' सँग, 'एकवित्तेको कथा' 'टाम थम्ब' संग, 'यज्ञरथको कथा' 'रोबर्ट शैतान' सँग, 'बाँदर्नी मैयाँ' तथा 'भ्यागुता राजा' को कथा 'सर्प-पुत्र' सँग, 'सोरठी' कथा 'कैंटस्किन' सँग, 'सर्किनी रानी' या 'बाँदर्नी (धिमाल) को कथा 'वार्थी' सँग एक-अर्को प्रकारले मिल्न पुग्छन् । बहुमूलीय तथा एकमूलीय कथा-उत्पत्ति-सिद्धान्तमा आधारित लोककथाहरूको यो विश्वजनीन रूपगत एकता तथा विशेषता-लाई दृष्टिगत गर्दा विश्वभरि छरिएका लोक-कथाको वर्गीकरण-विधिमा समानता रहनुपर्ने देखिन्छ । तर समानताको मतलब कुनै क्षेत्र या जातिमा प्रचलित लोककथाहरूलाई एउटै निश्चित श्रेणी-विभाजनअन्तर्गत समाविष्ट गर्नुपर्दछ भन्ने पटक्कै होइन । ऐतिहासिक भौगोलिक संप्रदायको अध्ययनले स्पष्ट गरिसकेको छ— लोककथा पनि पनि मान्छेसँगसँगै काल-क्रमानुसार देश-विदेशको यात्रा गर्दछ । भूमण्डलका विविध भागमा कति कथाहरू नाविक तथा माझीहरू-संगसंगै, कति कथाहरू लडाकू तथा भ्रमणकारीहरूसँगसँगै, कति कथाहरू गोठाला तथा व्यापारीहरूसँगसँगै प्रचारित र प्रसारित भएका छन् । आफ्नो यात्रा-क्रममा यी कथाहरू स्थानीय रीति-रिवाज, रहन-सहन, लोक-विश्वास तथा मान्यता, प्राकृतिक पर्यावरण, लोक-जीवन आदिको प्रछाप तथा प्रभाव बोकी रंगिएर त्यही स्थानको हुन पुग्दछन् ।

निरन्तर स्थानीयकरणको क्रमबाट गुज्रनु लोककथाको नियति र प्रकृति हो । निश्चित स्थान र निश्चित समयमा उत्पन्न लोककथा निश्चित स्थान र निश्चित समयसँग सम्बन्धित हुन्छ । तर मौखिक परम्परामा प्रसारित हुने हुनाले थपघट भएर तिनमा विविधता देखिनु स्वाभाविक हुन्छ । यस प्रसंगमा पञ्चतन्त्रका प्रसिद्ध कथाहरूको पश्चिमी देशहरूको यात्रा अत्यन्त रोचक र घतलाग्दो छ । यतातिरको प्रसिद्ध कथा 'न्याउरी मारी पछुतो' इङ्गल्याण्ड पुगेपछि 'कुकुर मारी पछुतो' हुन पुगेको छ । त्यो 'कुकुर मारी पछुतो' हुने नेपाली कथासँग

मिल्दैन । पश्चिमी 'कुकुर मारी पछुतो' को कथामा न्याउरीले सर्प मारेझैं ब्वाँसो मारेर बालकको संरक्षा गर्दछ । चीनिया कथा 'तीन संपत्ति' मा नेपाली लोक-कथाको 'सुनहग बाख्री', 'खीरपाक ताउली र 'मारमुंग्री' क्रमशः 'खच्चर', 'टेबुलपोस' र 'कुटलौरो' भएका छन् । त्यसैले कुनै पनि स्थानको लोक-कथामा त्यस स्थानको लोक-जीवन, लोक-विश्वास, लोक-धारणा, लोक-मान्यता, लोक-परम्पराका साथै स्थानीय उद्भिज्ज रूखपात, पशुपक्षी, खोलानाला, पहाड–पर्वत आदिको अमिट सहीछाप हुन्छ । अतः लोक-कथाको वर्गीकरण गर्दा स्थानीय लोक-जीवनको सामाजिक, धार्मिक, सांस्कृतिक आधार, मान्यता र परम्पराको पृष्ठभूमि, कथाहरूको उपयोगिता र उपयोगको अवसर, कथाहरूको निश्चित स्वरूपको अधिकता, कथाको विविध विशेषता, विषयवस्तुको एकरूपता र बहुविधता, विशेष पात्रहरूको स्वभाव र प्रवृत्ति तथा उद्देश्यअनुरूप गरिएको वर्गीकरण नै सार्थक र मूल्यवान् हुन सक्तछ । लोक-कथाको वर्गीकरणमा सबैभन्दा महत्त्वपूर्ण र ध्यान दिनुपर्ने तथ्य त्यहाँको लोक-जीवनको सामाजिक सांस्कृतिक पृष्ठभूमि हो । त्यसैले नेपाली लोक-कथाहरूको वर्गीकरण माथि भनिएझैं नेपाली लोक-जीवनमा प्रचलित लोककथाहरूको आधारमा तयार गरिनुपर्ने हुन्छ ।

★

वर्गीकृत नेपाली लोककथा

नेपाली लोककथाको निर्माण, प्रचलन, प्रसारण तथा प्रयोगमा चिरकालदेखि नेपाल सरहदभित्र बसोवास गर्ने विभिन्न भाषाभाषी विभिन्न सामाजिक, सांस्कृतिक संप्रदाय तथा धार्मिक विश्वास र मान्यता भएका जाति तथा उपजातिहरू विशेषतः पूर्वाञ्चल पहाडका राई, लिम्बू, याख्खा किरातीहरू; तल तराई फांटका थारू, राजवंशी, धिमाल, झागड, सतारहरू; हिमाली भेकका भोटे, लेप्चा, शेर्पाहरू; मध्यपश्चिमाञ्चल पहाड तथा हिमाली खण्डका नेवार, तामाङ्ग मुर्मी, कागते, जिरेलहरू; वेंसी तथा कछारतिरका कुसुण्डा, सुनुवार, दनुवार तथा मैथिली एवं भोजपुरी भाषाभाषीहरू; मध्यपश्चिमाञ्चल पहाडका गुरुङ्ग, मगर, छन्त्यालहरू; कछारतिरका माझी, बोटे, चुरौटेहरू; हिमाली भेकका डोल्पो, थकाली, मुस्ताङ्गहरू; सुदूर पश्चिमाञ्चलतिरका ठकुरी, कामी, दमाईं, बादी, राउटे तथा तागाधारी र मतवाली खसहरू र अधिराज्यका धेरैजसो भागहरूमा छरिएका नेवार, छेत्री, बाहुन आदिको ठूलो हात र योगदान छ। प्रायशः माथि उल्लिखित प्रतिशत जातिको आफ्नो मातृभाषा भए पनि समयमै उनीहरूले विचार–विनिमयको उपयुक्त साधन साझा भाषा नेपाली पाएकोले यिनीहरू सबैजसो नेपालीमा पनि लोककथा भन्ने र सुन्ने गर्दछन्। अतः नेपाली लोककथाको वर्गीकरण गर्दा नेपालभित्र र बाहिर विभिन्न भूभागमा छरिएर जीवन–यापन गर्ने यी विभिन्न जाति उपजातिहरूका सदस्यहरूले कसरी र किन एक-अर्कालाई लोककथाद्वारा मनोरञ्जन, प्रशिक्षण, नीति-निर्देशन, समस्या, समाधान, धार्मिक

विश्वासको व्याख्या, सामाजिक आदर्शको चर्चा, इहलोक र परलोकको धारणा, भूत-प्रेत-राक्षस, बोक्सी-डाइनी-धामी तथा अप्सरा आदि अलौकिक शक्तिको चामत्कारिक कृत्य, तंत्र-मंत्र जादूको विचित्रता, दमित इच्छा तथा चाहनाको प्रतीकीकरण, तर्साउने, मुर्कट्टा, किच-कन्नीहरूको अतिशयोक्तिपूर्ण विवरण, स्थानको नामकरण, चाड-पर्व-उत्सव-मेला सूत्रपात हुनाको कारण, मान्छेमा विद्यमान विभिन्न वृत्तिहरू, छल तथा विश्वासघात गर्ने कर्मको परिणाम, मूर्खतापूर्ण कार्यको फल सुन्छन् र सुनाउँछन्, तिनीहरूलाई ध्यानमा राख्नु अनि-वार्य आवश्यक हुन्छ । यी सबै तथ्यहरूलाई विचार गर्दा उपर उल्लि-खित विभिन्न विद्वान्हरूको वर्गीकरण-विधि निरीक्षण गर्दा हालसम्म संकलित तथा उपलब्ध हुन सकेका र भएका नेपाली लोककथाहरूलाई मोटामोटी रूपले हामी निम्नलिखित वर्गहरूमा विभगजित गर्न सक्छौं।

(१) सांस्कृतिक-ऐतिहासिक लोककथाहरू
(२) अर्ती-उपदेशका लोककथाहरू
(३) पशुपक्षीका लोककथाहरू
(४) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू
(५) अतिमानवीय रूपका लोककथाहरू
(६) दैवी लोककथाहरू
(७) फल-फूलका लोककथाहरू
(८) साहस तथा बहादुरीका लोककथाहरू
(९) धार्मिक लोककथाहरू
(१०) विविध लोककथाहरू

(१) सांस्कृतिक-ऐतिहासिक लोककथाहरू

ऐतिहासिक एवं सांस्कृतिक व्यक्ति, स्थान तथा घटनाको विवरण, चाडपर्व उत्सव आदि उत्पत्ति र प्रचलित हुनाको कारण र विभिन्न देवी–देवताका मन्दिर-निर्माणको प्रसंगसँग संबन्धित नेपाली लोक-जीवनमा प्रचलित किम्वदन्ती, जनश्रुति, आख्यायिका तथा अवदानहरू

सांस्कृतिक-ऐतिहासिक कथावर्गअन्तर्गत समाविष्ट हुन्छन् । लोक-विश्वासले सत्य ठानेको सृष्टिचक्रअन्तर्गत समाविष्ट हुन सक्ने कारण-निर्देशक तथा सृष्टि-उत्पत्तिविषयक व्याख्यात्मक लोककथाहरू पनि यसै वर्गभित्र पर्न सक्छन् । नेपालमा यस्ता कथाहरू अन्य कथावर्गका तुलनामा प्रशस्त पाइन्छन् । सांस्कृतिक घटना तथा ऐतिहासिक व्यक्तिप्रतिका लोक-धारणा एवं विशेषस्थानको नामकरण हुनाको कारण तथा घटनावली अंकित यस्ता कथाहरूले लुप्तप्राय ऐतिहासिक तथ्य, सांस्कृतिक विश्वास तथा सामाजिक प्रचलन र विशेषताहरूको संरक्षण गरेर राखेका हुन्छन् । ऐतिहासिक सांस्कृतिक लोककथाहरूमा निश्चित प्रमाणको खोजी गर्नु उति युक्तिसंगत हुँदैन । किनभने कालक्रमानुसार ऐतिहासिक तथा सांस्कृतिक पृष्ठभूमिमा आधारित भएर निश्चित हुने यस्ता कथाहरूमा मौखिक रूपमा प्रचलित हुने हुनाले लोकले आफ्नो विश्वास, रुचि, कल्पना तथा परम्पराअनुरूप मौखिक सामग्री थपघट गर्ने गर्दछन् । फलस्वरूप यस्ता कथाहरूमा घटना, तथ्य, परम्परा आदिको समन्वय हुने गर्दछ । ऐतिहासिक तथा सांस्कृतिक तथ्य हुँदा हुँदै पनि धेरैजसो यी कथाहरूमा लोक-कल्पनाले लौकिक व्यक्ति तथा घटनाको सम्बन्ध आधिभौतिक तथा अलौकिक व्यक्तिहरूसँग देखाइएको पाइन्छ । यति हुँदा हुँदै पनि यी कथाहरू जातीय तथा स्थानीय सामाजिक सांस्कृतिक इतिहासको अध्ययनको निमित्त उपयोगी र महत्त्वपूर्ण हुन सक्छन् ।

नेपाली स्थानीय देवी-देवता, राजा-महाराजा, मन्दिर-निर्माणसँग सम्बन्धित कथाहरूको प्रसंगमा स्वयंभू-मन्दिरको स्थापना, राजा मानदेवबाट बौद्धको निर्माण, नान्यदेवबाट तुलजा भवानीको स्थापना, बूढानीलकण्ठको प्राप्ति, कीर्तिपुरको बाघभैरव, कान्तिपुरको काल भैरव, कुल्लू प्रदेशको ज्वालादेवी, किरातप्रदेशको गजमुखीदेवी, नक्साल भगवती, विरूपाक्ष, पशुपति-मन्दिरको निर्माण, भक्तपुरको यक्षमल्लनिर्मित दत्तात्रेयको मन्दिर, वत्सला-मन्दिर, न्यातपोल,

ललितपुरको कृष्ण-मन्दिर मीननाथ र मत्स्येन्द्रनाथको मन्दिर, साथै जुम्लातिरका साक्षात् देवी कालिका मालिका तथा मष्टो आदिका किम्वदन्तीहरू उल्लेखनीय छन् । यसै गरी छिताङ्ग, मार्गा, वाराह, सुम्निम्मा, पारोहाङ र हलेसी महादेवसँग सम्बन्धित किराती समाजमा प्रचलित उपाख्यानहरू पनि उत्तिकै प्रसिद्ध छन् । पर्व, जात्रा मेलाहरूको उत्पत्तिसँग गाँसिएका कथाहरूमा गाईजात्रा, घोडे-जात्रा, इन्द्रजात्रा, कुमारीजात्रा, भोटोजात्रा, त्रिशूलजात्रा दशैं, तिहार, हरितालिका (तीज), गठेमुगल, फागु-महोत्सव, धान्यपूर्णिमा, मकरसंक्रान्ति, बालाचतुर्दशी, सपनतीर्थ आदिका स्थानीय र जातीय कथाहरू प्रचलित छन् । कुनै खास स्थान गाउँ, शहर या देशको नामकरणसँग संबन्धित उपलब्ध किम्वदन्तीहरूमा काष्ठमण्डप, भेडा-सिङ, भाटभटेनी, नारायणहिटी, भीमदह र भीमबाँध, इन्द्रचोक, धनकुटा, म्याग्लुङ्ग (तेह्लथुम), सिम्रोनगढ, देवीघाट, विराटनगर आदिका किम्वदन्ती मननयोग्य छन् । ऐतिहासिक राजा र सांस्कृतिक व्यक्तित्वसँग सम्बन्धित कथाहरूमा मंजुश्री, राजा नरेन्द्रदेव, राजा मानदेव, महासामन्त अंशुवर्मा, राजा गुणकामदेव, भृकुटी, यक्ष मल्ल, लक्ष्मीनरसिंह मल्ल, प्रताप मल्ल, सिद्धिनरसिंह मल्ल, योगनरेन्द्र मल्ल, मत्स्येन्द्रनाथ, गोरखनाथ, बडामहाराजाधिराज पृथ्वीनारायण शाहसँग सम्बन्धित लोकप्रिय, प्रसिद्ध र प्रचलित देखिन्छन् ।

उत्तरी र दक्षिणी छिमेकी राष्ट्रहरूसँगको राजनैतिक, सामाजिक सांस्कृतिक तथा धार्मिक आदान-प्रदान र एक-अर्काका विविध जातिको आवत-जावतले आफ्नो केही प्रभाव छाडे पनि नेपाली सांस्कृतिक परम्पराका आफ्ना स्थानीय विशेषताहरू र निजी मौलिकताहरू भएको तथ्य जनसाधारणमा प्रचलित यी लोकाख्यानहरू पुष्टि गर्दछन् । यी कथाहरू-मध्ये नेपालको अतिप्राचीनता, सह-अस्तित्वमा आधारित धार्मिक सहिष्णुता, विविधताभित्रको साझा राष्ट्रिय एकता, बहुजातीय ऐक्य, राजतन्त्रको अक्षुण्ण परम्परा, तन्त्र-मन्त्रको प्राबल्य, बौद्ध हिन्दू धर्म र

तन्त्र मन्त्रको प्रछाप तथा प्रभाव स्पष्ट रूपमा अंकित छन् । सांस्कृतिक ऐतिहासिक अन्य संकलित कथाहरूमा किरात-प्रदेशतिरको 'राजा मौना' र 'नौली र देवा' जुम्ला र बझाङ्गतिरको 'कैलास देवता' 'चिमा र चिन्नु' 'भगीरथ' आदि छन् ।

सांस्कृतिक–ऐतिहासिक कथावर्गका कथाहरूलाई सजिलोको निमित्त एक तत्त्व तथा विषयको प्रखरताले गर्दा सांस्कृतिक र ऐतिहासिक भनेर दुई वर्गमा विभाजित गर्न सकिन्थ्यो, तर हरेकजसो सांस्कृतिक कथाहरूमा केही न केही ऐतिहासिक तथ्य र ऐतिहासिक कथाहरूमा कहीं न कहीं सांस्कृतिक तत्त्व निहित हुने भएकोले त्यसो गर्नु उचित हुँदैन । यस्ता कथाहरू कथावाचक र श्रोताहरू जहिले पनि सत्य ठानेर भन्ने र सुन्ने गर्दछन् । अतः यस्ता कथाहरू ऐतिहासिक तथा सांस्कृतिक तथ्यमा पूर्णतः आधारित नभए पनि लोकले सत्य ठानेको विश्वासमा आधारित हुन्छन् ।

(२) <u>अर्ती उपदेशका कथाहरू</u>

अधिकांश लोककथाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपले उपदेशपरक हुन्छन् । शिक्षाप्रद मनोरञ्जन लोककथाको सार्थक प्रवृत्ति हो । लोककथाको मनोरञ्जनात्मकतामा सदा विद्यमान रहने तत्त्व अर्ती-उपदेश नै हो । सभ्यताका प्रारम्भिक चरणहरूमा र आजपर्यन्त पनि गाउँघरमा लोककथा जनसाधारणको शिक्षण तथा प्रशिक्षणको प्रभावशाली माध्यम रही आएको छ । अतः स्पष्ट रूपले अर्ती-उपदेश दिने उद्देश्यले भनिएका लोककथाहरू यस वर्गभित्र पर्दछन् । उपदेशपरक कथाहरूमा केवल मनुष्य मात्र पात्र नभएर पशुपक्षी पात्रहरू पनि हुन सक्छन् । पशुपक्षी पात्रहरू समेत समावेस भएका उपदेश लिने दिने यस्ता कथाहरूको सहयोगले कथावाचकले यथार्थमा समाजलाई अर्ती-उपदेश-पालनको आदर्श प्रशिक्षण गरिरहेको हुन्छ ।

नेपाली लोक-जीवनमा उपयुक्त र आवश्यक मानिएका र जीवन सफल पार्ने पथ-निर्देशन र समस्या-समाधानका विधिहरू अर्ती–उपदेशका

कथाहरूमा पाइन्छन् । अर्ती-उपदेशका नेपाली लोककथाहरूमा कर्तव्य-पालन, परोपकार, सत्य, न्याय, त्याग, सहनशीलता, संतोष आदिको भाव र मूल्यलाई प्राथमिकता प्रदान गरिएको पाइन्छ । नेपाली उपदेशका कथाहरूमा बूढाबूढीले (विशेषतः बाबुले छोरालाई) दिएको अर्ती, राजाहरूको निसाफ, व्यावहारिक शिक्षा, बालकहरूको निर्मल हृदय, सबैजसो वस्तुमा बुद्धिको प्रधानता र विशिष्टतालाई महत्त्व दिएर उल्लेख गरेको हुन्छ।

(३) पशुपक्षीका कथाहरू

पशु-पक्षीका कथाहरूमा पशुपक्षी पात्रहरू हुन्छन् । पशुपक्षी पात्र भएका कथालाई अर्ती उपदेश भएको र नभएको गरी दुई भागमा बाँड्न सकिन्छ। कथाको उद्देश्यको प्रधानताले गर्दा सीधा र स्पष्ट उपदेश दिइएको पशुपक्षी पात्र भएको कथाहरू अर्ती उपदेशको कथाहरूको वर्गमा समाविष्ट हुन्छन् । तर तिनीहरूमध्ये दोस्रो वर्गका कथाहरू पशुपक्षीका स्वभाव र प्रवृत्ति निश्चित गर्ने खालका छन्; अतः तिनलाई विशुद्ध रूपमा पशु-पक्षीको कथावर्गमा पारिएको छ । यस्ता नेपाली कथाहरू विशेषतः केटाकेटीहरूको निमित्त रुचिकर र मनोरञ्जक प्रमाणित भएका छन् । त्यसैले यी प्रायशः संक्षिप्त हुन्छन् । वस्तु, पात्र र प्रशिक्षणको दृष्टिकोणले पशुपक्षीका नेपाली लोककथाहरू रोचक र रमाइला छन् । पशुपक्षीका सबैजसो कथाहरूमा कुनै न कुनै शिक्षा या उपदेश स्पष्ट नभए पनि अपरोक्ष रूपले अन्तर्निहित हुन्छन् । तर यी नैतिक सैद्धान्तिक नभएर स्वाभाविक र व्यावहारिक हुन्छन् ।

पशुपक्षीका नेपाली कथाहरूमा पशुपक्षी पात्रसहित मान्छे, देवताहरू पनि आउँछन् । यी कथाहरूमा देखा पर्ने पशुपक्षीहरू मान्छेको भाषा बोलेर मान्छेकै व्यवहार एक-अर्कालाई गर्दछन् । पशुपक्षी पात्रहरूको एक-अर्काको तुलनामा नेपाली कथामा पशु पात्रहरू बेसी देखिन्छन् । पशुपक्षी पात्रहरूमा विशेषतः स्याल, हात्ती, बाघ, साँप, कुकुर, मूसो, बिरालो, बाँदर, खरायो, सिंह, भँगेरो,

कोइली, काग, न्याउली आदि उल्लेखनीय छन् । यी कथाहरूमा पशुपक्षीका चारित्रिक विशेषता र जातीय स्वभाव स्थिर र अंकित भएको भए पनि मानव-स्वभाव र प्रवृत्ति अवहेलित र उपक्षित छैनन्। भँगेरो तथा खरायोको बुद्धिमानी, स्यालको धूर्तता र चलाखी, अर्नाको सहानुभूति र ममता, आदिमा स्पष्ट रूपले मानव-प्रकृति प्रतिविम्बित छ । अधिकांश नेपाली कथामा नाग र सर्पको रूप हितकारी छ । नाग र सर्पले ठुङनु र डस्नुभन्दा वेसी आफ्नो उपकार गर्ने मान्छेको भलाइ कल्याण गरेका छन् । हात्ती बलबान् भए पनि भद्दा बुद्धिको देखिन्छ । स्याल धूर्त र अत्यन्त चलाख जनावर हो तर नेपाली लोककथामा स्यालले प्रायशः आपद्-विपद्मा परेको मान्छेको पक्ष लिएर सहयोग तथा न्याय गरेको पाइन्छ; बाघ भने अत्यन्त विश्वासघाती, अपत्यारिलो जनावरको रूपमा वेसी चित्रित छ । आपद्-विपद्मा परेको पशुपक्षीको प्रेमबाट एक दुई अपवाद प्राप्त भए पनि मान्छेको अपकारभन्दा उपकारै ज्यादा भएको छ ।

(४) मानवका विशेष-स्वभाव र प्रवृत्तिका लोककथाहरू

मान्छेका विशेष-स्वभाव र प्रवृत्तिसँग सम्वन्धित कथाहरू नेपालमा अत्यधिक मात्रामा उपलब्ध छन् । यी कथाहरूमा मान्छेको विशेष-स्वभाव र विशेष-प्रकृतिको परिचय उल्लेख, व्याख्या तथा तिनीहरूमा आधारित व्यंग्य, हँस्यौली प्रस्तुत गरिएका हुन्छन् । यिनीहरूलाई अधिकता, विशिष्टता, व्याप्ति, विशेष-प्रवृत्तिको आधारमा तलका चार वर्गमा बाँड्नु आवश्यक हुन्छ ।

(४.क) ठगी तथा चलाखीका लोककथाहरू
(४.ख) मुर्ख्याइँका लोककथाहरू
(४.ग) लोभी तथा कंजूसका लोककथाहरू
(४.घ) विश्वासघातका लोककथाहरू

(४.क) ठगी तथा चलाखीका नेपाली लोककथाहरूमा केही ठग र चलाख पात्रहरू अरूलाई ठग्न सफल भएका छन् भने कोही

आफैं ठगिएका र छलिएका छन् । बदमाश मगर र बदमाश दमाई जस्ताधूर्त ठग पात्रहरू आफ्नो कर्मको फल आफैं भोग्दछन् उनीहरूको धूर्तता, चलाखी साथै ठगवृत्ति अन्तमा नाकाम साबित भएका छन्। अन्य ठगी र चलाखीका कथाहरूमा धेरैंजसो गरीब नोकर, खान नपुगेका निम्न वर्गका पात्रहरू आफ्नो बठ्याइँद्वारा मालिक तथा साहूलाई हुस्सू र मूर्ख साबित गर्न सफल छन् । मुख्य पात्रहरू गरीब भए पनि चलाख र चतुर छन् । उनीहरू कतै वाक्पटुताले, कतै चातुर्यले विपरीत परिस्थितिलाई आफ्नो नियन्त्रणमा ल्याउँछन् र अनुकूल परिस्थितिको निर्माण गरेर सामाजिक औपचारिकता तथा विषमताहरूमाथि व्यंग्य प्रस्तुत गर्दछन् । 'धूर्त नोकर' र 'चंखेको चलाखी'मा कैंले र चंखेले आफ-आफ्ना साहू र साहुनीलाई ठगेर काण्ड पुऱ्याएका छन् । चलाखीका लोककथाहरूमा चोरका चलाखी ('चोर हरूको बठ्याइँ') बूढाहरूको धूर्तता ('धूर्त बूढो') पनि उल्लेखनीय छन् ।

चलाखीका कथाहरूमा केवल चलाखी, ठगवृत्ति, चातुर्य, धूर्तता मात्र नभएर हास्य-व्यंग्य पनि संमिश्रित हुन्छन् । यस्ता कथाहरूमा विपरीत गुण भएका विशेषत: धनी-गरीब, मालिक-नोकर, लाटो-बाठो, मूर्ख औ धूर्त पात्रहरू एक अर्काको विरोधी जोडीको रूपमा प्रस्तुत गरिएका हुन्छन् । यी कथाहरूको मुख्य उद्देश्य सामाजिक औपचारिकताको खोक्रोपनको उद्‌घाटन गरेर लोक-मनोरञ्जन गर्नु भए पनि कथाको वैचारिक पक्षले आर्थिक विषमता, सामाजिक विभेद र दुर्बलता, धूर्तता र चातुर्य, अतिचातुर्य र ठगवृत्तिको स्वरूप, समस्या र समस्या-समाधानविधितिर पनि संकेत गरेका हुन्छन् ।

(४.ख) मुर्ख्याइँका लोककथाहरूमा पात्रहरूको मूर्खतापूर्ण कार्यको विवरण उपलब्ध हुन्छ । कति चतुर र चलाख पात्रहरूको चलाखी अन्तमा मूर्खतापूर्ण साबित भएको पाइन्छ । मुर्ख्याइँका नेपाली, कथाहरूमा सबैजसो मूर्ख पात्रहरूले आफ्नो मूर्खताको फल भोग्नु-

परेको छ । उनीहरू परिस्थितिप्रतिकूल मूर्खतापूर्ण अवसरविरुद्ध व्यवहार गर्ने, अनुपयुक्त अव्यावहारिक कार्य गर्ने खालका छन्। अनावश्यक ढिपी,[1] डाढे स्वभाव,[2] रूपको घमण्ड र मात, खोक्रा महत्त्वाकांक्षा[3], वस्तुको गुण थाह पाउन नसक्ने प्रवृत्ति[4] लठेब्रोपन[5] आदि नेपाली कथाका मूर्ख पात्रहरूको चारित्रिक विशेषता हो । यी मूर्ख पात्रहरू सबैजसो प्रतिद्वन्दात्मक घटनामा पराजित हुन्छन् र उनीहरू आफ्नो मात्र होइन अरूहरूको पनि नोक्सान गर्दछन्, आफूले निम्त्याएको पहिरोमा अरूहरूलाई पनि समेटेर साथै लान्छन् ।

मुर्ख्याइँका कथाका पात्रहरू आफ्नो मूर्खताको फल आफैं भोग्दछन् । तर कथामा उनीहरूको क्रिया-कलापलाई मूर्खतापूर्ण मात्र प्रमाणित गरिएको हुँदैन व्यंग्य पनि गरिएको हुन्छ । मूर्खहरू आफ्नो मूर्खतालाई नै आफ्नो बुद्धिमानी भन्ठान्छन् ('पटमूर्ख')। नेपाली लोककथामा मूर्ख पात्रहरूको रूपमा मान्छे मात्र होइन जीवजन्तु पनि सँगै आउँछन् । तर ती पशुले विशेषतः मानवी स्वभावलाई नै प्रतिनिधित्व गरेका हुन्छन् । मूर्ख मान्छे पात्रहरूमा भने प्रायः कान्छा भाइ र लठेब्रो नै देखिन्छन् । लठेब्रोहरू चलाखीका कथाका पात्रहरू झैं कि ठाँटिएर ससुराली पुग्दछन् कि उल्टो सुल्टो काम गरेर फल भोग्दछन् ।

(४.ग) लोभी तथा कंजूसका लोककथाहरूमा मान्छेका दुई परस्पर-विरोधी तथा मिल्दा-जुल्दा स्वभावहरू प्रमुख रूपमा चित्रित हुन्छन् । मान्छे लोभी तथा कन्जूस हुनुमा केही प्राणिशास्त्रीय तथा मनोवैज्ञानिक कारणहरू भए पनि आर्थिक जगमा उठेको सामाजिक प्रतिष्ठा, आर्थिक विषमता तथा सामाजिक असमानताप्रसूत अभाव-

---

१. 'गुनकेसरी सैयाँको ढिपी'
२. 'डाढे सानीआमा'
३. 'राजकुमारी'
४. 'पिनाको लोप्रामा भूलभुलेस'
५. 'भेडाचोर'

ग्रस्त स्थिति र दैन्य नै बढी उत्तरदायी रहेको तथ्यलाई नेपाली लोककथाहरू, प्रस्तुत गर्दछन्। 'लोभी र कन्जूस' कथामा लोभले धन, धनले सामाजिक प्रतिष्ठा कमाउने खोक्रो वृत्तिलाई तीखो व्यंग्य प्रहार गरेर हाँसोमा उडाएको पाइन्छ। लोभी र कन्जूसका लोककथाहरूमा उपलब्ध दुईपक्षीय पात्रहरू आफ्नो आफ्नो स्वार्थलाई सर्वोपरि मानी अर्काको अभाव तथा अप्ठचारोलाई हृदयंगम गर्ने कुनै पनि मानवी प्रचेष्टा गर्दैनन् । निजी स्वार्थबाट प्रेरित तिनीहरू केवल एक अर्कालाई ठग्ने र छल्ने उपायहरूमा मात्र तल्लीन देखिन्छन्[1] । लोभ र कन्जूसीको अतिशयताबाट उत्पन्न सामाजिक तथा व्यक्तिगत चरित्रको खराबीलाई व्यंग्यमिश्रित हाँसोमा उद्घाटित गरेर यी कथाहरूले समाजमा त्यस्ता पात्रहरूको निर्माण र बहुलता हुनाका कारणको रूपमा सामाजिक ढाँचाको दवाव आर्थिक चाप र अभावहरूलाई पनि औंल्याएका हुन्छन् । लोभ र कन्जूसीले मान्छेको भलाइ र हित गर्नुको बदला अपकार र अरू नोक्सानी गरेको र ठगिएको तीतो सत्य नाङ्गो रूपमा कथाहरूमा अंकित पाइन्छ ।

(४.घ) विश्वासघातका कथाहरूमा एक पात्रले अर्को पात्रलाई विश्वासघात गरेको विवरण उपलब्ध हुन्छ। विश्वासघातका नेपाली कथाहरूमा सौतेनी डाह, ईर्ष्या–द्वेष, जाल-कपटयुक्त कृत्य आदिको उल्लेख प्राप्य छ । स्वभावैले दुष्ट र चण्डाल सौताहरू कुनै पनि उपायको अवलम्बन गरी सौतेनी छोरा-छोरीलाई दुःख, कष्ट, हण्डर खवाएर आफ्नो बाटोबाट पन्छाउन कोशिश गर्दछन् । कथाको क्रममा केही कालसम्म सत्य लटपटिए पनि आखिर भाँडो फुट्छ र खराव चरित्रले आफ्नो कर्मको फल भोग्नुपर्दछ। 'वसन्ते राजा', 'हीराको मालामा हंस', 'सौतेनी आमा र तेजकुमारी', 'मेरो बालो रोई मऱ्यो' सबै कथाहरूमा यिनै कुरा पाइन्छन्। सौतेनी डाह र ईर्ष्या गर्ने पात्रहरूमा विशेषतः कान्छी रानी, कान्छी स्वास्नी र कान्छी आमाहरू

१ 'लोभी पुरोहित र छट्टू जजमान'

हुन्छन् । कतै कतै जेठी आमाहरू पनि छन्। यिनीहरू सौतेनी छोरा-छोरीलाई दुःख कष्ट दिने, आफ्ना छोरा-छोरीलाई सुखी बनाउने अनेक योजनाहरू बनाउँछन् । योजनाका प्रारम्भिक चरणहरू सफल हुँदै जान्छन्, उनीहरू कार्यान्वित गर्दै जान्छन्, तर अन्तमा आएर भताभुङ्ग हुन्छ, कुकृत्यको भण्डाफोर हुन्छ, प्रतिफल– विश्वासघातको उद्घाटन हुन्छ र उनीहरू दण्डित हुन्छन् या निकालिन्छन् या मारिन्छन् ।

विश्वासघातका नेपाली लोककथाहरूमा सौतेनी आमाले सौतेनी छोराछोरीलाई मात्र विश्वासघात गरेका छैनन्, व्यक्तिगत भलाइ, निजी लोभ, स्वार्थ, प्रतिष्ठा, मर्यादा र अर्थ-लोलुपताले गर्दा साथीले साथीलाई ('अन्धो र लङ्गडो', 'अ.स.प.ख.'), मितिनीले मितिनीलाई ('फूलमती मैयाँ'), दाजु-भाइ र दिदी-बहिनीले एक-अर्कालाई ('सात भाइ र एक बहिनी', 'टुहुरो भाइ') दिदीहरूले बहिनीलाई ('तीन सुसारे') विश्वासघात गरेको देखिन्छ। यस बाहेक रूपवती राजकुमारी-लाई विश्वासी तर कुरूप सेविकाहरूले पनि सौन्दर्यजनित डाहले धोका दिई आफू राजकुमारी समेत बनेको पाइन्छ । तर विश्वास-घातका सम्पूर्ण कथाहरूमा विश्वासघात गर्ने व्यक्ति कोही पनि उम्कँदैनन् । सबैमा सामाजिक न्याय समान रूपमा प्रयुक्त भएको देखिन्छ । विश्वासघात गरिएका सबैजसो मुख्य पात्रहरू कथामा मारिएका छन् । तैपनि उनीहरू विभिन्न रूप लिएर आफूमाथि भएको अन्याय, अत्याचार प्रकाशित गर्न सफल हुन्छन्, अन्तमा उनीहरू बचेर, साबिकको रूप (योनि)-मा फर्कन्छन् । रूपपरिवर्तनको क्रममा प्रायशः मारिएको मुख्य पात्रको प्रेतात्माले बांसको रूप लिएर दुःख-पुकारा गरेको घटना धेरैजसो कथामा पाइन्छ ।

(५) अतिमानवीय रूपका लोककथाहरू

अमानवीय पात्र, अप्राकृतिक वस्तु तथा अद्भुत एवं चमत्कारपूर्ण घटनाहरूको आश्चर्यजनक विवरण र घटना यस वर्गका कथाहरूमा

हुन्छन् । विशेषता, भूत-प्रेत, तर्साउने, राक्षस, बोक्सी, ख्याक, लाखे, परी, अप्सरा आदि जस्ता अमानवीय जीवहरू र शक्तिहरू यस्ता कथाहरूमा मुख्य पात्र भएर आउँछन् । अलौकिकता यस वर्गको कथाको प्रमुख विशेषता मानिन्छ । नेपालमा यस्ता कथाहरू प्रशस्त रूपमा प्रचलित छन् । पात्रहरूको आधारमा यिनलाई मोटामोटी अन्य तीन उपवर्गमा विभाजित गर्नु उपयुक्त हुन्छ ।

(५.क) भूत तथा राक्षसका लोककथाहरू

(५.ख) बोक्सी तथा जादूका लोककथाहरू

(५.ग) परी तथा अप्सराका लोककथाहरू

(५.क) भूत तथा राक्षसका लोककथाहरू भयभीत पार्ने खालका आश्चर्यजनक हुन्छन् । नेपाली लोककथामा चित्रित भूत, प्रेत राक्षस-हरू अक्सर समान स्वभाव र प्रकृतिका भेटिन्छन् । साधारणतः यी पात्रहरू आतंककारी, भयावह, डरलाग्दा र नरभक्षी हुन्छन् । तर वशमा ल्याउन सकिए, काबूमा ल्याइए ती असाध्य र असंभव कार्य-हरू पनि सम्पन्न गर्नमा मान्छेका सहायक पनि भएका छन् । 'खीर-पाक ताउली', 'सुनहग बाख्री', तथा 'डाङडुङे लौरी' जस्ता अमूल्य वस्तुहरू मात्र यिनीहरूबाट मान्छेले हात लगाउँदैनन्[1] । आफ्नो भाग्य र भविष्य समेत उ भन्न लगाउँछ ।[2] राक्षस्नी राक्षसको तुलनामा दयालु र मायालु लाग्दछे ।[3] कथाको क्रममा मान्छे भूतको सामर्थ्य निहित स्थान पत्ता लगाएर उसलाई कतै कुल्लीलाई झैं काम लगाउँछ भने कतै कुटेर खेदेर तह लगाउँछ ।[4] साधारणतः भूत मानिसलाई खान्छ, तर निडर व्यक्तिसँग भने स्वयं भूत डराएर भाग्दछ या आफूसँग भएको बहुमूल्य वस्तु मान्छेलाई दिन्छ । मानिस र भूतबीच केवल लडाइँ झगडा र शत्रुता मात्र होइन मित्रता पनि स्थापन भएको पाइन्छ । कतै त लाखेले न्यायधीशको कार्य संपादन

१. 'खीरपाक ताउली'

२. 'भावीका लेखा'

३. 'दुई टुहुरा-टुहुरी'

४. 'भूतको जगल्टा दे दे ए राँडी !'

गरेर मान्छेलाई आफ्नो कर्मको फल पनि चखाएको छ ।[1]

पश्चिमी लोककथाहरूमा उपलब्ध राक्षस पात्रहरूको तुलनामा नेपाली लोककथाका राक्षसहरू विशाल अट्टालिका, भव्य दरबार र महलहरूमा बस्छन् र असंख्य धन, बहुमूल्य द्रव्य रत्नादिहरूले परिपूर्ण छन् । तर ती दैत्य , भूत एवं लाखेहरू समान रूपले मानवबुद्धि, कुशलता र चातुर्यका समक्ष नतमस्तक छन् । ती भयावह डरलाग्दा पात्रहरू साना साना बालबालिकाहरूको चलाखी र बठ्याइँको शिकार भई आफ्नो जीवन गुमाउँछन् । पौराणिक तथा धार्मिक कथाहरूमा देवताहरूद्वारा पराजित असुर, दैत्य एवं राक्षसहरू लोककथाहरूमा भने मानिसद्वारा पराजित भई कतै मृत्युलोकमा पुग्छन् भने कतै पाताललोकमा भासिन पुग्दछन् । राक्षस पात्र भएका अधिकांश कथाहरूमा मान्छेले राक्षसकै छोरी, श्रीमती तथा अन्य घनिष्ठ सम्बन्धीहरूबाट उनको प्राण-प्रतिष्ठा भएको स्थान, कारण वा रहस्य पत्तो लगाई आफ्नो कार्य सिद्ध गरेको पाइन्छ । एकातिर राक्षस, भूत, प्रेत, लाखे, कवन ख्याकका नेपाली लोककथाहरूले रोमाञ्चकारी मनोरञ्जन प्रदान गर्नुका साथै उनीहरूप्रतिको मानव-हृदयमा विद्यमान रहेको डर, त्रास, भयको भावनालाई पनि समाप्त गर्न खोजेको छ भने अर्कोतिर मानवबुद्धि र कौशललाई विजेताको शिरताज पैऱ्याएको पाइन्छ ।

(५.ख) बोक्सी तथा जादूका कथाहरू विशेषतः बोक्सी तथा धामीविद्या र जादूसँग सम्बन्धित छन् । टुना-मुना, जादू, तंत्र-मंत्र आदि मान्छेका साधनात्मक ज्ञानका परिणाम मानिन्छन् । यी विश्वासहरूको सम्बन्ध मानव-सभ्यताको विकाससँग घनिष्ठ हुन्छ । टुना-मुना, जादू आदिका चमत्कारी वर्णन र घटनाले कथामा अलौकिकता उब्जन्छ, जसले कथालाई आकर्षक र मनोरञ्जक बनाउँछ । नेपाली लोककथाका पात्रहरू मंत्रबलले आकाशबाट खस्ने वज्र रोक्न, जीवन–

१. 'लाखे-लर्सी कथाको

संचार गर्न, पशुवाक्य बुझ्न, सर्प आदि प्राणीलाई भनेको स्थानमा पुऱ्याउन, सेनालाई भेडा बनाउन ('टुना-मुना जान्ने बूढी'), जादूले ढाँटलाई हायल-कायल पार्न ('सकली राजकुमार') र औंसीलाई पुर्णे र पुर्णेलाई औंसी बनाउन सफल देखिन्छन् । एक प्रकारले सबैजसो लोककथामा कहीं न कहीं केही न केही अलौकिक तथा जादूगरीयुक्त वस्तु, कार्य या घटना उपलब्ध हुन्छन् । अतिशयोक्ति जादूकथाहरूको विशेषताको रूपमा नेपाली कथाहरूमा पाइन्छ । जादूकार्य सम्पन्न गर्ने पात्र विशेषप्रकारका हुन्छन् । कोही जादूले आत्मसंरक्षा गर्ने छन् भने सत्यता साबित गर्ने पनि छन् । जादूका कथाहरूमा जादूपूर्ण वस्तुहरूको प्रयोगभन्दा मन्त्रोच्चारणको महत्त्व बेसी देखिन्छ ।

जादू, तंत्र-मंत्रको प्रयोग बोक्सी तथा धामीहरू पनि गर्दछन् । धामीले विशेषतः परहित र कल्याणमा आफ्नो विद्याको उपयोग गर्दछ भने बोक्सीहरूले अरूलाई दुःख दिने र कष्ट दिने कार्यमा आफ्नो वद्या खर्चेको पाइन्छ । यसरी धामीविद्या र बोक्सीविद्याको क्रमशः धर्म-गुन र पाप-गुन हुने भएकोले तिनीहरू सेतो जादू र कालो जादूसँग सम्बन्धित मानिन्छन् । बोक्सीहरू अतिमानवीय सामर्थ्य भएका, उड्न सक्ने, रूपपरिवर्तन गर्ने र गराउने, अदृश्य हुने र बनाउने, इच्छानुसार प्रेम वा मृत्यु गर्ने र गराउने खालका छन् । आफ्नो मंत्रसाधनाको लागि बोक्सीहरू, छोरा, छोरी, लोग्ने या अन्य घनिष्ठ व्यक्ति भोग या बलि दिन्छन् । नेपाली लोक सुत्केरीको दूध सुकेर गए, लैनो गाईले दूध दिन छाडे, अचानक काखे बालोको भोक हराए बोक्सीले कर्तव्य गरेको या आँखा लगाएको ठान्दछन् र धामी लगाउँदछन् । धामी र बोक्सीको प्रतिद्वन्दिताका सत्य घटनाहरू गाउँघरमा अझै पनि प्रशस्तै सुनिन्छन् । बोक्सीका नेपाली कथाहरूमा बोक्सीले वाण हानेको, रूप बदल्दा अक्सर कालो बिरालोको रूप लिएको हुन्छ । बोक्सीले औंला बालेको, पीपलको बोट उडाएर काशी

लगेको, डोकोले बोक्सी भनी बिरालु छोपेको, धामीले डामेको, अन्न बकाउन खुर्सानीको धूप दिएको विवरण छ र लोक-विश्वासहरू बोक्सीका कथासँग संबन्धित छन् । धामीका कार्यहरू सबैजसो बोक्सी सँग सम्वन्धित छन् तापनि कुनै कुनै सीधै जादू, मंत्रसँग पनि सम्बन्धित छन् । अक्षता छर्कन स्वास्नी डराएकोले बाघ भएको धामी पाँचऔंले बाघ भएर जंगल पसेको प्रसंग पनि कथामा उल्लिखित पाइन्छ ।

(५.ग) परीका लोककथाहरूमा अक्सर परी, अप्सरा, किन्नरी आदिको अलौकिक चरित्रका क्रियाकलाप,स्वभाव तथा सामर्थ्यका कौतूहल-पूर्ण वर्णनहरू हुन्छन् । तर नेपाली लोककथामा भने परीहरू अति-सुन्दरी राजकुमारी, दिव्य शक्ति भएको कुनै असाधारण युवती र राक्षसहरूद्वारा भगाइएका या पालिएका रूपसुन्दरीहरूको रूपमा पनि चित्रित छन् । कोही कोही त श्रापित अप्सरा भएर अरू केही कालसम्मको लागि मर्त्यलोकमा ओर्लेका पनि पाइन्छन् । असा-धारण शक्ति भएका परी कुमारीहरूको सामर्थ्य तथा कार्यहरू पनि मंत्रबल, जादू तथा चामत्कारिक क्रियाकलापले गर्दा असाधारण नै बन्न पुगेका छन् । अदृश्य भएर उड्न सक्ने, रूप-परिवर्तन गर्ने जस्ता कार्य परीहरूको निमित्त साधारण प्रतीत हुन्छन् । नेपाली लोककथामा चित्रित परीहरू दुःखीमाथि दयालु, मायालु, सहयोगी र सत्यका पक्षपाती छन् । यस प्रसंगमा नौलाहित र टुहुरोलाई तीन परीहरूले गरेको सहायता उल्लेखनीय छ । नेपाली परीकथाहरूमा मुख्य पात्रले परीहरूलाई रिझाउन खास कोशिश गर्नुपरेको देखिंदैन, उनीहरू आफैं नै रिझिएका छन् र सहयोग गर्न अगाडि सरेका छन्। परीहरूमा प्रायः दैवी अप्सराहरू बेसी छन् । तिनीहरू आफ्नो कर्त्तव्यमा चुकेर श्रापित भएर या अन्य कारणहरूले गर्दा मानवी रूप लिन विवश र बाध्य छन् । तर उनीहरू निश्चित घटना वा अवधिपछि शापमुक्त भएको उल्लेख साधारणतया भेटिन्छ । परीहरूबाट मनुष्यको क्षति,

कुभलो भएको पाइँदैन, बरु सहयोग र भलाइ नै भएको पाइन्छ। नेपाली लोककथामा पश्चिम-यूरोपका झैं पुरुष परीहरू पाइँदैनन्। कथामा उल्लिखित सबैजसो परीहरू सुन्दर, रूपवती, बुद्धिमती र चलाख छन्। उनीहरू अदृश्य चमत्कारपूर्ण शक्ति तथा जादूले पूर्ण छन् र चिताएको काम तत्कालै प्राप्त गर्न या पुऱ्याउन सफल छन्। परीहरू प्रेमिका या सहयोगीको रूपमा मात्र देखा नपरेर धेरै कथाहरूमा कथानायकसँग विवाह गरी सुखपूर्वक बसेका पनि छन्। नेपाली परीका लोक-कथाहरूमा आश्चर्य, रोमान्स, विचित्रता आदिको प्रभाव बढी रूपमा पाइन्छ। त्यसैले ती अलौकिक अद्भुत र उत्सुकतापूर्ण हुन्छन्।

(६) दैवी लोककथाहरू

कार्य-कारणको सही छेउ-टुप्पो केलाउन कठिन पर्ने, घटित काकतालीले अप्रत्याशित रूपमा तालुमा आलु फल्ने घटना र पात्रहरू भएको घतलाग्दा मनोरञ्जनपूर्ण नेपाली दैवी लोककथाहरूमा दैव दाहिने भए कसैले टाउको फुटाए पनि केही नलाग्ने तथ्य प्रतिविम्बित छ। नेपाली दैवी लोककथाका पात्रहरू आफूलाई भाग्यले या काकतालीले साथ दिएको या ईश्वर आफ्नो दाहिने भएको कुरो आफैं थाह पाउँदैनन्। उनीहरूले आफूलाई परेको अन्याय तथा आपत् टार्न ईश्वरको अनुग्रह खोजिरहनुपर्दैन। भगवान् आफैं विभिन्न रूपविशेष गरेर पशु (स्याल, भालू) आदिको रूप लिएर या चमत्कारपूर्ण कार्यहरू सम्पन्न गरेर आफ्ना भक्तहरूको उद्धार गर्दछन्। यस्ता कथाहरूमा दुई दिदी-बहिनी, दुई दाजु-भाइ आदिका कथा प्रसिद्ध छन्। नेपाली लोककथामा वारवार देखा पर्ने देवी-देवता प्रायः महादेव र पार्वती हुन्छन्। उनीहरू दीन-दुःखी असहायको सहाय भई आउँछन्।

अन्य दैवी लोककथाहरूमा पनि कथाका पात्रहरूले आफूमा आई परेको आपद्-विपद् टार्न या समस्या समाधान गर्न विशेष कोशिश

गर्नु परेको देखिंदैन । अनजान र अज्ञात स्थितिमा घट्ने घटनाले कथाका मुख्य पात्रलाई मान-मर्यादा तथा इज्जत प्राप्त हुन जान्छ। कथाका पात्रहरू जताततै ढुङ्गा खोज्दा देवता पाउँछन् । अबाटोमा हिंडे पनि उनीहरूको पाइला जैले पनि बाटैमा परेको प्रमाणित हुन्छ। उनीहरू ख्याल-ख्यालैमा काकतालीले प्रतिष्ठित र प्रसिद्ध हुन पुग्छन् । फट्यांग्रे ज्योतिष काकतालीले नै राजज्योतिष हुन्छ, राजवृक्षबाट वैद्यले राजाबाट कप्तान पद पाउँछ, ज्यापूले बाजीमा महादेवलाई हिस्याउँछ । अत्तर (चरेस) बाट चार भाइहरू सत्य कुरो पत्तो लगाउँछन्। यसै गरी कोही यमपुरीबाट फर्केर आएका छन्, कोही साधु नर्कबाट स्वर्ग गएका छन्।

यथार्थमा दैवी लोककथाहरू अपत्यारिलो अप्रत्याशित घटनाहरूले पूर्ण भए पनि रोचक र घतलाग्दा हुन्छन् । यी दैवी लोककथाहरू एकातिर मान्छे नियति तथा भाग्यको खेलौना भएको कुरा देखिन्छ भने अर्कोतिर स्वयं मान्छेले देवी-देवतालाई बाजीमा जितेर चूप लगाउन लाएका छन् । र काकतालीले पनि मान्छे समाजमा प्रतिष्ठित र मर्यादित हुन पुगेका छन्।

(७) फलफूलका लोककथाहरू

नेपाली लोककथाहरूमा पशु-पक्षी, ढुङ्गा-माटो, नदीनाला, समुद्र झैं फलफूल, रूख बिरुवा पात्रहरू पनि प्रशस्त देखिन्छन् । पशु-पक्षी जस्तै कथाका यी पात्रहरू पनि मान्छेको भाषा बोलेर मान्छे झैं व्यवहार गर्दछन् । कथाको उत्पत्तितिर ध्यान दिंदा फलफूलका कथा पशुपक्षीका कथाभन्दा प्राचीन लाग्दछन् । प्रत्यक्ष रूपले फलफूलको स्वभाव र प्रकृति दर्साउने यी कथाहरूले अप्रत्यक्ष रूपले कथा प्रचलित समाज तथा जातिको सामाजिक प्रचलन र रीति-रिवाजलाई व्यक्त गरेका छन् । एक प्रकारले यी कथाहरूलाई पशुपक्षीका कथाहरूमा अर्को उपवर्ग बनाई सामेल गर्न सकिन्छ । कथाको संख्याअनुसार फलफूलका लोककथाहरू नेपालीमा कम पनि छन् । तर

कथाको विशेष शैली प्रकार र पात्रहरूले गर्दा यी बेग्लै र आफ्नै प्रकारका छन् । धान र कोदोले क्रमशः एक-अर्कालाई धनपाल र जनपाल नामले सम्बोधन गरेको, चिल्लो फर्सीले काँडा उम्रेको कारण काँक्रालाई सोधेको कुराहरू रमाइला र घतलाग्दा छन् ।

फलफूल तथा रूख-बिरुवा पात्रहरू अन्य नेपाली लोककथाहरूमा पनि पाइन्छन् । फलहरूमा फर्सी, भोगटे तथा वेल, रूख-बिरुवामा वर, पीपल, वेल, बाँस र फूलहरूमा विशेषतः कमलको उल्लेख साधारणतया कथामा उपलब्ध छन् । यी रूख-बिरूवा तथा फूलहरू कथामा धेरैजसो कथाको अन्यायमा परेका विश्वासघातको शिकार भएका पात्रहरूको हेर-विचार, सर-सहयोग र मर-मद्दत गर्न आउँछन् भने कतै उनीहरू परिवर्तित योनि या रूप लिएर पनि आउँदछन् । फलफूलका धेरैजसो प्रचलित लोककथाहरू रूप-परिवर्तनसँग सम्बन्धित देखिन्छन् । यस्ता प्रचलित र प्रसिद्ध लोककथाहरूमा 'पराक्रमी फर्सी' र 'वेलवती कन्या' विशेष उल्लेखनीय छन् । यी कथाहरू अन्य कथावर्गअन्तर्गत पनि समाविष्ट हुन सक्छन् । रूप परिवर्तन गर्ने फलफूलका यी कथामा मान्छे पात्रहरू पनि आउँछन् । फलफूलका कारण-निर्देशक कथाहरूमा लालीगुराँस र उत्तिसको बिहे, उत्तिसा पहरामा उम्रेको, दूबा अजर अमर भई सधैं हरियो भएको, काँडादार ऐंसेलुको झाडीमा सुन्दर फल फलेको कुरा घतलाग्दो छ । पछिल्ला दुई कथाहरूमा धार्मिक विश्वास पनि प्रतिविम्बित छन् । सल्लाको रूख काटिएपछि नासिन्छ, तर अँडीरको रूख भने फेरि पलाएर आउँछ । यसको कारण दिदी खोज्दै आएको भाइले बाटो सोध्दा नभन्नु र भन्नु हो भन्ने छ ।

(८) साहस तथा बहादुरीका लोककथाहरू

साहस, आँट, शौर्य तथा बहादुरीका लोककथाहरूको नेपाली गाउँघरमा बाहुल्य हुनु स्वाभाविक छ । यस्ता कथाहरूमा कथाका नायक-नायिकाहरूले आफ्नो ज्यानलाई हरदम हत्केलामा राखी चतुरता-

साथ आफ्नो लक्ष्य प्राप्त गर्ने क्रममा अनेक असम्भव र कठिन कार्यहरू फत्ते गर्दै साहस र शौर्य प्रदर्शन गरेका हुन्छन् । बहादुरीका लोककथाहरूमा विशेषतः राजकुमार, राजकुमारी र मन्त्रिपुत्रहरू मुख्य पात्रको रूपमा देखिन्छन् । तर नेपाली लोककथावाचकहरू एकबित्ते, मालीको छोरो, कर्मीकी छोरी जस्ता अन्य सर्वसाधारण व्यक्तिहरूको आँट र साहसलाई पनि उल्लिखित र अंकित गर्न चुकेका छैनन् । कथाहरूमा रोएर, अलाप-विलाप गरेर, भयभीत भई आत्तिएर आपत् नटर्ने तथ्य प्रदर्शित छ । यी कथाहरू नेपाली लोक-समाजमा सस्तो रोमान्सको भन्दा शौर्यपूर्ण साहस र हिम्मतको महत्ता स्वीकृत भएको प्रमाणस्वरूप छन् । कथाहरूमा राजकुमारी तथा राजेतर अन्य पात्रहरूको प्रतिभा एवं साहसिक कार्यको परीक्षा लिन विवाहका कठिन शर्तहरू तेर्स्याइएका छन् । कार्य फत्ते गर्न नायकहरू परोपकारी तथा सहयोगी भावले अन्य, पशुपक्षी, कीट, पतंग आदिको आवश्यकतानुसार सहयोग प्राप्त गर्दछन् । धेरैजसो कथाहरूमा कथानायकले अन्य विशेष विशेषता भएका सहनायकहरूबाट उपयुक्त सहायता पाई आफ्नो वाञ्छित उद्देश्य, फल, अभीष्ट या राजकुमारी हात लगाउँदछ। कथा-नायिकाहरूले पनि आफ्नो काम सफल गराउन आपद्-विपद्को हरेकजसो घटनामा नायकहरूलाई हरतरहले सघाउँछन् । यी नायिकाहरू नायकहरू झैं विशेषगुण तथा प्रतिभाले सुसंपन्न देखिन्छन् । फूलमती भैयाँ हाँस्दा सुनको फूल झर्दछ, पाइला चाल्दा सुनको धूलो उड्छ । यी विशेषकन्याहरूलाई जोगाउने या प्राप्त गर्ने क्रममा नायकहरू आफ्नो जीवन होम्न तयार देखिन्छन्, कतिले त होमेका पनि छन् । कथाका विशेष-नायिकाहरू सुन्दरी राम्री मात्र नभएर बुद्धिमती, चतुर तथा साहसी पनि देखिन्छन् । उनीहरू कतै चमत्कारी वस्तु दिएर नायकलाई सहयोग गर्दछन्, कतै भेष बदलेर, पुनर्जन्म लिएर या केही महीनाको व्रत लिएर एकातिर आफ्नो सतीत्वको रक्षा गर्दछन् भने अर्कातिर आफूले भनेको कुरा पुष्टि गर्दछन् । विभिन्न

कठिनाइ, विकट समस्या आपद्-विपद्मा धैर्य धारण गरी परिस्थिति-अनुकूल साहसपूर्ण जोखिम पाइला चाली सामना गर्नु यस्ता कथा-हरूका नायक-नायिकाहरूको विशेषता नै हो। मरेका भए पनि कथाको अन्तमा नायक-नायिकाहरू एक अर्कालाई प्राप्त गर्न सफल छन्। सबैजसो कथाहरू संयोगान्त छन्।

बहादुरीका लोककथाहरूमा भयावह जन्तु तथा राक्षसहरूको शिकार गर्नु, अज्ञात देश र प्रदेशहरूको भ्रमण गर्नु, सात समुद्रपारि पुग्नु, पाताललोकमा जानु सामान्य र साधारण लाग्दछ। मुख्य पात्रले आफ्नो बहादुरी तथा विशेषता प्रदर्शन गरी प्रमाणित गरेपछि राजा-रजौटा, साहू-महाजनहरू तथा ठूलठूला राक्षस, देवी-देवताहरूले समेत योग्य वर ठानी आफ्ना छोरी-बेटी र आधा राज्य इनामस्वरूप दिएको पाइन्छ। कथाहरूमा बहुविवाहको उल्लेख र प्रचलन यत्र-तत्र पाइन्छ। वास्तवमा यी सामन्तकालीन सांस्कृतिक अवशेषका चिह्न-हरू हुन्। केही कथामा अरूका सुन्दरी जहानमाथि महाराजा, राजा-रजौटा, मंत्रीहरू तथा ठूला-ठालूले आसक्ति पनि देखाएका छन्। उनीहरू कन्या प्राप्त गर्न हरतरहका उपायहरू अपनाउँछन्, नायकलाई अनाहकमा हुनसम्मको दुःख हण्डर दिन्छन्, तर आखिरमा आफैं सकिन्छन्। नायकहरूलाई धेरैजसो कथामा ऋषि, मुनि, तपस्वी, सिद्धहरूबाट ठूलो सघाउ र सहयोग प्राप्त भएको पाइन्छ। नेपाली कथामा देखा पर्ने यी ऋषि, मुनि, सिद्धहरू विशेषशक्ति तथा सामर्थ्यले पूर्ण छन्। यो हाम्रो पौराणिक धार्मिक तथा सांस्कृतिक विश्वासको परिणाम हो जो पश्चिमी देशका लोककथाहरूमा उति उपलब्ध छैनन्।

बहादुरीका कथाहरूमा 'कैतपुराण', 'रक्तकमल', 'पहाडको रत्न', जस्ता आश्चर्यजनक, अलभ्य, अप्राप्य वस्तुहरू प्राप्त गर्न कथानायकहरूले साहसपूर्ण जोखिम यात्राहरू पनि गरेको देखिन्छ। 'पिंजडाको बुलबुल', 'नौलाहित', 'फूलयुङ्गारानी', 'हीरामणि'

आदि यस्तै कथाहरू हुन् । नेपाली लोककथाका वीर तथा बहादुर पात्रहरूलाई न पहाडले छेक्न सक्छ, न समुद्रले थुन्न सक्छ, न नदीले बगाउन सक्छ, न दैवले नै रोक्न सक्छ । उनीहरू अनेक कठिन-भन्दा कठिन समस्याहरू झेल्नुपरे पनि अजेय र अभेद्य जस्ता लाग्छन् । बहादुरीका लोककथाहरूमा 'फत्ते तरबार' उल्लेखनीय छ। अन्य कथाहरूको प्रसंगमा राक्षस मार्ने राजकुमार दिव्पाल र सत्तल-सिंहको साहस, वीरता पनि बिर्सन नहुने छ । उनीहरू दुवै राक्षसहरू-का घनिष्ठतम सम्बन्धीहरूबाट काल पत्तो लगाई राक्षसलाई मार्दछन् र राजकुमारीहरू बिहे गर्दछन् । यिनीहरूमा पनि धर्मपाल राजकुमारको साहस, धैर्य र बहादुरी अझ प्रबल, प्रमुख र उल्लेखनीय देखिन्छ ।

(६) धार्मिक लोककथाहरू

नेपाली लोक-जीवनमा धर्मको स्थान महत्त्वपूर्ण छ। यथार्थमा लोक-जीवनको आधार नै धर्म देखिन्छ । धर्मप्रति नेपाली लोक-मानस सदा श्रद्धानत र विश्वस्त छ । धार्मिक कर्मलाई नेपाली लोक-ले आफ्नो जीवन तथा व्यवहारमा सदा निर्वाह गर्न खोजेको पाइन्छ। यिनै धार्मिक भाव तथा उद्देश्य राखेर श्रवण तथा मनन गरिने व्रत, उपवास, धार्मिक विधि-विधान तथा धार्मिक मूल्य र आदेशसँग संबन्धित हाम्रा कथाहरू धार्मिक लोककथाहरू हुन् । विशेष-उत्सव, विशेष चाड-पर्व, विशेष धार्मिक अनुष्ठान, विशेष पौराणिक व्यक्तित्वलाई प्रयोग र उपयोगिताको दृष्टिकोणले दुई भागमा बाँड्न सकिन्छ–

(६.क) व्रतात्मक लोककथाहरू

(६.ख) पौराणिक लोककथाहरू

(६.क) व्रतकथाहरूलाई माहात्म्य पनि भन्न सकिन्छ । यी कथाहरू बर्त बस्दा सुन्ने गरिन्छन् । यिनमा विशेष-बर्त या पर्वको माहात्म्य पनि वर्णित हुन्छन् । व्रतकथाहरू धार्मिक पर्व तथा चाडसँग संबन्धित भए पनि ती चाड-बाडका उत्पत्तिका कथाहरू होइनन् । नेपाली लोक-जीवनमा विशेष-व्रतको अवसरमा विशेष-कथा पढ्ने र सुन्ने

चलन छ । लोककथाहरूमा यिनीहरूको बेग्लै स्थान र महत्त्व हुन्छ । व्रतकथाहरू बहुधा स्वास्नीमान्छेहरूको बीचमा प्रचलित र लोकप्रिय छन् । बर्त बसेको दिनमा यी कथाहरू नसुनेमा वांछित फल प्राप्त हुँदैन भन्ने धार्मिक विश्वास गाउँघरमा स्वास्नीमान्छेहरूको बीचमा पाइन्छ । विशेषतः नेपाली स्त्रीसमाज व्रत उपवास आदि अनेक धार्मिक अनुष्ठानहरूको सम्बन्धमा भावुक छन् । उनीहरू प्रायशः गृहस्थ जीवनको सुख-सुविधाको बीचमा आइपर्ने या आएको बाधाको निवारण, कुनै वांछित फल--राम्रो घर, राम्रो वरप्राप्ति, संतानको कामना, आफ्ना पतिदेव तथा छोराछोरीको मंगल कामना आदिमध्येकै उद्देश्यहरू राखेर व्रत लिने गर्दछन् । बर्त बस्दा विभिन्न देवी-देवताहरूलाई आफ्नो त्याग, तपस्या, भक्तिभाव, पूजाआजा आदिले मनाउने गरिन्छ । साधारणतया व्यावहारिक जीवनको सुख, समृद्धि सफलता, शान्ति प्रगति तथा मोक्षप्राप्तिको उद्देश्य सबैजसो बर्त-कथाहरूमा उपलब्ध हुन्छन् । तथापि व्रतका विशेष उद्देश्यहरूमा सन्तान-प्राप्ति, अखण्ड सौभाग्य, शुभ कर्मको निमित्त प्रेरणा, सुगतिको प्राप्ति, स्त्रीत्व र सतीत्वको मानरक्षा आदि प्रमुख देखिन्छन् । नेपाली समाजमा प्रचलित व्रतात्मक कथाहरूमा 'सत्यनारायणको कथा', माघमा भनिने 'स्वस्थानीव्रतकथा', कार्तिकमा भनिने 'कार्तिक-माहात्म्य', पुरुषोत्तम महीनामा भनिने 'पुरुषोत्तमको कथा', तीजको वेला भनिने 'तीजको कथा', एकादशीमा भनिने 'एकादशीव्रतकथा', प्रतिशुक्रबार भनिने संतोषी माताको कथा आदि उल्लेखनीय छन् ।

(९ख.) पौराणिक लोककथाहरू

पौराणिक कथाहरूमा अक्सर प्राचीनकालमा घटित घटनाहरू वर्णित हुन्छन् । नेपालमा पनि प्राचीन हिन्दू पुस्तकहरू विशेषतः रामायण, महाभारत, पुराण (भागवत आदि) र अन्य यस्तै प्रसिद्ध ग्रन्थहरूमा चित्रित र वर्णित राजा-महाराजा, देवी-देवताका विषयमा लोकमा प्रचलित कथाहरू नै विशेषतः पौराणिक कथाका नामले

परिचित छन् । यस्ता कथाहरूमा कुनै देश या जातिको धार्मिक विश्वास, प्राचीन देवी-देवता तथा वीर–बहादुर आदिको अलौकिक परम्परा उपलब्ध हुन्छ । पौराणिक कथाका यी पात्रहरूको चरित्रमा कल्पना र तथ्य दुवैको संमिश्रण प्राप्त हुन्छ । बहुधा यी कथाका चरित्रमा अलौकिकता र अतिरञ्जनाको अंश विद्यमान पाइन्छ । यी कथाहरूमा स्थानीय लोकको धार्मिक मूल्य, आस्था र विश्वास अंकित र प्रतिविम्बित हुन्छन् । अतः यी कथाहरू लोक-जीवनको आवश्यक अंगको रूपमा स्वीकृत छन् । नेपाली समाजमा प्रचलित र प्रसिद्ध पौराणिक कथाहरूमा नल-दमयन्ती, शैव्या-हरिश्चन्द्र, सावित्री-सत्यवान्, राधा-कृष्ण, सीता-राम, प्रह्लाद-भक्ति-कथा, श्रवणकुमार कृष्ण-सुदामा, शिव, दधीचि, कौरव-पाण्डव आदिका अनेक कथाहरू छन् । यी कथाहरूको लिखित र मौखिक दुवै परम्परा हामीकहाँ उपलब्ध छन् ।

(१०) विविध लोककथाहरू

कथाको स्वरूप, पात्र तथा उद्देश्यअनुरूप अन्य वर्गमा समावेश हुन नसकेका कथाहरू यस वर्गभित्र पर्छन् । कथाको विशेष-स्वरूप र उद्देश्यले लघुछन्द कथा, क्रमसंवर्धित कथा, उक्तिप्रमाण कथाहरूको छुट्टै वर्ग बनाउन सकिन्छ, तर ती कथावस्तु पात्र तथा खास उद्देश्यको दृष्टिले माथिका अन्य कथावर्गहरूमा समाविष्ट हुन सक्छन् । बरु उमेर या वयोविभेदले कथालाई अनेक वर्गमा विभक्त गर्नु वैज्ञानिक नभए पनि बाल-कथाहरूको छुट्टै वर्ग बनाउनु भने अनुपयुक्त देखिँदैन । किनभने लोककथाहरू बालकहरूलाई शिक्षादीक्षा दिने क्रममा संसारैभरि प्रयोगमा आउन थालेका छन्। तिनीहरू बालकहरूको निमित्त रुचिकर र आकर्षक पनि प्रमाणित भएका छन् ।

माथि उल्लेख गरिएको वर्गीकरणको विभिन्न कथावर्गलाई छुट्टाछुट्टै जनाउने निश्चित पारिभाषिक शब्दहरू हामीकहाँ अत्यन्त कम छन्, भए पनि ती प्रचलनमा छैनन् । त्यसैले यहाँ यिनको प्रयोग

चाहेर पनि यथेष्ट हुन सकेन । यो वर्गीकरणले कथाको स्वरूपलाई मात्र पश्चिमी विद्वान्हरूले झैं आफ्नो आधार बनाएको छैन । यहाँ नेपाली लोक-संस्कृतिका पृष्ठभूमि मा कथाका पात्रहरूको स्वभाव तथा प्रकृतिलाई साथै उद्देश्य एवं पात्रहरूलाई पनि दृष्टिगत गरिएको छ । फेरि कथाको निश्चित स्वरूपलाई जनाउँदा प्रयोग गरिने निश्चित शब्दहरूमा विभिन्न देशका विद्वान्हरूको मत-विभिन्नता भएको तथ्य पनि माथि नै यथास्थानमा उल्लेख गरिसकिएको छ । नेपाली लोककथाहरूलाई लिएर गरिएको यो वर्गीकरण पूर्णतः वैज्ञानिक छ, यसमा अदल-बदल गर्न सकिन्न भन्ने लालमोहरिया दावा गर्न सकिन्न; किनभने माथि भनिएझैं हामीले चाहिएजति संख्यामा नेपाली लोककथाहरूको उपयुक्त संकलन गरिसकेकै छैनौं । तैपनि यसमा नेपाली लोककथाको वैज्ञानिक अध्ययनको सूत्रपात गर्ने प्रयास भएको छ । यसले नेपाली लोकवार्ता लोक-संस्कृति तथा लोक-साहित्यको क्षेत्रमा अलिकति पनि रुचि राख्ने व्यक्ति वा विद्यार्थीको निमित्त अवश्यमेव आवश्यक पृष्ठभूमि र सहयोग प्रदान गर्नेछ भन्ने कुरामा भने विश्वस्त हुन सकिन्छ ।

ऐतिहासिक सांस्कृतिक नेपाली लोककथाहरू

लोक-विश्वासले सत्य ठानेको सृष्टि-चक्रअन्तर्गत समावेश हुन सक्ने कारण-निर्देशक तथा सृष्टि-उत्पत्तिविषयक व्याख्यात्मक कथाहरू नेपालमा प्रशस्त प्रचलित एवं लोकप्रिय छन् । यस्ता कथालाई पढे-लेखेका शिक्षित व्यक्तिहरू किम्बदन्ती, अनुश्रुति, जनश्रुति, उपाख्यान आदि भन्ने गर्दछन् । सांस्कृतिक घटना, ऐतिहासिक व्यक्ति तथा स्थानविशेषको नामकरण एवं स्थानीय चाडपर्व, रीति-रिवाज देवी-देवता र मन्दिरहरूको निर्माण र आरम्भसँग सम्बन्धित यस्ता कथाहरूले ऐतिहासिक तथ्य, सांस्कृतिक विश्वास, सामाजिक प्रचलन र धार्मिक विशेषताहरूलाई जोगाएर राखेका छन् । अतः यी कथाहरू वृहत् अर्थमा ऐतिहासिक सांस्कृतिक वर्गभित्र पर्छन् ।

अंग्रेजीमा यस्ता कथाहरूलाई 'लिजेण्ड्स्' भनिन्छ । प्रारम्भमा पूजापाठ आदि धार्मिक अवसरहरूमा पाठ गरिने या बाचिने यी कथाहरूको कथावस्तु कालक्रमानुसार ऐतिहासिक तथा सांस्कृतिक तथ्यहरूमा आधारित भएर निश्चित हुन गएको हो । व्यक्ति, स्थान वा खास घटनाको विषयमा कहिने यी कथाहरूमा लोकले आफ्नो विश्वास, रुचि, भावना, तथा कल्पनाअनुरूप मौखिक सामग्री थप-घट गर्ने गर्दछन् । फलस्वरूप यस प्रकारका लोककथाहरूमा घटना, तथ्य, परम्परा आदिको समन्वय उपलब्ध हुने गर्छ र यी कथाहरू जातीय तथा आंचलिक सामाजिक सांस्कृतिक इतिहासको विकासक्रमको अध्ययनको

निमित्त विशेष उपयोगी र महत्त्वपूर्ण हुन सक्छन् । समाजशास्त्री, मानवशास्त्री तथा इतिहासकारहरूले यी कथाहरूबाट संकेत गर्न खोजिएको तथ्य तथा सामाजिक सूत्रहरूको समुचित उपयोग गरेर अज्ञात र विशृङ्खलित सामाजिक तथा ऐतिहासिक परम्परालाई शृङ्खला प्रदान गर्न आवश्यक सहयोग लिन सक्दछन् । सांस्कृतिक समाजशास्त्रीय अध्ययनमा यस्ता कथाहरूका प्रशस्त महत्त्व स्वीकृत भएर प्रशस्त सदुपयोग भएको भए पनि ऐतिहासिक शोधकार्यहरूमा यिनीहरूको अपेक्षित प्रयोग हुन सकेको छैन । यी किंम्बदन्तीहरू आफैंमा इतिहास होइनन्, यिनले पूर्णतः इतिहासको प्रतिनिधित्व गर्न सक्तैनन्, तर खण्डित रूपमा भए पनि यिनीहरूमा उपलब्ध हुने ऐतिहासिक तथ्यको संकेत, तत्कालीन सामाजिक तथा सांस्कृतिक चेतनाको झलकलाई सरासर उपेक्षा गर्नु अनुचित देखिन्छ ।

हामीकहाँ मन्दिर-देवी-देवताहरूसँग, उत्सव-चाडपर्व-जात्रा-मेलाहरूसँग, ऐतिहासिक तथा पौराणिक व्यक्तिविशेषको महत्तासँग, स्थानीय गाम-ठाम र शहरको नामकरणसँग, सामाजिक धार्मिक अनुष्ठान र रीति-रिवाजसँग, अधिराज्यमा बसोबास गर्ने विविध जातिको पारस्परिक सम्बन्धसँग, छिमेकी देशहरूसँगको सांस्कृतिक सम्बन्ध र आदान प्रदानसँग सम्बन्धित किम्बदन्ती तथा उपाख्यानहरू प्रशस्त प्रचलित छन् । यी किम्बदन्तीहरू नेपालको ऐतिहासिक सांस्कृतिक, सामाजिक तथा धार्मिक मान्यताहरू र प्रचलनहरूसँग सीधा सम्बन्ध भएकोले नेपाली लोक तथा जातीय जीवनका अभिन्न र अविछिन्न अंग बनेका छन् । उत्तरी र दक्षिणी छिमेकी राष्ट्रहरूसँगको राजनैतिक, सामाजिक सांस्कृतिक तथा धार्मिक आदान-प्रदान र एक अर्काका विविध जातिको आवत-जावतले आफ्नो प्रभाव केही छोडे पनि नेपाली सांस्कृतिक परम्पराका आफ्ना स्थानीय विशेषताहरू तथा निजी मौलिकताहरू भएको तथ्यको पुष्टि नेपाली जनसाधारणमा प्रचलित यी लोकाख्यानहरू गर्दछन् । नेपालको अतिप्राचीनता, सह-अस्तित्वमा आधारित

धार्मिक सहिष्णुता, विविधताभित्रको साझा राष्ट्रिय एकता, बहु-जातीय ऐक्य, राजतंत्रको अक्षुण्ण परम्परा, तन्त्रमन्त्रको प्राबल्य, बौद्ध र हिन्दू तन्त्रको एकैसाथ प्रछाप र प्रभावहरू नै अर्थपूर्ण नेपाली लोकोपाख्यानका वास्तविक स्रोत र मुहानहरू हुन् । यस्ता कथाहरूको निर्माणमा विविध स्थान तथा भेकका जातिको भौगोलिक पर्यावरण, प्राकृतिक वातावरण र उनीहरूको जातीय स्वभाव तथा प्रचलनले पनि कम महत्त्वपूर्ण भूमिका खेलेका छैनन् । अधिराज्यका लेकर्येसी हिमाल, पहाड र तराईखण्डमा घट्ने या आइपर्ने तत्कालीन अनियन्त्रित प्राकृतिक प्रकोप, महामारी, विभीषिका आदिले पनि प्रशस्त स्थानीय किम्बदन्तीहरू जन्माएका छन् । यस्ता कथाहरूमा काठमाडौं उपत्यकाभित्र प्रचलित त्रास-भावबाट उत्पन्न कथाहरू विशेष उल्लेखनीय मानिएका छन् । कति यस्ता कथाहरू संरक्षण तथा समृद्धिका देवी-देवतासँग सम्बन्धित छन् भने कति यस्ता कथाहरू भयावह, क्रोधी, डरलाग्दा देवी-देवता-राक्षस-अजिमा तथा भैरवहरूसँग सम्बन्धित पाइन्छन् । काठमाडौं उपत्यकाका निवासी शिवमार्गीहरूको समाजमा प्रचलित कथाहरूमा पनि तन्त्रवादको बलियो प्रभाव भेटिन्छ । तन्त्रको या बौद्ध प्रभावले गर्दा नेपाली मन्दिरहरू पनि जगन्नाथका मन्दिरहरू झैं तत्कालीन अस्पृश्य शूद्रजातिहरूको निमित्त पनि खुल्ला रहेका छन् । तन्त्र-मन्त्रसँग सम्बन्धित कति यस्ता मन्दिरहरूमा अझै पनि पोडे र कुस्ले पुजारीहरू परम्परागत रूपमा कायम छन् । लाखे-नाच, मकुण्डो-नाच, भैरव-नाचहरू उपत्यकानिवासीहरूको जीवनका अभिन्न अंग रही आएका छन् । यी लाखे, राक्षस, भैरव तथा अजिमाको अस्तित्व एवं क्रियाकलापपछाडि प्रशस्त जनश्रुतिहरू छन् । यी क्रोधी रिसाहा तथा बलवान् देवी-देवताहरूलाई खुशीराजी तुल्याउन या तिनीहरूको खराब र अनिष्टकारी प्रभावबाट अमलेख हुने क्रममा जाति तथा व्यक्तिको भय-भाव तथा त्रास-ग्रन्थिहरूबाट यस्ता कथाहरू मनोवैज्ञानिक रूपले बुनिएका र

जन्मिएका छन् । गठेमंगल–घण्टाकर्णजात्रा, त्रिशूलजात्रा, घोडा-जात्राहरू यिनै राक्षस तथा भूतप्रेतको अनिष्टकारी प्रभाव हटाउने उद्देश्यले नै गरिएका हुन् । गठेमंगल र घोडाजात्रा काठमाडौं उपत्यकामा मात्र केन्द्रित छैन पूर्व र पश्चिमका अन्य विविध भागमा पनि प्रचलित छन् ।

स्थानीय देवी-देवता तथा मन्दिर-निर्माणसित संबद्ध

नेपाली अन्य स्थानीय देवी-देवता तथा मन्दिर-निर्माणको प्रसंगम प्रचलित किम्वदन्तीहरूमा बोधिसत्त्व मञ्जुश्रीको नेपालमा आगमन र स्वयंभू-मन्दिरको स्थापना, पितृहत्याको अपराध पखाल्न राजा मानदेव-बाट बौद्धनाथको निर्माण, नान्यदेव तथा प्रताप मल्लबाट तुलजा भवानीको स्थापना, भेरी अञ्चलको दुल्लु प्रदेशको ज्वालादेवीको प्रसिद्धि, बूढा नील कण्ठको प्राप्ति, कीर्तिपुरको बाघभैरव, हनूमान्-ढोकाअगाडिको कालभैरव र श्वेतभैरव, किरातप्रदेशको गजुर्मुखीदेवी, नक्साल भगवती, विरूपाक्ष पशुपति-ज्योतिर्लिङ्गको दर्शन र मन्दिर-निर्माण, प्रताप मल्लद्वारा गुह्येश्वरी मन्दिरको पुनरुद्धार, भादगाउँका यक्ष मल्लको पालामा एउटै रूखको काण्डले बनेको दत्तात्रेयको मन्दिर, राजा भूपतीन्द्र मल्लले सपनामा सुनेको मृत्युको आवाज निकाल्ने प्रसिद्ध कांस्यघण्टीसहितको वत्सला-मन्दिर, भैरव-लाई काबूमा ल्याउन तन्त्र-साधन गर्नुपर्दा बनेको पाँचतले मन्दिर, पाटनको सिद्धिनरसिंहबाट स्वप्न देखेको आधारमा तयार गरिएको कृष्ण-मन्दिर, र मीननाथ एवं मत्स्येन्द्रनाथका मन्दिरहरू, साथै नेपाल अधि-राज्यभर फैलिएको स्वस्थानीमा वर्णित सतीदेवीको अंगपतनसँग सम्बन्धित काली र महादेव, जुम्लातिरका साक्षात् देवी कालिका मालि-का तथा मष्टो आदिका किम्वदन्तीहरू उल्लेखनीय छन् । यसरी नै छिन्ताङ, मार्गा, बाराही, सुम्निम्मा र पारोहाङका राईलिम्बु किराती समाजमा प्रचलित उपाख्यानहरू पनि प्रसिद्ध छन् । अनेक बलि खाने देवी-देवताहरूमा हामीकहाँ मानवबलि समेत खाने देवी-देवताका किम्व-दन्तीहरू पनि प्राप्य छन् । यस्ता किम्वदन्तीहरूमा मृतकको अतृप्त आत्मा भूतले पुनर्जीवन प्राप्त गर्न नसकेको, परिवारका अन्य सदस्य

हरूलाई दुःख पीर दिन नसकेको कुराको उल्लेख पनि पाइन्छ ।

चाड, पर्व, उत्सव आदिको उत्पत्तिसित संबद्ध

नेपाल प्राचीन कालदेखि नै चाड,पर्व, उत्सवहरूले परिपूर्ण भएको देश हो । यहाँका बासिन्दाहरू वर्षभरि नै एक न एक प्रकारका चाड, पर्व, उत्सव, मेला, जात्रा मनाउने गर्दछन् । यी मनाइने उत्सव-जात्राहरूको सम्बन्ध प्रचलित हिन्दू र बौद्ध धार्मिक परम्परासँग बढी घनिष्ठ छ । तर ती सबैजसोको स्थानीयकरण भएको छ । विविध क्षेत्रका विविध जातिका धामी, झाँक्री, लामा, बिजुवा, ओझा, वनझाँक्री परम्पराको जनजातीय धर्मसँग पनि यस्ता पर्वहरू गाँसिएका छन् । यी पर्व, जात्रा, मेलाहरूको पछाडि कुनै न कुनै किम्बदन्ती, केही न केही जनश्रुतिहरू गाँसिएका पाइन्छन् । यिनीहरूमा पनि गाईजात्रा, घोडेजात्रा, इन्द्रजात्रा, कुमारीजात्रा, भोटोजात्रा, बिस्केटजात्रा, त्रिशूलजात्रा, दशैं, तिहार, हरितालिका (तीज), गठामुगल, फागु-महोत्सव धान्यपूर्णिमा, मकर-संक्रान्ति, बालाचतुर्दशी, सपनतीर्थ आदिका आ-आफ्ना जातीय तथा स्थानीय किम्बदन्तीहरू उपलब्ध छन् । यी कथाहरूमा धार्मिक इतिहास सामाजिक र सांस्कृतिक विश्वास र प्रचलनका प्रछापहरू प्राप्य छन् ।

स्थानको नामकरणसित संबद्ध

कुनै खास स्थान, शहर या देशको नामकरणसँग सम्बन्धित नेपाली किम्बदन्तीहरू कोही कोही कथाको रूप र प्रकारले गर्दा कारण-निर्देशक कथाभित्र पनि पर्दछन् । यस्ता केही कथाहरू नदी-नाला, पहाड-पर्वत, ढुंगा, चहुर, पाटनसँग पनि सम्बन्धित पाइएका छन् । एकातिर यस्ता केही कथामा ऐतिहासिक तथ्य स्थिर गर्न खोजिएका छन् भने अर्कातिर ऐतिहासिक तथ्य बांगिएर भत्किएर लोक-प्रसिद्ध एवं विश्वासअनुरूप किम्बदन्तीहरू पनि बनेका छन् । नेपाली इतिहासको प्रारम्भिक चरण एक प्रकारले इतिहासकारहरूले यस्तै किम्बदन्ती र उपाख्यानहरूको आधारमा स्थिर गर्न खोजेको पनि

पाइन्छ । नेपाल देशको नामकरणमा 'ने' गाई र 'ने' मुनिको गोपालवंशीय उपाख्यान खूब प्रचलित र प्रसिद्ध हुन पुगेको छ । काठमाडौं उपत्यका बस्न लायक बनाउन कृष्ण तथा मञ्जुश्रीले गरेको कार्य पनि कम प्रसिद्ध छैन । लक्ष्मीनरसिंह मल्लको पालामा लबै मत्स्येन्द्रनाथको यात्रा हेरिरहँदा कुनै ज्यापूले भेष बदलेर आएको कल्पवृक्षलाई चिनी एउटै रूखबाट बनाएको धर्मशालाको आधारमा काष्ठमण्डप नाम रहेको कारण सम्बन्धित किम्बदन्तीले जनाउँछ । स्थानको नामकरणसँग सम्बन्धित अन्य उपलब्ध कथाहरूमा भेडासिङ, भाटभटेनी, नारायणहिटी, भीमदह र भीमबाँध, इन्द्रचोक, असनको माछो, धनकुटा, तेह्रथुम म्यागलुङ, सिम्रोनगढ, देवीघाट आदि उल्लेखयोग्य छन्।

विद्वान्हरूको भनाइअनुसार नियोलिथिक सांस्कृतिक प्रछाप भएको संसारका अन्य देश र जातिमा जस्तो प्राचीन र मध्यकालीन नेपालमा पनि जादू, तन्त्र, मन्त्र आदिको विविध रिवाज विधि तथा निषेध आदिमा खँदिलो विश्वास भएको कुरो रीति-रिवाज, विधि-विधान, सामाजिक र धार्मिक अनुष्ठानसँग गाँसिएको नेपाली लोकोपाख्यानहरूको अध्ययनले प्रष्ट पार्दछन् । यी विधि-विधानहरू कृषि-जीवन यापन गरिरहेकोले माटोको उर्वरता, कृषि-जीवनको समृद्धि र प्रगति; महामारी र प्रकोपहरूले सखाप पार्ने हुँदा वंशाभिवृद्धि तथा महिला र पुरुषको उर्वरशक्तिको कामना गरेर सम्पन्न गर्ने गरिन्थे । यस क्रममा कति राजाहरूले आफूलाई तातो तेलमा भुटेर देवी-देवतालाई खवाएको, सपनामा देवी-देवतालाई देखी निर्देशन दिएअनुसार कार्य गरेको प्रसंग प्रशस्त उपलब्ध छन् । सर्वसाधारण जनता बाघ, भालू, बनेल, हात्ती जस्ता डरलाग्दा जंगली जनावरहरू; जर्ती, सुख्खा, बाढी, भुईंचालो, अतिवृष्टि, अनावृष्टि आदि प्राकृतिक प्रकोपहरू; हैजा, माई जस्ता संक्रामक रोग र व्याधिहरूबाट आफू, आफ्नो समाज र जाति लाई जोगाउने र बचाउने कार्यसँग बढी सम्बन्धित देखिन्छन्; प्रसाद, उपहार, तथा प्राणिबलि आदि डरलाग्दा देवी-देवतालाई

मनाउने आनुष्ठानिक विधिसँग उनिएका छन् । कृषि-प्रधान देश नेपालमा वेला-वेलामा अनावृष्टि अवर्षण हुँदा यहाँका प्रजा-पालक राजाहरूलाई के गरी जनताले कृषिकार्य चलाउलान् भन्ने चिन्ता हुनु स्वाभाविक हो । वाह्रवर्षे इनारको कथामा तत्कालीन राजाहरूले आफ्ना तान्त्रिक आचार्यहरूको सहयोगले उस वेलाको रिवाज र विश्वास-अनुसार आफ्नो प्राणको बाजी समेत लगाएको कुराको दृष्टान्त पाइन्छ । लाखेनाच, देवीनाच, महाकालीनाच आदि अनेक नाचहरू विशेषवेलामा विशेषव्यक्तिहरूको संमानमा प्रदर्शन गरिने नेपाली संस्कृतिका रिवाज र प्रचलन हुन् । उक्त कुरा इन्द्रजात्राको प्रासंगिक किम्बदन्तीले जनाउँदछ । बालक-बालिकाहरू आकाशदेवी लागेर बिरामी भए अझै पनि भाट-भटेनी मन्दिरमा पूजा गर्न जाने प्रचलन विद्यमान छ । तन्त्र-मन्त्र-शक्तिको उल्लेख भाट-भटेनीको साथै भेडासिङको कथामा पनि आउँदछ ।

प्रचलन र पद्धतिसँग संबद्ध

प्रचलन र पद्धतिसँग गाँसिएका किम्बदन्तीहरूमा नेवारी जातिमा प्रचलित 'इहि' प्रथाको कथा विशेष उल्लेखनीय छ। उपत्यकाका खास नेवारहरूको विवाहमा विशेषतः दुलहा जन्तीहरूसँग दुलहीको घर जाँदैनन्। सब वैवाहिक अनुष्ठान केवल दुलहीको उपस्थितिमै सम्पन्न हुने गर्छ । लोक-विश्वासअनुसार नेवार जातिकी कन्या कहिले पनि विधवा हुँदैन, ऊ सदा सधवा रहन्छे । प्रचलित किम्बदन्तीअनुसार बालकुमारी कन्याहरूको विवाह सुवर्णकुमारको सुवर्णको आकृति र बेलफलसँग हुन्छ। लोकाख्यानले युवकसँग उमेर पुगेपछिको विवाह-लाई स्वीकृत करार ठहऱ्याएको छ । रजस्वला हुनुअघि नै यो सामाजिक अनुष्ठान सम्पन्न गर्ने प्रचलन छ । सुवर्णकुमार र बेलफलसँग गाँसिएको वैवाहिक सम्बन्ध लोकजीवनमा अकाट्य र अविच्छिन्न मानिन्छ । संभवतः त्यसैले पनि विधवा-विवाह नेवार-समाजमा निषिद्ध थिएन । यसै गरी गुफा राख्ने प्रचलनसँग सम्बद्ध कथाहरू

पनि भेटिएका छन् ।

ऐतिहासिक, अर्ध ऐतिहासिक तथा धार्मिक व्यक्तिसित संबद्ध

ऐतिहासिक, अर्ध ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक खास व्यक्ति, राजा-महाराजा-सामन्त-वीर नायक, साधुसन्त, सिद्ध, योगी, तान्त्रिकहरूसँग सम्बन्धित किम्बदन्तीहरू नेपालका विभिन्न भागमा यत्र तत्र छरिएका छन् । यस्ता किम्बदन्तीहरू कुनै धार्मिक विश्वासको विशिष्टता, कुनै व्यक्तिको व्यक्तित्वको महत्ता, कुनै सांस्कृतिक प्राबल्य जनाउने खालका छन्। मंजुश्रीको नेपालमा आगमन, बौद्ध देवताहरूसँग सम्बन्धित पशुपति, विरूपाक्षको पापप्रक्षालन, गणेशको प्रथम पूजा आदिका उपाख्यानहरू बौद्ध विश्वासको प्रबलता र व्याप्तिलाई जनाउने उपाख्यानहरू हुन् । कति उपाख्यानहरू त कुनै खास इतिहासप्रसिद्ध जातिसँग पनि सम्बन्धित छन् । यिनीहरूमा किरात, लिच्छवि र मल्लहरूसँग सम्बन्धित कथाहरू उल्लेखनीय छन् ।

काठमाडौं उपत्यकाको राज्य-सञ्चालन निकै अवधिसम्म किरात राजाहरूले गरेको कुरो इतिहासका अध्येताहरू बताउँछन् । महाभारतमा पनि किरातहरूको विषयमा अनेक ठाउँमा उल्लेख आउँछ। स्थानीय किरात वीर नायकहरूसित सम्बद्धको कथाहरू पनि यहाँ प्राप्य छन् । किरातहरूले जुदिष्टिरको राज्यारोहणमा चन्दन, काष्ठ, छाला, सुन, हीरा तथा विभिन्न प्रकारका चराचुरुङ्गीहरू उपहार चढाएको उपाख्यानबाट उनीहरू के-कस्ता वस्तुहरू चलाउँथे, कस्ता वस्तुलाई महत्त्व दिन्थे भन्ने कुरा पत्ता लागेको छ ।

किराती किम्बदन्तीहरू विशेषतः आपनो जातिको बहादुरी, विगत समयमा प्रदर्शित साहसपूर्ण गाथाहरूले परिपूर्ण छन् । यस प्रसंगमा पाण्डव-नायक अर्जुन शिवसँग पाशुपतास्त्र लिन नेपाल आएको, शिव र पार्वतीले किरात र किरातिनीको रूप लिएर वनविहार गरेको उपाख्यानहरू पनि विचारणीय छन् राइटको किरातवंशको नामावलीअनुसार छैटौं

किराती राजा हुमतिको राज्यकालमा पाण्डुपुत्र अर्जुन र किरात-रूप महादेवको बीच युद्ध भएको पाइन्छ । यसै गरी हुमतिका समर्थ सुपुत्र जितेदस्तिले पनि अर्जुनको आदेश पाई कुरुक्षेत्रको युद्धमा पाण्डवहरूको पक्षबाट युद्ध लडेको उपाख्यान पनि वंशावलीमा उपलब्ध छ । यी उपाख्यानहरू विद्वान्हरूको विचारअनुसार धार्मिक समस्या समाधान गर्न निमित्त भएको अनुमान हुन्छ । किराती राजा यलंबर-को सम्बन्धमा पनि किम्बदन्ती निकै छन् । भनाइ छ आकाश-भैरव उनकै तान्त्रिक रूप हो ।

यसै गरी लिच्छवि राजा मानदेव र उनका बाबु-आमासँग सम्बन्धित कथाहरू पनि निकै पाइएका छन् । पितृहत्याको पापबाट मुक्ति पाउन या हातमा टाँसिएको बाबुको टाउको छुटाउन उनले बौद्धनाथ-को मन्दिर बनाउनुपर्नाको कारण किम्बदन्तीहरू बताउँछन् । कथन-अनुसार नारायणहिटी धारामा पानी ल्याउन बत्तीस लक्षणले युक्त भएको मान्छे बलि दिनुपर्ने हुन्छ । राजा विश्वदेव जनताको हित र कल्याणको निमित्त आफ्नै शरीर बलि दिने विचार गर्दछन् । बाबुको आज्ञाबमोजिम बालक मानदेव पिशाचको रूप ली सेतो वस्त्रले शिरदेखि पाउसम्म छोपी सुतिरहेका आफ्नै बाबुलाई खड्गले दुई टुक्रा पार्दछन् । धारामा पानी आउँछ । तर आफ्नो बाबुको हत्या गर्ने पापी राजकुमारको मुख हेर्नु छैन भनी धाराको ढुंगाको नाग बोलेर आफ्नो मण्टो पछाडि फर्काउँछ । यो धारा नारायणहिटी नामले अद्यापि छँदै छ । अज्ञात पितृहत्याको पापबाट मुक्त हुन आफ्ना इष्टदेव वज्रयोगिनीको निर्देशन उनले सपनामा पाए । योगि-नीले उडाएको थुनापन्छी (कुखुरा) बसेको ठाउँमा बौद्ध मन्दिर बनेको कुरा किम्बदन्ती बताउँछ । पितृहत्या लागेकोले १२ वर्षसम्म अनावृष्टि हुन जाँदा पानी नपाई राती राती कपडामा शीत थापी बाह्र वर्षमा तयार गरिएको मन्दिर आज बौद्ध मन्दिरको नामले प्रख्यात छ । यी कथाहरूमा वर्णित घटनाको रूपक अर्थ अध्ययनका निमित्त

लिनुपर्ने देखिन्छ । राजा मानदेवले पितृहत्या गरेको ऐतिहासिक खास प्रमाण पाइएको छैन । तर तत्कालीन सामन्तहरूले शुरूमा केही विरोध जनाएको, मानदेवको बाबुको मृत्युमा आमा राज्यवती पूजाकोठामा भएको, मानदेवको धार्मिक सुकार्य, देवी-देवताप्रतिको झुकाव, चांगुनारायणको स्थापना, आमालाई बाबुको मृत्युमा सती नजाने आग्रह लोककथामा वर्णित पितृहत्याको प्रसंगमा निकै विचारणीय छन् ।

किम्वदन्तीअनुसार महासामन्त अंशुवर्माले पनि आफ्नो कार्य सिद्ध गर्न भैरवको आराधना गरेर उनलाई आफ्नो दरबारनजीकै अदृश्य रूपमा स्थापना गरेका थिए । उपयुक्त उपहार, प्रसाद तथा बलिले भैरव जस्ता डरलाग्दा देवी-देवताहरू मनाइन्थे र उनीहरूलाई अदृश्य बनाएर साध्न सकिन्थ्यो भन्ने कुरा पछिका मल्लकालीन किम्वदन्तीहरूमा पनि प्रशस्त पाइन्छन्। यथार्थमा यस्ता कथाले सम्बन्धित मुख्य व्यक्तिको महत्ता, सामर्थ्यप्रति तत्कालीन प्रचलनअनुसारको जनताको धारणालाई जनाउने गर्दछ । निश्चय नै मानदेव एवं अंशुवर्मा आफ्ना समयका महान् राजाहरू थिए । अतः उनीहरूको विषयमा यस्ता किम्वदन्तीहरूको निर्माण हुनु स्वाभाविक देखिन्छ । अंशुवर्माकी छोरी भृकुटी र तिब्बती राजा स्रङचङगम्पोको कथालाई कति इतिहासकारहरूले कल्पित मानेका छन् । हुन पनि यो आख्यान स्रङचङगम्पोको तत्कालीन प्रभुत्व देखाउन नै निर्मित भएको हो कि जस्तो पनि लाग्दछ । कथाको ऐतिहासिकता विवादास्पद भए पनि कथाले तिब्बतसँगको नेपालको सातौं शताब्दीतिरकै सम्बन्ध र तिब्बतमा बौद्ध धर्म नेपालबाट गएको तथ्यलाई भने जनाउन खोजेको छ । यथार्थमा यो कथाले नेपाल र तिब्बत दुई राष्ट्रबीचको घनिष्ठ सांस्कृतिक सम्बन्धलाई देखाउँछ । किनभने तिब्बतमा आजसम्म पनि नेपालकी छोरी राजकुमारी भृकुटी 'हरिततारा' को रूपमा पूजित छन् ।

राजा गुणकामदेवको सम्वन्धमा पनि प्रशस्त उपाख्यानहरू छन् । नेपालमा इन्द्रजात्राको सर्वप्रथम प्रारम्भ गर्ने श्रेय यिनैलाई छ । यिनले यसै गरी रक्तकाली, लुमडीदेवी, नवदुर्गा आदिको स्थापना गर्नुको साथै लाखेजात्रा, कृष्णजात्रा, गाईजात्राको बेलामा गरिने हिले जात्राहरू काठमाडौंको पुर्नानिर्माण हुँदा प्रचलनमा ल्याइएका हुन् । बाह्रबर्से इनारको कथा गुणकामदेवको क्रियाकलापसँग सम्वन्धित छ । अनावृष्टिमा पानी डाक्ने विधि यिनले बताएको कुरा पछि तांत्रिक राजा प्रताप मल्लले स्पष्ट गरेका छन् । राजपूत कुल-देवी तुलजा भवानीको उत्पत्तिको प्रसंग राजा नान्यदेवसँग सम्बन्धित छ । तन्त्र, मन्त्र, वेदमा आस्थावान् नान्यदेव जस्ता राजाहरूलाई सपनामा देवदेवी प्रकट भएर प्रजाप्रतिको कर्तव्यबारे सजग र सचेत पारी सल्लाह दिने गर्दथे । तिनीहरूलाई यथावत् ध्यानमा राखी कार्य गर्दा राजाहरूलाई सफलता प्राप्त भएको कुरा किम्वदन्तीहरू पुष्टि गर्दछन् । इष्ट तथा कुलदेव-देवीसँग नेपालीहरूको नाता अत्यन्त घनिष्ठ रहेको कुरा 'तुलजा भवानी' कथाले बताउँछ। यक्ष मल्ल, लक्ष्मीनरसिंह मल्ल, प्रताप मल्ल, भूपतीन्द्र मल्ल, सिद्धिनरसिंह मल्ल, योग-नरेन्द्र मल्लका विषयमा उपाख्यानहरू प्रचलित छन् । यिनीहरूका किम्वदन्तीहरूमा उल्लेख भएका मन्दिर, देवी-देवता, पोखरी, मूर्ति, प्रचलन, जात्रा र विश्वासहरू आजपर्यन्त यथावत् कायम देखिन्छ ।

आजको हाम्रो वृहत् नेपाल राष्ट्रका निर्माता बडामहाराजा पृथ्वीनारायण शाहको विषयमा पनि अनेक किम्वदन्तीहरू हामीकहाँ प्रचलित छन् । गर्भ रहँदा उनकी आमा कौशल्यादेवीले प्रहर रात्री बाकी रहँदा सूर्यलाई निलेको सपना देखेको कुरा खूबै रोचक छ । रानी ब्यूँझेर आफूले देखेको सपना राजा नरभूपाल शाहलाई बताउँदा कुटाई खान्छिन् र रुँदै रात काट्छिन् । तर सूर्योदय भएपछि राजाले पुनः निदाएको भए स्वप्नको फल बेकार जाने कुरो बताउँदा उनी

खुशी हुन्छिन् । यो कथा गौतम बुद्धको गर्भाधान हुँदाको कथासँग मेल खान्छ । यो कथामा वास्तविकता भए पनि नभए पनि तत्कालीन समाजमा स्वप्न-विश्वासको प्रचलन रहेको कुरा स्पष्ट हुन्छ । सपनामा सूर्य निल्नेको आमाको कोखबाट ७ महीनामा जन्मेका पृथ्वीनारायण शाह साँचै नै सूर्यको अंश लिएर जन्मेका रहेछन् भन्ने कुरा उनको महान् कार्य र जीवनबाटै स्पष्ट हुन खोजेको छ । ठूला ठूला महा-पुरुष, महामानवहरूका महान् कार्य तथा जीवनको सम्बन्धमा विविध प्रकारका किम्बदन्तीहरूको निर्माण हुनु स्वाभाविक हो । पृथ्वीनारायण शाहको जीवनसित गाँसिएका किम्बदन्तीहरूमा बालककालमा गुफामा गोरखनाथसँग भएको भेट र कीर्तिपुरको युद्ध हारेपछि बूढीले खान दिएको भात उल्लेखनीय साथै प्रसिद्ध छन् । किम्बदन्ती-अनुसार ६ वर्षका बालक पृथ्वीनारायण खेल्दा खेल्दै साथीहरूलाई छाडी अचानक एक्लै गोरखनाथको गुफामा पुग्दछन्, गोरखनाथ पृथ्वीनारायणलाई आफ्नी मुमासित दही मागेर ल्याउन अह्राउँछन् । आदेशानुसार उनी मुमासित दही मागी ल्याउँछन् र गोरखनाथ उक्त दही खाई पृथ्वीनारायणको हातमा छादिदिन्छन् र उनलाई खान आज्ञा गर्छन् । तर पृथ्वीनारायणले खान नमानी गोरखनाथले बल-जफत गर्दा दही उनको पाउमा पोखिन्छ । दही खाएका भए पृथ्वी-नारायणको वाक्यसिद्धि हुने थियो, तर नखाई पाउमा पोखिएकोले गोरखनाथको कृपाले उनले कुल्चेको जमीनमा उनको आफ्नो राज्य हुने भयो । किम्बदन्तीहरू तथ्यको अतिशयोक्तिपूर्ण अभिव्यक्ति हुन सक्छन् । किम्वदन्तीहरूमा सम्पूर्ण इतिहास नरहने कुरा लेखको थालनीमै चर्चा गरिसकिएको छ । तर प्रचलित किम्वदन्तीमा तथ्यको सर्वथा अभाव हुन्छ भन्ने कुरा लोककथाको अध्ययनको क्षेत्रमा स्वीकार्य हुँदैन । माथिको कथाले पृथ्वीनारायण शाहमा बालककालदेखि नै राजकीय गुणको विकास हुनुको स्पष्ट झल्को दिनुको साथै गोरखाली समाजमा गोरखनाथको प्रभावलाई स्पष्ट देखाउँदछ । अर्को कथाअनु-

सार कीर्तिपुरको युद्धमा हारेर भेष बदलेका पृथ्वीनारायण शाहले भोकको झोंकमा ताततातो भात एकैचोटि खान खोज्दा ओकल्नुपर्‍यो। बूढीले नचिनी कस्तो पृथ्वीनारायण शाह जस्तो काँचो बुद्धि भएको मान्छे रहेछ चीसो भएको भए पो जताबाट खाए पनि हुन्थ्यो तर तातो भात पहिले नहडबडाई छेउ-छेउको खाएर मात्र बीचको खानुपर्छ भन्छे। यो कथन पृथ्वीनारायणको हृदयमा बिझ्यो र त्यसैअनुसार काम गर्दा अन्तमा उनलाई सफलता मिल्यो भन्ने भनाइ छ। यो कथाले यथार्थमा पृथ्वीनारायण शाह र बूढीको कुराकानीबाट उपदेश तथा नीतिनिर्देश गरेको देखिन्छ। किनभने नेपाल उपत्यका विजय गर्न हतारिएका पृथ्वीनारायणले कीर्तिपुरको प्रथम युद्धमा कुशल राजनीतिज्ञ कालु पाँडेलाई गुमाउनुको साथै झण्डै उनको आफ्नो जीवन पनि गुमाउन परिसकेको थियो।

प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरको विषयमा पनि किम्वदन्ती-हरू सुनिन्छन्। बेलाइतकी महारानी भिक्टोरियासँग सांस्कृतिक कार्य-क्रमपछि संगीतको विषयमा कुराकानी हुँदा चराको आवाज नबुझे पनि मीठो हुन्छ भनी जवाफ दिएको कथा तर्कपूर्ण छ। उनको विषयमा बूढी सर्किनीले श्री ३ महाराज भनेको त उनै जंगेसाना त रहेछन् नि भनेको जनश्रुति पनि छ। अन्तिम समयतिर उनले शिकारमा सेतो बाघ देखेको घटना प्रतीकात्मक छ। यसै गरी उनले जंगली हात्ती-बाघ, मारेको घोडा चढी इनारमा हाम्फालेको घटना इतिहासप्रसिद्ध छ।

अन्य सांस्कृतिक नायक, सिद्ध, साधुहरूको विषयमा प्रचलित किम्बदन्ती तथा जनश्रुतिहरू तान्त्रिक गुभाजुहरू, मत्स्येन्द्रनाथ, गोरख-नाथ, सन्त ज्ञानदिल दास, सत्यहाङ्वा, बूढा सुब्बा, सलहेस, नायका, वृजमान आदिका विषयमा छन्। मत्स्येन्द्रनाथसँग जुडेका जनश्रुति, किम्बदन्ती र लोकोक्तिहरूबाट उनी करुणामय, कर्मठ, वात्सल्यले पूर्ण र दृढसंकल्पी लाग्दछन्। उनी वृष्टिका देवताको रूपमा पनि

सम्मानित छन् । किम्बदन्तीअनुसार आदिनाथ स्वयंभूद्वारा आयोजित देवसभामा उनी जाँदैनन् र आफू आउन नपाएको कारण आफूले संसारलाई पाल्नुपरेकोले फुर्सद नमिलेको जनाउँछन् । स्वयंभूलाई यो भनाइ अपमानजनक र घमण्डपूर्ण लाग्दछ । उनी जलवृष्टि नै रोक्दछन् । रोपाइँमा ठूलो बाधा पर्छ, किसानहरूमा हाहाकार मच्चिन्छ । तर मत्स्येन्द्रनाथ बूढाको रूप ली सबै किसानलाई पानी नपरे पनि आफ्नो रोपाइँ थाल्ने सल्लाह दिन्छन् । खेत खेत चहारी हिंड्छन् । विनापानी पनि असिना-पसीनाले गर्दा खेतमा लहलह बाली झुल्दछ र सबै किसानहरू उनीप्रति अत्यन्त कृतज्ञ हुन्छन् । यो खबरले स्वयंभू आश्चर्यचकित हुन्छन् र त्यहाँदेखि उनलाई एक कर्मयोगीको रूपमा सम्मान गर्न थाल्दछन् । यो अनुश्रुतिले मत्स्येन्द्रनाथलाई लोकहित र लोकोद्धारकार्यमा सदा तत्पर रहने, कर्ममाथि पूर्ण आस्था राख्ने कर्मयोगीको रूपमा प्रस्तुत गरेको छ । मत्स्येन्द्रको कार्य र जीवनको सांस्कृतिक प्रभाव काठमाडौं उपत्यकाका कृषिजीवी ज्यापू-संप्रदायमा प्रगाढ देखिन्छ । उनीहरूको सामाजिक अनुष्ठान, रीति-रिवाज, विधि एवं गुठी-गाना आदि सबैजसो कार्य मच्छिन्द्रनाथप्रतिको आस्था विश्वास एवं अपार श्रद्धाबाट सञ्चालित भएको पाइन्छ । ललितपुर ईवहिलटोलका ललित ज्यापूका वंशज भनिने ज्यापूहरू विवाहको उपयुक्तता हेर्नुपर्दा ज्योतिषीलाई चिना नदेखाई मत्स्येन्द्रनाथकहाँबाट फूल प्रसाद ल्याउँछन् र कुरा चलेका युवक-युवतीबीच त्यही प्रसाद साटासाट गराउँछन् र सपना विचार गरी विवाह निश्चित गर्दछन् । यस्तै मत्स्येन्द्रको रथयात्रा लगनखेलमा पुगेपछि साइत हेरी नरिवल खसाल्ने काम हुन्छ र उक्त नरिवल जसले पाउँछ उसको सन्तानवृद्धि हुन्छ भन्ने लोक-विश्वास पनि छ ।

मत्स्येन्द्रनाथको कथामा राजा नरेन्द्रदेवले बन्धुदत्त नाम गरेको तान्त्रिकको सहयोगले तत्कालीन अनावृष्टि हटाउन आसामबाट नेपाल ल्याएको विवरण पाइन्छ । माथि उल्लेख गरिएअनुसार मत्स्येन्द्रनाथ

नेपाल उपत्यकामा कृषि-देवताको रूपमा बढी सम्मानित र पूजित छन् । त्यसैले चैत्र महीनादेखि ज्येष्ठ महीनासम्म यिनको पूजा-आजा आराधना एवं रथयात्रा समेत गर्ने गरिन्छ । यसको कारण उक्त अवधिमा वर्षा राम्रो होस्, रोपाइँ राम्रो गरी धानको खेती सपार्न सकियोस् भन्ने नै हुन सक्छ । मत्स्येन्द्रनाथको उत्पत्ति र प्रारम्भको कथा वृहत्कथाको प्रारम्भसँग मेल खान्छ । वृहत्कथामा शिवपार्वतीको एकान्त-कथा-श्रवण भृङ्गीले सुनेका छन् भने मत्स्येद्रनाथको कथामा स्वयं मत्स्येन्द्रनाथले सुनेका छन् । कामाक्षबाट ल्याइँदा मत्स्येन्द्रनाथ सुवर्ण-कलशमा भ्रमर रूप लिई बसेका छन् ।

मत्स्येन्द्रनाथको कामरूपकी रानीसँगको घनिष्ठ नाता पनि किम्बदन्तीहरूमा उल्लिखित पाइन्छ । नेपालमा कामरूपका कान्छा राजकुमारको रूपमा पनि उनी प्रसिद्ध छन् । उनी उनका चेला गोरखनाथबाट नियन्त्रित वर्षाको कारण नागहरूलाई छुटाउन, जलवृष्टिको निमित्त नेपाल ल्याइएको कुरा प्रचलित छ । त्यसैले पनि मत्स्येन्द्रनाथ कृषिजीवी नेपाली जातिका एक मात्र देवताका रूपमा बढी चित्रित छन् । उनको रथयात्रा उनको नेपाल आगमनसँग सम्बद्ध छ । उनी रहस्यवादी सिद्ध मात्र नभएर गरीब-दुःखीहरूका उपकारक पनि थिए । तत्कालीन राजाहरू न्यायको निमित्त पनि मत्स्येन्द्र नाथलाई गुहार्दथे। भोटोजात्रा ज्यापू तथा भूतले दसी-प्रमाण देखाउन असमर्थ भएकोले प्रचलित भएको किम्बदन्ती छ । कथनअनुसार कर्कोटक नागले आफ्नी नागिनीको दुखेको आँखा निको पारिदिएकोले उपहारस्वरूप ज्यापूलाई धन-सम्पत्तिसाथैं रत्न-जडित भोटो दिएका हुन् । तर भूतले काकतालीले हात पारी मत्स्येन्द्रनाथको रथयात्रामा लाएर आउँदा ज्यापूले चिनी झगडा हुन्छ । राजा गुणकामदेवको आग्रहमा मत्स्येन्द्रनाथले दसी-प्रमाण ल्याउनेलाई दिने गरी भोटो आफूकहाँ राख्दछन् । अर्को पल्ट भूत चूपचाप आफ्नो बाटो तताउँछ, तर ज्यापू चिन्तित हुन्छ । नागलाई साक्षिस्वरूप प्रस्तुत हुन आग्रह गर्दछ, तर

जात्राको भीडमा मान्छे भएर आएको नागलाई उनी चिन्दैनन्। फलतः भोटो नासो भएर मत्स्येन्द्रनाथसँग रह्यो र प्रतिवर्ष भोटो देखाउने प्रथा चलेको हो । उपत्यकामा नागको भोटोको दर्शन गर्दा पापनाश हुने जनविश्वास पनि प्रचलित छ। अर्कोले नासो राखेको वस्तुप्रति ईमानदार भएर मत्स्येन्द्रनाथ एउटा दृष्टान्त बनेका छन् यस कथामा।

मत्स्येन्द्रनाथसँग सम्बन्धित धेरैजसो प्रचलित आख्यानहरू अनावृष्टि, बाली-नाली, खेतीपातीसँग गाँसिएका छन् । यस सिलसिलामा अर्को एउटा प्रचलित जनधारणा तथा विश्वास पनि उल्लेखनीय छ। चैत्र-पूर्णिमाको दिन लगनखेलमा उनको महास्नान-समारोह धूमधामसँग विधिवत् हुन्छ । यस क्रममा चार दिशामा थाप्ने चार चाँदीका भरी गाग्राहरूको विशेष महत्त्व रहन्छ । उपयुक्त समय भएपछि ती गाग्राहरू उनीमाथि खन्याइन्छन् । यो एक प्रकारले पानी माग्ने प्रथा हो । भनाइ छ– चार दिशामा रहेका गाग्रीमध्ये जुन दिशाको पानी पहिले पोखिन्छ त्यस दिशामा त्यस वर्ष बढी राम्रो वृष्टि हुने र बालीनाली सप्रने गर्दछ ।

गोरखनाथ र पृथ्वीनारायण, गोरखनाथ र मत्स्येन्द्रनाथ आदिका किम्बदन्तीहरूको संक्षिप्त उल्लेख यथास्थानहरूमा माथि गरिएका छन् । गोरखनाथको जन्म गोबरबाट भएको हुनाले उनको नाम गोरखनाथ हुन गएको भनिन्छ । मत्स्येन्द्रनाथको वरदानबाट गौडदेशका महाजनलाई एउटा पुत्र प्राप्त भयो । महाजनकी पत्नीले अज्ञानतावश बालक जन्मनुअगि नै गोबर फ्याँकेकी हुनाले फकीरको भेषमा घुमिरहेका मत्स्येन्द्रनाथले आफ्नो साथमा गोरखनाथलाई लगेर शिक्षा दीक्षा दिई हुर्काए। त्यसैले उनी पनि फकीर भए भन्ने विवरण मत्स्येन्द्रनाथको कथामा उपलब्ध छ । गोरखनाथको नामकरण तथा जन्मको सिलसिलामा स्वस्थानीको गोमा ब्राह्मणीका छोरा नवराजको जन्मको सम्झना हुन्छ। कथामा गोरखनाथले आफ्नो अलौकिक स्वभाव प्रदर्शित गर्न दिनभरि जाँड खाएको खायै गर्छन्, भट्टीकी मालिक्नी पनि

दिएको दियैं गर्छे । यथार्थमा भट्टी-मालिक्नीको घ्याम्पा गणेशको वरदानस्वरूप सधैं नै भरी हुन्थ्यो । गोरखनाथ तृप्त भएर जाँडको स्रोत पत्ता लगाउन खोज्छन् र घ्याम्पोमा नव नाग साधना गरिएको देख्छन् । उनी यी नागहरूको आसन बनाई तपस्यामा लीन हुन्छन् । वर्षाका स्रोत नव नागहरू गोरखनाथको आसन बनेकाले नेपालमा अनावृष्टि हुन्छ । उनको तपस्या भंग गरे मात्र वृष्टि हुने भएकोले मत्स्येन्द्रनाथको आगमन गराउनु अनिवार्य हुन्छ । मत्स्येन्द्रनाथको आगमनमा उनी उठे र नेपालमा १२ वर्षपछि पुनः वर्षा भएको उल्लेख कथामा छ । यथार्थमा उनले गुरु मत्स्येन्द्रनाथलाई नेपाल ल्याउन नै यो चाल चलेका हुन् । नेपालको एकीकरणमा उनको भूमिका निकै महत्त्वपूर्ण थियो । त्यसैले पृथ्वीनारायण शाहको एकी-करणपछि उनी नेपालका इष्ट देवता नै भए ।

बूढा सुब्बा र सत्यहाङ्वा लिम्बू किरातहरूको समाजमा प्रसिद्ध व्यक्तिहरू हुन् । किम्बदन्तीमा बूढा सुब्बा नेपाल हान्न आएका मुसल-मान धपाउन सफल छन् । सम्वन्धित क्षेत्रका विद्वान्हरू उनलाई विजयपुरका इतिहासप्रसिद्ध बुद्धिकर्ण राई हुन भन्दछन् । स्थानीय व्यक्तिहरू भने उनलाई मगर बूढो भन्ने गर्दछन् । सत्यहाङ्वा आफू-लाई 'युमा' को अवतार मान्दथे । उनले बलिप्रथा र फजूलखर्चीलाई हटाएर आफ्नो जातीय संस्कृतिको उत्थानमा आफूलाई समर्पित गरेको कुरा किरात-प्रदेशका बूढापाकाहरू बताउँछन् । आफ्नो कार्य र बहादुरीले यिनी लोक-देवताको रूपमा प्रतिष्ठित हुन थालेका छन् ।

किम्बदन्तीले सलहेसलाई एउटा बहादुर समाज-सुधारकको रूपमा प्रस्तुत गर्दछ । उनले माली कुलकी कन्या विवाह गरेर ठूलठूला आँखा भएकी सुन्दरी केटी बोक्सी हुन्छे भन्ने, उनीहरूलाई जिउँदै जलाउनुपर्छ भन्ने अन्धविश्वासको विरोध गरेका छन् । सगरमाथा अञ्चलको तराई भेकमा उनको नामसँग सम्बन्धित बगैंचा छ भन्ने सुनिन्छ । नायका भने माझी जातका हुन् । उनले चुरे पर्वतमा

प्वाल पारी कमला नदी ल्याएको कथा जनकपुरवरिपरि प्रचलित छ। उनले स्थानीय मान्छेलाई खेतीपाती गर्न माछा मार्न सिकाएको कुरा पनि पाइन्छ। देवी कमलाको मन्दिरको विद्यमानताले उनको कथा-लाई सत्यरूप दिन खोजेको छ। विजयपुरका राजकुमार वृजमानको कथा सुनसरीका थारूहरू सोरठीको कथा मौखिक रूपमा हाल्दा या नाटक गर्दा बताउँछन्। सन्त ज्ञानदिल जङ्गबहादुरका समकालीन थिए। उनले क्रिस्तान पादरीहरूलाई धर्मको शास्त्रार्थमा हराएको घटना निकै रोचक छ। उनको विषयमा ऐतिहासिक खोजी गरी पुस्तकै पनि प्रकाशित भइसकेको छ। यिनीहरूको सम्बन्धमा प्रचलित किम्बदन्तीहरू संकलित हुन अझ बाँकी नै छन्।

संकलित गरिएका अन्य क्षेत्रका अन्य ऐतिहासिक सांस्कृतिक लोककथाहरूमा 'राजा मौना', 'नौली र देवा', 'कैलास देवता', 'चिम्रा र चिम्रु', 'भगीरथ' आदि मननीय र उल्लेखनीय छन्। 'भगीरथ' कथामा भगीरथ नामक विद्वान् ज्योतिषीले राजाले आफूलाई उनको कुलदेवी मात्र जबर्जस्ती गरे पनि आफ्नो बुद्धिबल, तन्त्र-मन्त्रले आफ्नै कुलदेवी ऋणमोक्षलाई मानेको घटनाको उल्लेख छ। कथा-प्रसंगमा जुम्लातिरको भेडापालनवृत्ति, भदालो (मकै भुट्ने भाँडो)ले चन्द्रोदय ढाकेको कुरा आउँछ। जुम्लाकी ऋणमोक्षदेवीको उत्पत्ति, उनको व्यापक प्रभाव र सामर्थ्यलाई मात्र स्पष्ट नगरेर यो कथाले कल्यालवंशी राजाहरूको ऐतिहासिकतालाई संदिग्ध भए पनि संकेत गरेको छ। खोजीनिधि गरिएमा सत्य तथ्य पत्तो लाग्ने निकै संभावना भएकोले यस्ता कथाहरू अनुसन्धानयोग्य छन्। 'कैलास देवता'-मा कुन्रा कोटिलाका राजा सुर्तो साईले देवताको अंश भएको बारभाइ कैलाससँग मीत लगाई आफ्नो राज्य फलाएको फुलाएको प्रसंग छ। उल्लिखित बाजुराका घटनास्थल कुन्राकोटिला, गिरिकबिलास, ठिलोकुण्ड आदिले एकातिर कथालाई स्थानीय रूप दिएर प्रमाणित गर्न खोजेका छन् भने अर्कोतिर कैलासदेवताले झाँक्रीको रूपमा औतार लिएको र

राउत जातिबाट झाँक्रीविद्याको प्रचार तथा प्रसार भएको तथ्यलाई पनि स्पष्ट गरेको छ । यस्ता झाँक्रीहरू मान्छेहरूको दु:ख-पीरहरू हटाउनको साथै बदमाशलाई पनि सजाय दिने काम गर्दथे । कैलाश देवताले झाँक्रीमा चढेर महावीर नामक व्यक्तिलाई जोला (जोडा) पुत्रहरू हुने वरदान दिएको र संतानोत्पत्तिको लागि अमिलो दारिम-को दाना खान दिएको उल्लेख पनि छ । दुई बाहुन केटाहरू आफ्नो जात धर्म जोगाउन परदेश लाग्दा सिजापति राजा जालन्धरीमार्फत दुवैको विवाह भई पछि तिनैका सन्तान चारैतिर फैलिएको विवरण 'चिमा र चिन्नु' नामक बजाङ्गी लोककथामा छ । यो कथाको पृष्ठ-भूमि भारतमा मुसलमानको अत्याचार फैलिन थालेपछि नेपालको पहाडी भागतिर भाग्ने आर्यधर्मावलम्बी हिन्दूहरूको सुख-दुःखसँग सम्बन्धित भएको अनुमान हुन्छ । वाणाक्षेत्र संभवतः भारतको कुनै स्थान शायद बनारसबाट भूतको– मुसलमानको डरले उपाध्याय बामन-का यी दुई छोरा आर्यहरू धर्मरक्षार्थ उत्तराखण्डतिर लागेका छन् । चिमाडुङग्री गाउँको नामकरणमा चिमा राजाको प्रछाप देखिन्छ । राजाले वज्र पर्ने स्थान समय स्पष्ट थाह दिने यी दुई भाइमा खाँडो (खड्ग) समाती बज्र काट्ने चिन्नुलाई खड्का र थाल समात्ने चिमालाई बामन कायम गरी क्रमशः आफ्नी चेली मैयाँ र पुरेत बामनकी छोरीसँग विवाह गरिदिएका छन् । यस कथाअनुसार कर्णाली प्रदेशतिरको जातीय वंशावली अध्ययन-मनन गरिएमा जोशी, रोकाया, थापा, खड्का, शान, भान, सालु, संग्राम आदि थरको निर्माणमा प्रशस्त ऐतिहासिकता निहित रहेको तथ्य प्रष्टिन्छ । खड्काले तलाउमा लुकेर बसेको भूतसँग लडेर मीत लगाएको, पछि त्यही भूत 'मुगुदेउ' भई खड्काका छोराछोरीलाई नखाने र नपिर्ने भएकोले उनीहरूको सन्तान अर्थात् खड्काहरू प्रशस्त फैलिएको कुराको पनि उल्लेख छ । कथामा प्रयुक्त यिनीहरूबारे बनेको टुक्का 'बडै राजा बडवालको पाट, सिंग सिंगारु वज्रको पाट', 'हसिल्लो घोडो सोवर्न पाउ, हात खाँडो,

जीउ चाँडो', 'दशदेखि धावैं, बीसदेखि पिढिन पल्टावैं', 'छाँटकि छाँटैं, माठाकी माठैं' आदिले पनि उक्त तथ्यहरूलाई प्रमाणित गर्न निकै सहयोग गरेको छ। 'भगीरथ' कथामा झैं 'चिमा र चिन्नु' कथामा पनि उनीहरूको कुल देवता 'नानन' को उत्पत्ति र प्रशस्तिको उल्लेख छ। 'नानन' मष्टा देवताका भाइ ठूला देवताको रूपमा चित्रित छन्। उनी शिल (शिला) भएर झोलामा बसेकैले राखेको एक माना चामल कहिल्यै नसकिएको हो। आजपर्यन्त जुम्ला भेकमा मष्टो देवताको अत्यन्त ठूलो प्रभाव देख्न पाइन्छ। कथामा प्रयुक्त स्थानीय अनेक शब्दहरू सांस्कृतिक अध्ययनको दृष्टिकोणले निकै महत्त्वपूर्ण छन्। कथामा प्रयुक्त रैंकाको शब्दबाट तत्कालीन बाइसे चौबीसे राजाहरू रातारात लडाइँ गरी राज्य बढाउँथे भन्ने चलन ज्ञात हुन्छ। त्यसै गरी बिहे गरी बिदा दिंदा राजाले बाजित्र (बाजा बजाउने दमाईं), आँखेडोली (डोले), ढोल्या (ढोल बजाउने), खुल्या (छालाको काम गर्ने), कलसे, न्याउला-देउला (मुकुण्डो लाएर देवदेवी बन्ने), मतारा (नाचगान गर्ने) साथ लगाएको प्रसंगबाट प्राचीन कालमा कथा प्रचलित समाजमा बाजा बजाउने दमाईं, ढोल बजाउने जाति, छालाको काम गर्ने, डोली बोक्ने विभिन्न जातिहरू भएको र त्यस वेलामा पनि जुम्लामा मकुण्डो लाई देवी-देवता बनेर नाच्ने गाउने प्रचलन रहेको कुरो पत्तो लाग्दछ।

पूर्वी नेपाल धनकुटातिर प्रचलित किराती लोककथा 'राजा मौना' मा राजा मौना र उनका मंत्री थेगिम हाङले सेन राजाको फौजलाई परास्त गरी उनकी छोरी फूलमतीलाई मुर्चुङ्गा र बिनायो बजाई भगाएर आफ्नो किरात प्रदेशमा आई बस्दा पनि सेन राजाका सेनापति निसानको छोराले छद्म भेषमा आई राजा मौना र मंत्री समेतको प्राण ली आफ्नो राजा र बाबुको मृत्युको बदला लिएको, तर रानी फूलमतीले राजा मौनाको प्रेममा झुण्डिएर आफ्नो जीवन बलि-दान गरेको अपूर्व प्रेमको गाथा उल्लिखित छ। मकवानपुरका सेन

राजाहरूको राज्य-विस्तार धरान विजयपुरसम्म पुगेको तथ्य इतिहासले बताएको छ । विजयपुर पछि किरात राजाहरूको राजधानी पनि बनेको थियो । 'राजा मौना' मा किरात र सेन राजाहरूको लडाइँ झगडा र सम्बन्धको ऐतिहासिक उल्लेख छ । भालुको मृत्युबाट भालुखोलाको उत्पत्ति, सिद्धको नामबाट सिद्धस्थान, निसान मन्त्रीको नामबाट निसानडाँडो, मंत्रीको रगतले धाप, राजाको रगतले रातो खोला, रानीको रगतले नीलो खोला दुवै मिली राजारानी खोला र स्थानको नाम रहनुको कारण कथाले बताएको छ । साँच्ची नै धनकुटा जिल्लामा राजारानी भन्ने स्थान अद्यापि छ । त्यहाँ एउटा ठूलो धाप छ जसको छेउछाउ अचेल धानबाली लगाइन्छ । यसैको छेउमा फिका रातो र नीलो पानी बग्ने दुई खोलाहरू छन् । सिद्धथानको रूख र चौतारी पनि छ । निसानडाँडो भने धनकुटा र मोरङ्ग जिल्लाको माझ पहाड र मदेश जोड्ने चुरेपर्वतमालामा पर्दछ । निसानडाँडाको भीरमा अझै पनि ढुङ्गा भएर उभिएका पल्टनहरू देखिन्छन् । त्यहाँ पहाडमा राजाको पलङ पनि छ रे, सुनको त्यो पलङ कुनै लोभीले काटी चोरी लैजाने लोभ गरेकोले एउटा खुट्टा काटिई ढुङ्गा भएको कुरा अझै पनि निसानडाँडामा गाईबस्तु चराउने गोठालाहरू बताउँछन् । धापको माझको चउरमा लिम्बुहरूको उत्सव-चाडमा हाट-बजार, मेला लाग्ने गर्दछ । राजा मौनाको नाममा मौना गाउँ छ भन्ने पनि सुनिन्छ । 'नौली र देवा' कथा पनि एक थरी लिम्बूहरूको कुलदेवता देवा र बूढा सुब्बाकी छोरी नौलीको प्रेमको एउटा अनुपम रोमाञ्चकारी गाथा हो । देवाले आफ्नो कौशल एवं पराक्रमले नौलीलाई भित्र्याए पनि उनको मगन्ते बिजुवाले उनलाई सुतेको बेला छलेर मारेको बयान कथामा छ । कथामा नौली र देवाको आत्मिक प्रेममा देवत्वको स्थापना गरिएको छ । लिम्बू किरातहरू देवालाई कुलदेउता मानी नौली र देवाको पूजा पनि गर्दछन् रे । धनकुटा जिल्लामा बूढा सुब्बाले धजा गाडेको धजेडाँडो,

गिद्धमरे, तारेभीर, गिद्धेपहरो, गिद्धे पहरोमै बिजुवा गुफाहरू कथामा वर्णित ऐतिहासिक सत्यताको साक्षी झैं आजपर्यन्त मौजूदै छन् । विजयपुर धरानतिर अचेल पनि बारी जोत्दा बूढा सुब्बाका मटचाङग्राहरू उपलब्ध हुँदै नै छन् । विजयपुरमा बूढा सुब्बाको थान पनि छ । बूढा सुब्बाका मटचाङग्रा त्यतातिर औषधिको रूपमा प्रचलित छ । यसै गरी अन्य लोककथाहरूमा थारू लोककथा 'धनपाल', संगिनीमा गाइने 'हरिमल्ल राजा भवल्लीरानी', गाइनेहरूले सारंगीमा गाउने कर्खा, सवाई र हुड्केहरूले भन्ने भारतहरू नेपाली श्रुति-परम्पराका जीवित मौखिक इतिहास हुन् ।

कारण-निर्देशक सांस्कृतिक नेपाली लोककथा एवं किम्वदन्तीहरूमा 'मृत्यु किन देखिदैन ?' 'उत्तिस किन भीरमा उम्रन्छ', 'के भए पानी पर्छ ?' सँगसँगै नदीनालाका कथाहरू पनि सामेल छन् । 'अरुन र तमोर'को कथामा भानिज तमोर बिहे गर्न जन्तीसहित बाजा बजाउँदै आएको, भानिजलाई भनी केटी खोज्न जाँदा राम्री भएकोले आफैंले बिहे गरी मामा अरुण चूप लागेर आएको, तर त्रिवेणीनेर आइपुग्दा तमोरलाई थाह भएकोले अरुणको पानी मध्यभागसम्म काटेको कुरा आउँछ । अरुणको कथा सुनकोशी, तामाकोशी, दूधकोशी आदिसँग पनि सम्बन्धित पाइन्छ । यसरी नै गण्डकी प्रदेशका तीन बहिनी काली, मर्स्याङदी, सेतीमा वास बसेको ठाउँमा कान्छी बहिनी सेती हराएकोले काली भएको, राती बिउँझदा दिदी र बहिनी दुवै नहुँदा मर्स्याङदी हस्याङ फस्याङ भएर हिंडेको र सेती चाहिं पोइलो गएकोले दबेर अर्थात् लुकेर बगेको कारण जनाइएको छ । संकलित कथा 'काली वेश्या र काली खोला'मा काली खोलाको उत्पत्तिको कारण काली वेश्याको एकराते सतीत्वको कर्तव्यपरायणता देखाइएको छ । काली वेश्याको परीक्षा उपाख्यानअनुसार नारदजीको सूचनाले भगवान् बलरामले लिएका छन् । एकराते पातिव्रत्य धर्मले नै काली वेश्या मुक्त भई पवित्र बनेकी छ । हिन्दू धार्मिक विश्वासअनुसार काली

गण्डकीको महिमा अपार छ । हिन्दू-विश्वासमा नदी-नाला, रूख-वृक्ष, पहाड-पर्वत पूज्य भएको कारण तत्त्ववाद मात्र होइन उनीहरूको पूर्वजन्मका सत्कृत्यहरू पनि रहेछन् भन्ने कुरो यो कथाबाट खुल्दछ । काली खोलाको अर्को नाम कागबेनीमाथि नर्सिङ खोला पनि हो । यो खोलाको शिरमा शालिग्रामको खानी भेटिन्छ । कागबेनीतिर मुक्तिनाथबाट झरेको गण्डकीसित मिसिएर कालीखोलाले गण्डकीलाई पनि काली गण्डकी या कृष्णा गण्डकी नाम गराएको छ । काली गण्डकी कागबेनी, म्याग्दी, बेनी, बागलुङ, कुस्मा, रिडी, रानीघाट, राम्दीघाट, देउघाट, त्रिवेणी हुँदै बगेको छ ।

व्यक्तिसँग सम्बन्धित अन्य सांस्कृतिक कथाहरूमा 'झुमीले लगेको केटो', 'हौसिया गुन्ट्र्या', 'कैले नर' आदि छन्। यी कथाहरूको ऐतिहासिकतालाई प्रमाणित गर्न खोज्नु युक्तिसंगत हुँदैन । यी विशेषत: सांस्कृतिक विश्वास र प्रचलनसँग सम्बन्धित कथाहरू हुन् । वनझाँक्रीहरू बाह्र वर्षमुनिका चोखा केटाहरूलाई चोरेर लगी मन्त्र सिकाई झाँक्रीविद्याको प्रचार प्रसार गर्दछन् भन्ने लोक-विश्वासको सक्कली प्रमाण पाल्पा तानसेनको 'झुमीले लगेको केटो' लोककथाले दिन्छ । कथामा वर्णित घटना सत्य हो भन्ने कथावाचकको भनाइ छ । संगीतमा जीवन समर्पित गर्ने गुन्ट्र्या र पौंठेजोडी खेल्दा कामीको सनासोले च्यापिएर पोलिंदा वन भाग्ने महाबली कैले नरको कथा सत्यकथाको रूपमा बझाङ्ग र दाङ खमारीकोटतिर प्रचलित छन् । यी कथाहरूमा वर्णित घटना सत्य घटनाको रूपमा लोकबाट स्वीकृत छ । यिनीहरू लोक-इतिहासका सांस्कृतिक पात्रहरू हुन् ।

पछि उल्लेख गरिएका संकलित नेपाली ऐतिहासिक सांस्कृतिक लोककथाहरूमा लोककल्पना, लोक-अभिप्राय, इतिहास, परम्परा, सामाजिकता एवं संस्कृति संमिश्रित रूपमा उपलब्ध छन् । यी कथाहरूमध्ये कोही चाखलाग्दा, कोही मार्मिक, कोही चमत्कारी, कोही शिक्षाप्रद पनि छन् । 'नानीदेखि लागेको बानी छुटाउन अत्यन्त मुश्किल हुन्छ' भन्ने

कुरो 'हौसिया गुन्द्र्या'ले देखाउँछ भने बल भएको तर बुद्धि नभएको कैले नरको बलले मात्र काम गर्दो रहेनछ भन्ने तथ्य 'कैले नर'मा पुष्टिएको छ । कथा-प्रसंगमा मान्छेले देवताहरूसंग मीत लगाएको, तन्त्र-मन्त्र बुद्धिवलले दुई दुई पल्ट पूर्णिमालाई औंसी र औंसीलाई पूर्णिमा बनाइदिएको, भूतसँगको मित्रताले भूत 'भुगेदेउ' भएको, सन्तान-दरसन्तान बढेको, 'नानन' शिला भएर झोलीमा बसेकोले चामल नसकिएको, शिवजीले आफ्नो धनु बूढा सुब्बालाई दिएको, आपत्तिमा मालिङ्गोको चुइके निकाली सिद्धलाई गुहारेको, बाँसको तुम्बाको हतियार चलाएको, झाँक्रीले दारिमका दाना दिएर संतानको वर दिएको, गिदाङ्गे भएर आफ्नो परिवार संसार सबै बिर्सी आफ्नो जीवनलाई संगीतमै उत्सर्ग गरेको, प्रेमको नाममा जीवन बलिदान दिएको, वेश्या भएर पनि सतीधर्मले आफूलाई मुक्त गराएको विवरणहरू आउँछन् । 'काली खोला र काली वेश्या'को घटनाक्रम नेपालदेखि द्वारकासम्म पुगेको छ । किराती प्रेमगाथाहरूमा ऐतिहासिक पृष्ठभूमिको आधारमा लोकबुद्धिले लोकरुचिअनुसार उज्ज्वल प्रेमको आदर्श उपमाको स्थापना गरिएको छ । कथाका मुख्य पात्रहरूमा पुरुष पात्रहरूको बाहुल्य देखिन्छ । प्रसंगमा आउने स्त्री पात्रहरू पुरुष पात्रहरूको तुलनामा केही आदर्श शील-स्वभाव र रूपगुणले संपन्न भेटिन्छन् ।

अतिमानवीय रूपका नेपाली लोककथा

विकासवादी सिद्धान्तअनुसार मानवजातिको विकासको प्रारम्भिक चरणमा मान्छे र पशुमा खास भिन्नता थिएन, उ बाँदरको रूपमा आफ्ना चार खुट्टाले नै जङ्गलमा निर्वाह गर्दथ्यो औ कर्ता-दिक्-काल-अनुसार उत्पन्न अप्रत्याशित स्थितिमा स्वाभाविक मनोवैज्ञानिक प्रतिक्रियाको प्रदर्शन गर्दथ्यो र धेरैजसो ठूलठूलो रूखको टोड्कोमा या अग्लो अग्लो रूखको झ्याङमा आत्मसुरक्षा खोज्दथ्यो । तर कालक्रमानुसार चारखुट्टे जनावर ऊ रूखबाट जमीनमा ओर्ल्यो, उसका अगिल्ला दुई खुट्टाले काम नपाएर जमीन छोड्यो र हातको काम गर्न थाल्यो अनि उ दुईखुट्टे भयो । चारखुट्टेबाट दुईखुट्टेमा परिवर्तित या विकसित हुँदा उसको नौलो मुद्राले निम्त्याएको अपरिचित नौलो पर्यावरणमा असंख्य कठिनाइ, अनन्त समस्याहरू उसमाथि आइलागे । आफ्नो नौलो मुद्रालाई कायम राख्न यी अनेक समस्याहरूको समाधान गर्ने स्वाभाविक अनुसन्धानको क्रममा उ योजनाहरू बनाउन थाल्यो, विचारमा तल्लीन हुन थाल्यो र अनेक हात-हतियार र साधनहरूको निर्माण र प्रयोग गर्न थाल्यो, उ क्रमशः ढुंगाका हातहतियार छाडेर धातुका हातहतियार ढाल्न थाल्यो, उसका साधनहरूमा आवश्यकतानुसार अभिवृद्धि भएर विविधता र अनेकता आयो । यो क्रम लाखौं लाखौं वर्षसम्म चलेर साधारण बाँदर एउटा विचार गर्न सक्ने Hamo Sapiens मानवमा परिणत भयो । प्रकृतिको घनिष्ठतामा खुला जीवन यापन गर्दा यही आदिकालीन मानवले एकातिर आफ्नो अस्तित्वलाई पग-पगमा खतरापूर्ण बनाउने र सधैं डरलाग्दा भयावह समस्याहरू उत्पन्न गराउने केही अप्राकृतिक घटनावली र क्रियाकलापहरूको अवलोकन

गऱ्यो भने अर्कोतिर आफूलाई सहयोगी र उपयोगी हुन सक्ने प्राकृतिक शक्ति र सामर्थ्य पनि भेट्टायो। उसले अगिल्लोलाई शत्रु र पछिल्लो-लाई मित्र भन्ठाऱ्यो । यिनै सम्बन्धपछि उसमा परेको असर र प्रभावअनुरूप अकल्याणकारी र कल्याणकारी प्राकृतिक शक्तिको रूपमा देखा परेकोले भुईंचालो, आँधी, तूफान, खडेरी, अतिवर्षा, भोकमरी, महामारी आदिलाई दुष्ट शक्ति या उनीहरूको क्रियाकलापको प्रतीक र सूर्य, चन्द्र, हावा, पानी, खोला, आगो आदिलाई देवता या देवताहरूको मङ्गलकारी क्रियाकलापको प्रतीक मानियो र कारण खोतल्ने मानव-चैतन्यको दार्शनिक प्रकृतिले प्राकृतिक जड र जीवित दुवै वस्तुलाई मानवीकरण गरेर अग्नि, वरुण, वायु, इन्द्र, वृक्ष आदि देवी-देवता र दानव, दैत्य, राक्षस, असुरहरूको अस्तित्व भय, त्रास, आत्मसुरक्षा र जीवनप्रेमले स्वीकृत भयो । विस्तारै उनीहरू रहने वासस्थान स्वर्ग-नरक, तथा स्वर्ग-मर्त्य-पाताल साथै अरू अनेक लोकहरूको स्थापना भयो । जीवन-मृत्युको अलभ्य रहस्य तथा विस्तृत प्रकृतिमा विद्यमान अनन्त प्राणका असंख्य स्वरूप र आकार-प्रकारले चमत्कृत मान्छेले पूर्वजन्म र पुनर्जन्मको कल्पना गरेर समाधान खोज्यो । प्रतिफल– अनेक कर्मकाण्ड, धार्मिक विश्वास, रीति-रिवाज, विधि-विधान तथा निषेधहरू निर्मित हुँदै भूत, प्रेत, चुडैल, राक्षस, दैत्य, परी, अप्सरा आदि अनेक अति-मानवीय रूपका मानवेतर प्राणीको अस्तित्व कायम भयो र उनीहरूलाई मनाउने, मन्साउने, खुशी पार्ने, तह लगाउने, हात लिने जादू, तन्त्र, मन्त्र आदिको निर्माण र प्रचलन शुरू भयो। यसै क्रममा अतिमानवीय सामर्थ्य भएका मानवहरू पनि बोक्सी, बोक्सा, धामी, झाँक्री, झारफूके, ओझा, बूढो-बज्यै आदि अनेक रूपमा देखा परेका हुन् ।

आदिकालीन मानवदेखि क्रमश वेद, उपनिषद्, पुराण, धर्मशास्त्र तन्त्रको कालदेखि यो अतिमानवीय पात्र, चमत्कारी घटना, जादूका वस्तु-हरू र उनीहरूसँग सम्बन्धित मान्छेको विश्वास आजपर्यन्त केही

घटबढ र केही परिवर्तन भएर हामीकहाँसम्म आइपुगेका छन्। यिनीहरूसँग सम्वद्ध विश्वास र धारणालाई केवल अन्धविश्वास भनेर पन्छाउनुको सट्टा सामाजिक, धार्मिक, मानवशास्त्रीय दृष्टिकोणले मानव-सभ्यता संस्कृति र धर्मको विकासमा तिनीहरूले खेलेको भूमिका केलाउनु आवश्यक हुन्छ। यही सन्दर्भमा प्रस्तुत लेखमा मुख्यतया नेपाली लोक-विश्वास र लोककथामा उपलब्ध विशेषतः भूत, प्रेत, पिशाच, किचकन्ने, लाखे, राक्षस, दैत्य, परी, तान्त्रिक, जादूगर, बोक्सी, धामी आदिको स्वभाव-प्रकृति, उनीहरूको शक्ति-सामर्थ्य र क्रिया-कलापको चर्चा, उल्लेख र व्याख्या गर्ने कोशिश गरिएको छ।

अतिमानवीय पात्र भौतिक विशेष-वस्तु तथा अद्भुत, अकल्पनीय, चमत्कारपूर्ण कार्यका आश्चर्यजनक रोमाञ्चक विवरण र घटनाहरू भएका लोककथाहरू संसारैभरि यत्र-तत्र विविध सांस्कृतिक तहका मान्छेहरूमा सहज रूपमा उपलब्ध छन्। समष्टिरूपमा यिनीहरूलाई अतिमानवीय रूपका लोककथा भन्न सकिन्छ। नेपाल अधिराज्यमा यस्ता कथाहरू प्रशस्त प्रचलित छन्। नेपाली अतिमानवीय रूपका लोककथाहरूमा विशेषतः माथि उल्लेख भएझैं भूत, प्रेत, पिशाच, किचकन्ने, डंकिनी, चुडैल, ख्याक, कवन, वेताल, काँचो वायु, मसान, मुर्कट्टा, तर्साउने, लाखे, दैत्य, राक्षस, दानव, अजिमा, परी, अप्सरा, राजकुमारी, कुटुनी, बोक्सी, धामी, ओझा, झाँक्री, तान्त्रिक, जादूगर, गुभाजु, लामा आदि पात्रहरू मुख्य रूपमा आउँछन्। उनीहरू लौकिक रूपमा अनेक असंभव, अकल्पनीय, अविश्वसनीय, असाध्य कार्य आफ्नो सामर्थ्य, शक्ति, जादू, तन्त्र-मन्त्रको उपयोग गरेर संपादन गर्दछन्। लोककथाको उत्पत्ति, विकास र स्वरूपको दृष्टिले यी कथाहरू पनि पशुपक्षीका लोककथाहरू जत्तिकै पुराना मानिन्छन्। कल्पनात्मक तत्त्व यी कथाहरूको प्राचीनतम आधार हो भने अलौकिकता कथाको प्रमुख विशेषता हो। पात्रहरूको स्वभाव-प्रकृति, चरित्र र उत्पत्तिका कारणहरूमा विचार गर्दा अतिमानवीय रूपका नेपाली लोककथाहरू-

लाई तीन उपवर्गमा विभाजित गरी चर्चा गर्नु उपयुक्त हुन्छ––

(क) भूत तथा राक्षसका लोककथाहरू

(ख) बोक्सी तथा जादूका लोककथाहरू

(ग) परी तथा अप्सराका लोककथाहरू

(क) भूत तथा राक्षसका लोककथाहरू

भूत तथा राक्षसका लोककथाहरू एक प्रकारले भयभीत पार्ने खालका आश्चर्यजनक हुन्छन् । नेपाली लोककथाहरूमा चित्रित भूत तथा राक्षसहरू अक्सर समान स्वभाव र प्रकृतिका भेटिन्छन् । तिनीहरूको उत्पत्तिका व्याख्याहरू भने अलग अलग एक-अर्कासित मेल नखाने खालका छन् । साधारणतया यी पात्रहरू आतंककारी, भयावह डरलाग्दा, नर-भक्षी, रूपपरिवर्तन गर्न सक्ने र दुष्ट हुन्छन्; तर वशमा ल्याउन सकिए, काबूमा ल्याइए ती असाध्य र असंभव कार्यहरू सम्पन्न गर्नमा मान्छेका सहायक पनि भएका छन् । एकातिर भूत र राक्षसबाट मान्छेले काम लिएको छ भने अर्कोतिर कतै कतै राक्षसले पनि मान्छेबाट आफ्नो काम पटाएको छ । 'हीरामणि' (ख) र 'सात राजकुमार सात, राजकुमारी' एउटै कथाका दुई पाठ हुन् । दुवै कथामा राक्षसले सबै जन्ती खाएर कान्छो छोरो मागेको छ । कान्छो छोरा हीरामणिले पछिल्लो कथाको चन्द्रप्रकाशले झैं राक्षसको महारोग निको पार्न क्रमशः सागर ओकल्न सक्ने सागरे, भत्केको भीर थाम्न सक्ने कुहिने, सिंगो रूख डोकोमा हाल्ने डोके आदि अतिबली सहनायकहरूको र कृतज्ञ कमिलाहरूको सहयोगले विवाहका दिन शर्तहरू पूरा गरी हँसाई रुवाई पंपा र पदमको फूल तथा पंपावती समेत ल्याई राक्षसको रोग निको पारेको छ । राक्षसको सहायता गर्दा मान्छेलाई खतरा मोल्नुपरे पनि बेफाइदा र नोक्सानी भएको छैन । कृतज्ञ पशुले झैं राक्षसले हीणमणिलाई बदलामा असंख्य धन-सम्पत्ति, मणि-माणिक्य दिई आफ्नो कृतज्ञता जनाएको छ ।

अत्यन्त दुष्ट स्वभावका, बाहुबलमा अत्यन्त शक्तिशाली राक्षसहरू मन्द बुद्धिका छन् । मानवमात्रको साधारण बुद्धिको खेलाँची र चलाखीले ती ठूला ठूला महल शहरबाट लखेटिएका र बेघरबार भएका छन् । गोर्खातिर प्रचलित 'दमाई र कामी' नामक कथामा चलाखी तथा ठगीका अन्य जात र थरको स्वभाव जनाउने कथा-हरूमा जस्तो ईर्ष्यासाधन छैन । परदेश लागेका सहयात्री कामी दमै दुवै संजोगले राक्षसको ६ तले महलमा वास बस्न पुग्छन् । राक्षस र मान्छेको कड्का-कड्की सवाल-जवाफमा कामीको फालीलाई मान्छेको दाँत र दमैको नरसिङ्गाको चर्को ध्वनिलाई मान्छेको आवाज भन्ठानी आफूभन्दा बलवान् कल्पना गरेर आफैं भयभीत भई राक्षस महल छोडेर कुलेलम ठोक्दछ । उ पटमूर्ख प्रमाणित हुन्छ । रोल्पा लिवाडबाट संकलित 'मूसेभाइ' कथाको एउटा पाठमा पनि मूसाले हात्ती घोडा किन्न परदेश लागेका आफ्ना पाँच मानव दाजुहरू-हरूलाई जिद्दीले डोरी, सनासो, दमाहा, जाँतो र कुकुरका छाउरा किन्न लगाएर वास बस्दा घर रुङ्गिरहेकी राक्षसी बूढीलाई सनासोले च्यापेर मार्छ र राक्षससँग बलमा प्रतिस्पर्धा गर्दा या पौंठेजोडी खेल्दा उ सनासोले 'कैले नर' कथामा कामीले झैं कैले नरलाई च्याप्दछ । यसै गरी भुँडीको नाममा दमाहा बजाएर, लामो डोरीको टुप्पी देखाएर, कुकुरको छाउरालाई जीउको जुम्राको रूपमा देखाएर राक्षसलाई खेद्दछ । जुम्लाको 'खीर पाक ताउली'मा पनि राक्षस यसरी नै सजिलैसित ठगिन्छ। भूसका सात वटा रोटी खाने खेतीवाल केटाले 'एक खाऊँ, दुई खाऊँ कि सातै खाऊँ' भन्दा मेरा सातै छोरी खान आउँछ भन्ने सम्झी पोखरीमा बसेको राक्षसले डरले क्रमशः 'खीर पाक' भन्नेबित्तिकै खीर पाक्ने ताउली, 'सुन हग' भन्नेबित्तिकै सुन हग्ने बाख्री र 'डाङडुङ पार' भन्नेबित्तिकै डाङडुङ पार्ने लौरी जस्ता आफ्ना महत्त्वपूर्ण वस्तुहरू उसलाई बदलामा उपहार दिन्छ र छोरीहरूलाई नखाने आग्रह गर्दछ। यो कथासँग मिल्दाजुल्दा अनेक पाठहरू नेपाल अधिराज्यका विविध

भागमा उपलब्ध छन् । यसै कथाका अन्य पाठहरूमा 'मारामुरु देच्चा' र 'पल्केको झिल्के घरी घरी मिल्के' उल्लेखनीय छन् । 'मारामुरु देच्चा' यी वस्तुहरू मान्छेलाई भूतले दिएको छ भने रोल्पातिर प्रचलित पछिल्लो कथामा राक्षस्नीले। राक्षस्नी त्यसै गरी 'छेरवाखुरी', 'पाकताउली र 'बाँधपासो' मान्छेलाई दिएर आपना छोरीहरू बचाएँ भन्ठान्दछे ।

आसामतिरवाट संकलित 'दुई टुहुरा टुहुरी' र काठमाडौंको 'राम्रो राम्रो दाउरा लिने भए भित्र भित्र आऊ' कथामा साना साना बालक-बालिकाहरूको बठ्याइँमा परी राक्षस तथा लाखे नाहक-मा आफ्नो जीवन गुमाउँछन् । पछिल्लो कथामा दाउरा बेची निर्वाह गर्ने-स्वास्नी मरेको रनेको धने र मने दुई चिचिला बालक छोराहरू हुन्छन् । एक दिन दाउरा लिन जाँदा मायाजालमा परी राम्रो दाउरा लिन भित्र पसेको रने लाखेको मुखमा पर्दछ। लाखे उल्टो रनेको रूप लिएर दाउरा बोकी घर आउँछ, तर उसले थाल, बटुको, सानो मानी नाङ्लो तथा भिउँटमा खान खोजेकोले केटाहरू शंका गरी खाना बसाली पिसाप फेर्ने निहुले घरबाट बाहिर निस्की आग्लो ठोक्दछन् । मट्टितेल खन्याई आगो लगाउँछन् र फलतः लाखे आगोले डढेर मर्दछ । बालकहरू उचित कार्य गरेबापत राजाबाट इनाम पाउँछन् । 'राम्रो राम्रो दाउरा लिने भए भित्र भित्र आऊ' कथाको उपत्यकामै प्रचलित अर्को पाठमा लोग्नेको रूप लिएर घरका सबै जहान खान आएको बीभत्स डरलाग्दो राक्षसलाई साहस र चलाकीले दाउरेकी स्वास्नीले चाल पाई केराउका गेडा भुईंमा छरेर भन्याङ निकाली तलाबाट झारेर मारेको घटना पाइन्छ । कथा-प्रसंगमा राक्षसले बत्ती नबाल्न आग्रह गरेको कुरा विचारणीय छ । वास्तवमा लोकविश्वासअनुसार राक्षसहरू उज्यालोबाट डराउँछन् र अँध्यारोमा रमाउँछन् । धेरैजसो राक्षसहरू क्रूर, निर्दयी भए पनि कतै कतै राक्षस्नीहरू दयालु र मायालु भेटिएका छन्। उनी-

हरूको दया र मायाले मान्छेकी छोरीको जीवन बाँचेको छ। 'राजकुमार दिक्पाल' कथामा राजकुमारीलाई बूढी राक्षस्नीले नखाएर छोरी बनाएर पालेकी छ। सत्तलसिंहको कथामा भने राक्षसले नै बाबु-आमा, दाजु-भाइ सबै खाई 'तँलाई म केही गरे पनि खान्नँ, धर्मपुत्री गरी पाल्दछु' भन्दछ र राजकुमारीलाई पाल्दछ। 'दुई टुहुरा-टुहुरी' कथामा टुहुरी राक्षस्नीको सहयोगले आफूलाई राक्षसबाट जोगाई आफ्ना बठ्याइँले राक्षस मार्न सफल हुन्छे। कथा-प्रसंगमा आमा मरिसकेका दुई टुहुरा-टुहुरी सौतेनी आमाको सौतेनी व्यवहार र हेलाले प्रताडित भएर घर परित्याग गरी निरुद्देश्य निस्कन्छन्। मध्यरातमा घोर जङ्गलमा पुगेका उनीहरू उज्यालो खोज्दै राक्षसको जोई-पोइ भएको ठाउँमा पुग्दछन्। राक्षस टुहुरालाई खाइहाल्दछ। टुहुरीलाई राक्षस्नी खरानो, तेल, काँगियो थाक्रो दिई माया गरी भगाउँछे, राक्षस लखेट्दै पछि लाग्छ। खरानो छर्छे, बाक्लो बादल लाग्छ; तेल पोख्छे, नदी बग्छ। राक्षसलाई बादलले केही बेर अलमल्याउँछ, र नदीको सम्पूर्ण पानी पिएर पल्टन्छ, कालिज आएर पेट ठुङ्दछ फेरि नदी बग्दछ, राक्षस उठेर फेरि लखेट्न थाल्दछ। टुहुरो काँगियो फाल्छे, निगालाको पट्टेर घारी बन्छ; थाक्रो फाल्छे, बाँसका घारा बन्छ। राक्षस केही बेर अलमलिए पनि रूप बदलेर मूसो भई पार हुन्छ। केही नलागी टुहुरी कामधेनुको मुखमा पस्छे। राक्षस पहराका डाँडामा पुग्दा कामधेनुको लात पाउँछ। उ खसेर रूखमा अल्झन्छ, तर टुहुरी गिद्धले ठुङला भन्दै हाहा गर्दै त्यहाँबाट पनि खसाल्न सफल हुन्छे। राक्षसका मृत शरीरबाट गोही आदि सामुद्रिक जन्तुहरू उत्पन्न हुन्छन्। राक्षसको मूर्खता तथा बेवकूफी र मान्छेका छोरीका चलाखी तथा बुद्धिमानीको यो रोचक कथामा टुहुरीले फालेका खरानीबाट बादल, तेलबाट नदी, काँगियोबाट निगालो, थाक्राबाट बाँसघारी र राक्षसको शरीरबाट गोही आदि सामुद्रिक जन्तुहरूको उत्पत्तिको समान कल्पना गरेर राक्षसको भुँडी ठुङ्दा रगतले कालिजको चुच्चो

रातो भएको कारण पनि निर्देश गरिएको छ ।

पाल्पातिरको 'भूतको जगल्टा दे! दे! ए राँडी !' कथामा भने भूतले मान्छेलाई पनि छकाएको छ । भूतबाट सताइएको बाहुन सपनाबाट जगल्टामा भूतको सामर्थ्य निहित रहेको तथ्य फेला पार्दछ। बाहुन भूतको जगल्टा उखेली आफूले चिताएबमोजिमको काम गराई भूतलाई खूब जोत्दछ । यदि कसैले भूतको जगल्टा काट्न सके भूत जीवनभरको लागि उसको नोकर बन्दछ भन्ने लोक-विश्वासमा कथा निर्मित छ । बिचरो भूत आफ्नो जगल्टा पुनः प्राप्त गर्न बाहुन-ले अह्राएको प्रत्येक काम– दाउरा काट्ने, बीउ छर्ने सबै सम्पन्न गर्दछ । आखिरमा बाहुनले कोदाली माग्न पठाएको वेला उ मौका पारेर बाहुनीसँग आफ्नो जगल्टा माग्दछ, बाहुनी नपत्याएर कराउँछे। बाहुन कोदाली दिइनछ भन्ने सम्झी 'दे ! दे !' भन्छन्, भूत आफ्नो जगल्टा लिएर उम्कन्छ, दुवै जोईपोइ जिल्लाराम हुन्छन् । कथामा भूतको चलाखीले मान्छेलाई जिल्ल्याए पनि पुनः तर्साउने, सताउने, चोट पुर्‍याउने काम उसबाट हुन सकेको छैन । उ पुनः फर्कने हिम्मत गर्न सक्तैन, बरु बचें भन्ने भाव लिएर उतर्सेको छ ।

प. १ नम्बर नुवाकोटको कथा 'भावीको लेखा' मा भने लेखेको मेटिंदैन भन्ने लोक-विश्वासको आधारमा मान्छेले आफ्नो उमेर पत्ता लगाई सारा भूतहरूलाई नै चुट्दै घरबाट निकालेको बयान छ । एउटा महाजनको घरमा भूतहरू पल्केर सबै सदस्यहरू सखाप पारे पनि संयोगले कान्छी बुहारी माइत भएकीले गर्भमा रहेको बालक बाँच्दछ । उ ठूलो भएर भूतसँगै मिली भूतको राजाको भान्से भएर बस्दछ र आफ्नो भाग्यमा लेखिएको कुरा आफ्नो ९० वर्षको आयु पत्तो लगाउँछ । फलस्वरूप भावीले लेखेको मेटिंदैन भन्दै राती आफूलाई खान आएका सम्पूर्ण भूतहरूलाई अंगेरीका लौरै-लौराले हिर्काउँदै लखेट्छ र माइतमा बसेकी आमालाई बोलाई सुखपूर्वक घर बस्दछ । सुदूर पश्चिम डोटीतिर प्रचलित यो कथाको अर्को

पाठमा यसै गरी मान्छेको छोराले ईश्वरसँग आफ्नो आयु सोध्न लाएर तलमाथि हुन नसक्ने बुझेर राक्षसलाई घरबाट धपाएको छ । युरोप-तिर प्रचलित निर्भय जोह्नको कथा झण्डै यस्तै प्रकारको छ : निर्भय लडका भूतले सताएको घरमा बसेर तीन पटक सामना गरी उसको सुन आदि हडप गर्दछ ।

दाङको कथा 'रक्सो र गुरुवा'मा पनि बातले नमान्ने रक्सोलाई गुरुवाले लातले ठीक पारेका छन् । रक्सो नामक भूतले दाङनिवासी थारूहरूलाई अचाकली दुःख कष्ट दिएको हुनाले गुरुवाले मन्त्रद्वारा बाज बनी उनलाई ठुङ्दै हायल कायल पारी डाँडो कटाएका छन्। यस कथामा भूतविद्याको आधारमा मन्त्रबलले भूतलाई धपाइएको छ । धपाउने मान्छे थारूहरूका पुजारी गुरुवा मन्त्रशक्तिले परिपूर्ण देखिन्छन् । उनले बहुजनको हित गरेका छन् । त्यसैले उनीप्रति दाङ-निवासी दँगौरियाहरूको हृदयमा अगाध श्रद्धा र भक्ति पैदा हुन्छ। उनी आजपर्यन्त पुजिन्छन् । गुरुवा र रक्सोको मन्त्रयुक्त प्रतिस्पर्धा-मा गुरुवाको जीत हुन्छ । काठमाडौंको लाखे–लर्सीको कथामा भने लाखे-(राक्षस) ले थाहै नपाई न्याय गर्नुपरेको छ। उ सानासाना केटा-केटी चोरेर गुरुमापाले झैं खाने गर्दथ्यो । सौतेनी डाहले सताइएकी चनमाया मूसाको सहयोगले उसको धन-सम्पत्ति ल्याउन सफल हुन्छे । किनभने उसले मूसालाई पकाएको रोटी खान दिएर आफ्नो पक्षमा लिन्छे। तर हृदयहीन चलमती भने राक्षसबाट काँचै खाइन्छे । अर्काको कुभलो चिताउनेको आफ्नै कुभलो हुन्छ । डाही सौतेनी आमाको लोभले लाभ र लाभले विलाप भएको छ । यो कथाको उद्देश्य र प्रकार काठमाडौंमा प्रचलित 'बूढी बाख्री' सल्यानतिर प्रचलित 'लाल भेंडी' डोटीतिर प्रचलित 'सुवर्णकेशी' र पूर्व नेपालमा प्रचलित 'भेडा' सँग एकदमै मेल खान्छ । जर्मनी 'सिंड्रेला, रूसी 'हिमदेवता' र आसामी 'तेजातेजी' आदि पनि यस्तै प्रकारका कथा हुन् ।

नेपाली लोककथामा राक्षसहरू इच्छाअनुसार आफ्नो रूप बदल्दछन् । राक्षसहरू विशेषतः पशुपक्षी, कुकुर, गिद्ध, लाटो-कोसेरो आदिको रूपमा देखा पर्दछन् भन्ने हिन्दू विश्वास छ, तर नेपाली लोककथाहरूमा ती मूसा, बाख्री आदि भएका छन् । तिनमा मानवी स्वरूप लिन सक्ने सामर्थ्य पनि हुन्छ । रनेलाई खाएर लाखेले रनेकै रूप लिएको छ । मान्छेको रूप लिए पनि तिनको स्वभाव र प्रकृतिमा खास भिन्नता दृष्टिगोचर नहुने हुनाले ती लगत्तै चिनिएका छन् । मानवी रूप लिंदा विशेषतः अंगभंग भएको अर्ध-मानव र अर्ध-पशुको रूपमा, कुटुनी बूढी र सुन्दर युवतीको रूपमा पनि ती देखा पर्ने गर्दछन् । 'दुष्ट दुई दिन गम्कन्छ, सज्जन सधैं चम्कन्छ' भन्ने रत्ने चोर-को कथामा राक्षसी क्रमशः बाख्री, सुन्दरी र राजाकी रानी भएकी छ । उ आपना सात सौताहरूलाई घोडा खाएको दोष लगाई आँखा निकाली जङ्गल लघाउँछे । तर गर्भमा रहेको बालक हुर्की राक्षस्नीको चिठी शुद्धचाई राक्षसहरूको देशमा गई बूढी राक्षस्नी-बाट उनीहरूको काल पत्तो लगाई उ सबैलाई मार्दछ । उसले फ्याकेको कपालबाट ठूलो जङ्गल, काँगियोबाट विषालु काँडा, ऐनाबाट विकराल पहाड बन्छ र सबै सोतर हुन्छन् । उ आमाहरूका निका-लिएका सात आँखा टाँसेर यथावत् तुल्याउँछ र बाबु र छोरा मिली राक्षस्नीको प्राण-प्रतिष्ठा भएको मूर्तिको हात, खुट्टा, मुण्टो भाँची उसलाई पनि मार्दछ । राक्षस्नी छल र मायाले रानी बन्दछे । शुरूमा उसका योजनाहरू सफल हुन्छन्, तर अन्तमा उसको रहस्य पत्तो लाग्दछ, उ लाचार हुन्छे ।

राक्षसहरूको आफ्नो राज्य-राजा-रजौटा हुन्छन् । उनीहरूसँग ठूलठूला गगनचुम्बी अट्टालिका महल मात्र हुँदैन, असंख्य धन-सम्पत्ति, मणि-माणिक्य, हीरा-पन्ना, रत्नादि पनि हुन्छ । उनीहरू-बाट धेरैजसोले झुक्याएर, मारेर ती धन-सम्पत्ति आफ्नो हात पारेका छन्, तर आफ्नो उपकारक मन परेकालाई उनीहरू ती उपहार

पनि दिने गर्दछन् । हीरामणि र चन्द्रप्रकाशले राक्षसको महारोग निको पार्न पंपावती ल्याएकोले प्रशस्त धन-धान्य, मणि-माणिक्य पाएको उल्लेख माथि कतै गरिइसकेको छ । मुसलमानबाट नेपाल धपाइएका अयोध्याका एउटा राजाको कथाको एक रात रानीकी सेविका केटीले दरबारको भुइं बढार्न लाग्दा आफ्नो लंकाका राक्षस प्रेमीबाट थाहै नपाई सुनको कुचो पाउँछ । त्यसैले बढार्दा भुईंमा स्वर्णधूलिकणहरू छोड्छे । यो कुरा थाह पाई राक्षस डाक्दा उसले एउटा अनौठो हीराको हार पाउँछ । राजाको अनुरोधमा उ राजाको कुलदेवी तुलजा भवानीको मन्दिर बनाउँछ, तर मन्दिर सकिनुअगि नै कुखुरा बासेकोले त्यो अपूर्ण रह्यो, जसको नाम पछि सिमरौनगढ भयो भन्ने लोक-अवदान छ । राक्षसहरू अँध्यारोमा मात्र क्रियाशील हुन्छन्, उनीहरूको खास समय रात नै हो भन्ने सर्वसाधारण लोकको धारणा यो कथामा व्यक्तिएको छ । राक्षसका कथाहरूमा विशेषतः राक्षसकी छोरी, पालिएकी धर्मपुत्री आदिलाई मान्छेले प्रेम गरी विवाह गरेको उल्लेख उपलब्ध हुन्छ । तर राक्षसले मान्छेकी छोरीलाई प्रेम गरे पनि विवाह गरेको उल्लेख विरलै पाइन्छ । 'बनेपाकी राजकुमारी', कथामा अति सुन्दरी राजकुमारी –मान्छेकी छोरी–चण्डेश्वरीसँग एउटा राक्षसको प्रेमको उल्लेख छ । तर राक्षसको अकल्पनीय कुरूपताले राजकुमारी त्रसित र आन्दोलित हुन्छे र एक्लै बगैंचामा भेट्दा भागेर डरले उ कुनै रूखको टोड्कामा लुक्दछे । राक्षस खोज्दै जाँदा रूख फेला पारी बन्चरोले हान्दा तेस्रो पल्टमा रगतको खोला बगेको देखी हत्या भएछ भन्ठानी भयावह आवाज निकाल्छ । काठमाडौंमा बसेकी राजकुमारीकी आमाले थाह पाउँछे । उ तुरुन्त जङ्गलमा गई हातमा रक्सी पारेर केही विष मिसाई राक्षसलाई ख्वाई मार्दछे ।

राक्षसहरू एकदमै डरलाग्दा, दुष्ट र एकोहोरे छन्, उनीहरूको चंगुलमा परेर फुत्कनु उनीहरूलाई पन्छाउनु एकदमै कठिन कार्य हो मान्छेको निमित्त । तर भाग्यवश उनीहरू अत्यन्त हुस्सू र मूर्ख

छन् । आपत परेको बेलामा मान्छे तथा पशुले समेत उसलाई मामा भनी सम्बोधन गरेर सजिलैसित फुस्ल्याएको छ । काठमाडौं उपत्यकाको 'अचम्मको वस्तु किन्ने गरीब बालक' कथामा राक्षस बाँदरबाट विवाहको लोभ देखाइएर ठगिएको र छकिएको छ । बाँदर राम्री सुन्दरीसँग विवाह गरिदिने बहाना गरी राक्षसलाई कोठामा थुन्छ र उसको भएभरका धनसम्पत्ति दुलहीका गहना, लुगा-फाटा बनाउने निहुले लाँदै केटालाई दिन्छ । उसले कथाको आरम्भतिरै रिसाएको राक्षसलाई 'मामा' को साइनो जोडी ओरालेको छ । उसले परालको स्वास्नीमान्छे बनाएर रँगाई राक्षसलाई नहेर्नू, नछुनू, ऊ डराएर मूर्छा पर्छ या मर्छ भनेको हुन्छ; तर राक्षस आफ्नो बाचा तोड्छ, आफ्नो कर्ममाथि पछुताउँछ, आफ्नो सम्पूर्ण खजाना लुटाउँछ । जुम्लाको 'कुचे बूढा' भन्ने कथामा पनि राक्षस आफ्नो मूर्खताले आफैं आफ्नो महल छाडी चम्केर निस्कन्छ । यसै कथाको अर्को रूप 'सात बहिनीहरू'मा भने बाबुबाट खाल्डोमा पुरिएका सात बहिनीहरू निस्की राक्षसको घरमा पुग्छन्, तताइराखेको दूधबाट कुराउनी खीर आदि बनाई खान्छन् । राक्षस भने कराहीमा लागेको कुराउनी, ओदानमा लागेको खीर देखी यिनै कराही र ओदानले नै खाएछन् भन्दै फुटाउने र भाच्ने गर्दछ । लामपुछ्रे बाँदरलाई धामी राख्दा पनि उसको केही लाग्दैन, अन्तमा डिलकुना (आँटमा राखीको उम्लेको खीर) आगो फुक्दा उसको घुँडामा लागेको देख्छ र लौ यही घुँडाले खाँदो रहेछ भन्दै आफ्नै खुट्टामा बञ्चरोले हान्दछ, जखमी हुन्छ र सात बहिनीहरूबाट सजिलैसित मारिन्छ । किरात-प्रदेश-तिर प्रचलित एउटा अर्को कथा 'स्याङग्री बूढीको नाति' कथामा बूढी दानवीलाई क्रमशः काग, न्याउरी, मूसो र कुखुरीले आँखा झिकेर हातखुट्टा काटेर मार्दछन् र मोटाएपछि खान भनी बोरामा पोको पारी धुरीमा सिउरेको स्यांग्री बूढीको नातिलाई दानवीको हातबाट फुत्काउँछ । कथाको प्रारम्भमा स्यांग्री बूढी र दानवीबीच आगोको निमित्त भनाभन भएको छ ।

मान्छेले भूतलाई कतै कतै धामी झाँक्री लगाएर पनि मन्साउनु-परेको छ । पाँचथरको 'भूत र ओदान' नामक कथामा एउटा मान्छेले झाँक्रीद्वारा बालकहरूलाई बुटी लाउन लाई भूत र तर्साउनेलाई विदा गरेको छ । कामविशेषले त्यो बाटो गरी आएको भूतलाई मान्छेले तातो ओदान घाँटीमा भिराई कायल पारी कहिल्यै नआउने, कुनै बालकलाई नखाने वाचा बँधाएको छ । भूतहरू निडर मान्छेसँग डराउँछन्, तर डरछेरुवा मान्छेलाई भने तह लगाउँछन् । तराईतिरको 'भूताहा गाछी' कथामा आँटिलो निडर काइते राजाको सिपाही भएर भूतहरूलाई नाम टिप्ने बहाना गरी तह लगाई भूतलाई नै दिनहुँ आधा मन गहुँ घरमा ल्याउन लगाउँछ, तर डरछेरुवा तेलीले भने डरले गर्दा उल्टो काइतेकहाँ भूतहरूको आदेशबमोजिम एक सेर तेल पुऱ्याउनुपर्ने हुन्छ । भूतहरू झ्याम्म परेका रूख बिरुवामा, खोलसा-खोल्सी, भत्केका पुराना घरपाटी, दरबारहरू, सुनसान एकलास स्थान र जंगलहरूमा बेसी बस्छन्। कथामा भूतहरूलाई कायल पार्न फलाम, विशेष गरी तताएको फलाम प्रयोग गरिएको भेटिन्छ । 'कैले नर' र 'भूत र ओदान' दुवै कथामा तताएको सनासो र ओदानले भूत-लाई लगारिएको छ । भूतहरू धातुहरूमा फलाम र तामाबाट कायल छन् । तर्साउने, भूत, मसान, मुर्कट्टा आदिबाट समातिएको मान्छे कथाहरूमा कतै तामाको पैसा टोकेर, कतै चक्कू पृथ्वीमा रोपेर, जमीनमा घोप्टो परी पृथ्वीमाताको शरण परेर बाँचेका र उम्केका भेटिन्छन् । 'तर्साउने पाटी' कथामा तर्साउनेको उत्पत्ति, स्वरूप, प्रवृत्ति आदिको घतलाग्दो उल्लेख र व्याख्या छ । एकान्त जंगलको बीचको धर्मशालाको नाम तर्साउने भएर 'तर्साउने पाटी' हुन्छ । त्यही पाटीको अर्को नाम 'भीमान पाटी' पनि हो। यसको कारण सेठ भीममान-ले तीर्थ गर्न आउँदा बाटो बिराई सिमलरूखमनि बस्दा बाघले जेठो छोरा खाएकोले त्यही सिमलको बोट काटी सतगति होस् भनी बनाई सेठ पनि त्यहीं मर्नु हो । तर्साउनेहरू अनेक तरहले मान्छे-

लाई दुःख दिन्छन् । तर्साउनेले पाटीमा बास बसेका बटुवा ढाक्रेहरू-लाई सुत्न नदिएर, आगोबाली धुनी जगाउँदा पनि तर्साएर, कसैको ओढ्ने तान्ने, कहिले सगर झरेको चाल दिने, कहिले सुतिरहेको मान्छे-लाई घिसारेर पर पुऱ्याउने गर्दछ । अगति परेको, अकाल मृत्यु मरेको, मृत्युसंस्कार नभएको मान्छेको असंतुष्ट मृत आत्माले यसरी मान्छे-लाई दुःख दिन्छन् भन्ने लोकको धारणा कथामा व्यक्त छ। गाउँलेहरूले स्वस्ति शान्तिको लागि सप्ताह, नवाह, भागवत पुराण र लघुरुद्री आदि लगाउँदा पनि तर्साउनेको जग्जगी साम्य हुँदैन । तर्साउनेले मान्छेको रूप लिएर ससुराली आएको मान्छेको सम्पूर्ण माछा खान्छ, तर्साउनेको स्वरूप मान्छेको जस्तो भए पनि उ रूप–विरूपको हुन्छ-निधारैंभरि फुस्रो सिंदूर दलेको, कहिले हात बिलाउने, कहिले नाक बिलाउने; मान्छेको रूप लिएको भूतमा मान्छेको अंगको सम्पूर्णता भेटिंदैन । बटुवा झ्यालबाट भाग्छ, र धरतीमाताको शरणमा पर्दछ, भूत तोरीबारीमा अनेक तरहले खोज्छ, उसलाई कुल्चन्छ, तैपनि उस-लाई देख्दैन, भेट्दैन र मेरो आहारा फुत्क्यो भनी मिरमिरे उज्यालो भएकोले जान्छ । राक्षसहरूको जस्तो तर्साउनेहरूको समय पनि राती मानिन्छ, बिहान भाले वासेपछि तर्साउने केही गर्न सक्तैन मान्छे-लाई । गाउँलेहरू बिहान सबै कुरा सुन्दछन्, तर परदेशी रगत वमन गरी मर्दछ । तर्साउने पाटीको छेउछाउको खेतवारी पनि बाँझै रहन्छ । नेपालमा भूत-प्रेत, काँचो वायु आदिले सताएको घरको कथा कतै यथार्थ विवरणको रूपमा प्रचलित छन् भने कतै कथाको रूपमा प्रचलित भेटिएका छन् ।

नेपालमा प्रचलित भूत-प्रेत-मसान-मुर्कट्टा आदिका कथाहरूमा किचकन्नेको कथाको बेग्लै स्थान छ । किचकन्नेलाई स्थानअनुसार कतै चुडेल, कतै डंकिनी कतै डाकिनी पनि भनिन्छ । किचकन्ने प्रचलित विश्वासअनुसार विवाह नभएकी, भरखरकी तरुनी, या आङ नखोलिई मरेकी दुई जिउकी स्त्री, सुत्केरी हुँदा मरेकी आइमाईको प्रेत हंस

हो । यस प्रसंगमा रानीपोखरीमा राजा प्रताप मल्लले भेटेको किचकन्नेको कथा उल्लेखनीय र उदाहरणीय छ । प्रतिदिन बिहान नुहाउन गएका राजा पोखरीको डीलमा एउटी राम्री आइमाई भेट्छन्, र प्रेममा पर्छन्, वर्षदिनपछि स्वास्नीमान्छे छोरो पाउँछे र निर्दयतापूर्वक राजाकै अगाडि मार्दछे । राजालाई शंका हुन्छ। उनी किचकन्नेको खुट्टा पछाडि परेको देख्छन् । उनको स्वास्थ्य गिर्दै जान्छ । बौद्ध भिक्षुको सल्लाहअनुसार उनी एक गोली धागो लगी किचकन्नेले थाह नपाउने गरी बाँध्छन् । भोलिपल्ट बिहान पोखरीको किनारको एउटा दुलोमा धागोले बाँधिएको मान्छेको हाड भेटिन्छ । राजा चलनअनुसार संस्कार गरी जलाउँछन्, पुनः स्वास्थ्यलाभ गर्छन् । आइमाई पोखरीको डीलमा कहिल्यै देखा पर्दिन । यही कथामा जगज्जय मल्लको पालामा बच्चाको प्रेत हंसले सताउँदा मृत्युसंस्कार गरी ढुङ्गाको हात्ती बनाई प्रेतलाई एउटा गोलो ढुङ्गोमा थुनी हात्तीको सूँडमा उठाउन लगाइएको प्रसंग पनि जोडिएको छ । किचकन्नीले यसरी नै सेतो लुगा लगाएर गाउँ-ठाउँका युवकहरूलाई खैनी र सुर्ती मागेको, छलेको, धागोमा हाड भेटिएको, कुर्कुच्चा पछाडि फर्किएको, पछाडिको ढाड ह्वाङ्ङ भएको विवरण, किचकन्नीको मुठीमा परेको युवक दुब्लाउँदै गएको, धामी, झाँक्री, आदि लगाई छुटकारा पाएको, विवरणहरू सहितका कथाहरू यत्र-तत्र पहाड तराईमा सुन्न पाइन्छ। किचकन्नी पनि इच्छाअनुसार आफ्नो स्वरूप बदलन सक्तछे । उसले पशुपक्षीको रूप लिएको प्रसंग भेटिएको छैन विशेषतः उ स्वास्नीमान्छे नै हुन्छे । जवान आइमाई र आमाहरूलाई ऊ अत्यन्त बूढी, कुरूप, दुवै स्तन झोलिलिएको, उछिट्टिएका दांत बाँसको जरा जस्तो मोटो नकोरिएको लट्टे कपाल भएकी भएर तर्साउँछे र उनीहरूमा रोगहरू छरिदिन्छे भने जवान युवकहरूलाई माथि उल्लेख गरिएझैं सुन्दरी युवती भएर मोहनी लगाउँछे र उसको सम्पूर्ण पौरूष हात लगाउँछे, बूढो हुन्जेलसम्म आफ्नो मुठीमा पार्छे । चुडैलहरू कथामा विशेष

फोहर मैला, अँध्यारो ठाउँ, बाटो-दोबाटो, जंगल, पोखरी, इनार आदि स्थानहरूमा भेटिएका छन् ।

वेतालसम्बन्धी कथाहरूमा नेपालमा वेताल, पंचविंशतिको नेपाली अनुवाद'वेताल पच्चिसी' का कथाहरू खुबै प्रचलित र प्रसिद्ध छन्। भूतसँग सम्बन्धित यी कथाहरू राजा विक्रमादित्यलाई वेतालले सुनाएका कथाहरू हुन् । वेताललाई कतै कतै दुष्ट शक्तिको प्रतीक मानिए पनि लोक-प्रचलित विश्वासमा उ दुष्ट र खराब छैन। साधारणतया उ स्वेच्छा-चारी छ र आत्मा विचरण गर्न गएको बेला मान्छेको शरीरमा प्रवेश गर्ने गर्छ भन्ने छ । विशेषतः चिहान, स्मशानघाट आदिका वरिपरि तथा छेउछाउमा निवास गर्ने, घुम्ने उ लाशलाई जीवित तुल्याउन सक्ने मानिन्छ । भूत प्रेत झैं उ विशेषतः रातमा एउटा हातमा राँको र अर्को हातमा खुँडा लिएर प्रशस्त सुन चाँदीले सिंगारिई हात्ती घोडा डोलीसहित जुलुस लिएर निस्कन्छ भन्ने विश्वास पनि उत्तिकै प्रचलित छ । उसलाई देख्ने भय डर तथा त्रासले मूर्छा परे पनि भाग्यमानी मानिन्छ । अझ भाग्यमानी त उ हुन्छ जसले तन्त्रमन्त्र गरी उसको पाल्की तथा डोलीनजीक पुगेर उसँग निडर भई वर माग्ने साहस गर्दछ। मानवाकृतिको भए पनि उ कहिलेकाहीं भयावह डरलाग्दो र निर्दयी जस्तो देखिन्छ । उसका हात-खुट्टा मुर्कट्टा या किचकन्नेको जस्तो पछाडि फर्केको पनि हुन सक्तछ । उसका रौं तथा कपाल ठाडा ठाडा लट्टा परेका र स्वास्नीमान्छेका जस्ता लामा हुन्छन् । दायाँ हातमा उखु र बायाँ हातमा शंख बोक्ने उ भारततिर हरियो लुगामा बेसी भेटिन्छ । तर नेपालमा भने उसको पोशाकको रंग विशेषतः पहेंलो मानिन्छ । उ स्वास्नीमान्छेलाई मन नपराउने र धामी झाँक्रीका प्रमुख संरक्षक रूपमा पनि मानिएको छ । लोक-कथाहरूमा उ बदमाश भूतको रूपमा भेटिन्छ जसले अचेत बेसुरेहरू-लाई सधैं नै तह लगाउने गर्दछ । नेपालमा देवी-देवता तथा भैरवसँग सम्बन्धित वेतालहरू उनीहरूका गणको रूपमा बेसी भेटिन्छन् ।

वेतालले देवी तथा भैरवलाई दुष्ट दानवहरूको संहार गर्न अत्यन्त ठूलो सघाउ पुऱ्याएको कथा निकै छन् । अतः वेताल नेपालमा, विशेषतः काठमाडौंमा देवी, कुमारी र भैरवका विश्वसनीय सहायकको रूपमा बढी भेटिन्छन् ।

नेपाली लोकमा प्रचलित यी भूत,प्रेत एवं राक्षस पात्र प्रधान भएका लोककथाहरूमा भूत र राक्षसलाई कतै पटमूर्ख, हुस्सू, निर्बुद्धि देखाइएको छ भने कतै ती बाहुवलमा अत्यन्त शक्तिशाली रूपमा चित्रित छन् । तिनीहरू रूप बदल्न सक्ने जादूगर पनि छन् । यी भयानक डरलाग्दा पात्रहरू साना साना बा...-बालिकाको चलाखी, स्वास्नीमान्छेको चतुरता, साहस र पशुहरूको बठचाइँ आदिको शिकार भई आफ्नो जीवन गुमाउँछन् ; महल छोडी भाग्दछन् साथै आफ्नो मूर्खताले आफैं आफ्नो अन्त तथा समाप्ति निम्त्याउँदछन् । मान्छेले खराब दुष्ट शक्तिको रूपमा स्वीकारेका लोककथाका यी अतिमानवीय पात्रहरू स्पष्ट रूपमा दुई प्रकारका छन् । यिनीहरूमध्ये केही भूत-प्रेत, तर्साउने, मुर्कट्टा, मसान, किचकन्ने आदि मान्छेका असन्तुष्ट मृतात्मा मानिन्छन् । साधारणतः यी अगति परी मरेका मृत्यु-संस्कार नभएका, जंगलमा बाघले खाएका, पोखरीमा डुबेर खोलाले बगाएर रूखबाट झरेर मरेका, हैजा आदि महामारीमा परेर, सुत्केरी भएर मरेका, र असंतुष्ट मृत हंसको रूपमा चित्रित छन् । तर्साउनेहरू अक्सर सुंगुरको बच्चा, कुखुराको चल्ला भएर छल्ने भकुण्डो भएर खुट्टामा लटपटिन आउने, नाङ्लो हुने, बढ्दै गई आकाश छुने, घटेर सानो हुने गर्छन् । मुर्कट्टाको भने विशेषतः टाउको हुँदैन, घोडा भएर मान्छे-लाई छकाउँछ, उसको छातीमा आँखा हुन्छ । उ चिताको बाकी रहेको खरानीबाट उत्पन्न भएको मानिन्छ । यिनीहरू प्रायशः खोला खोल्सी, र नीम आदिको रूखमा बस्दछन् भन्ने धारणा छ । उनीहरू हरतरहले मान्छेलाई दुःख दिन्छन् , बदला लिन्छन् र मान्छेलाई आकल-झुकल मौका पारी सताउँछन्, बिरामी पार्दछन् र मार्दछन्,

उनीहरूबाट त्राण पाउन जीवित मान्छेले कि क्रियाकर्म स्वस्ति शान्ति गर्नुपरेको छ कि धामी, झाँक्री, लामा, बिजुवा आदिको शरण पर्नुपरेको छ । यिनीहरू मान्छेको रगतका प्यासा भए पनि राक्षसले झैं मान्छेलाई तत्कालै मार्ने या खाने काम उति गर्दैनन्, उनीहरू मुक्त हुन एक प्रकारले मान्छेलाई सताएर आफू अगति परेको कारण जनाउँछन् भन्ने विश्वास गरिन्छ । यिनीहरूको आफ्नो आफ्नो सीमा, क्षेत्र र स्थान पनि खुट्टिएका र तोकिएका छन् । उज्यालामा यिनीहरू निर्बल, निसहाय, निष्क्रिय हुन्छन् । त्यस्तै उज्यालोबाट यिनीहरू डराउँछन् । बाहिरको भूत छ भने त्यो घरमा ढोका थुनेपछि पस्न सक्तैन । भूतप्रेतहरू खोला-नाला तर्न सक्तैनन् । त्यसैले भूतले लघार्दा खोला तर्नुपर्छ भन्ने चलन प्रचलित भएको हो । भूतहरूको आफ्नो खास स्वरूप हुँदैन त्यसैले छाया पनि हुँदैन, उनीहरू धर्तीमा याने जमीनमा बस्दैनन् । त्यसैले जमीनमा घोप्टिएको मान्छेलाई देख्न उ असमर्थ हुन्छ । यथार्थमा भूतप्रेत जहिले पनि उचित समय र बेलाको खोजी गरेर पर्खेर बसिरहेका भेटिन्छन् ।

अर्का थरी दुष्ट शक्तिहरू भने प्राकृतिक शक्तिको रूपमा कतै पृथ्वीको, कतै रूखपात जंगलको, कतै खोलानाला समुद्रको, कतै पहाड पर्वतको कतै खानीको रहस्यमय शरीरको रूपमा चित्रित भएका पाइन्छन् । यिनीहरू एक थरी जाति र जीवकै रूपमा पनि देखा पर्छन् । लोक-कथामा चित्रित र उल्लिखित दैत्य, दानव, राक्षस, ख्याक, लाखे, कुटुनी आदि यस्तै अतिमानवीय रूपका पात्र हुन् । वेद तथा हिन्दू पुराणशास्त्रहरूमा दैत्य र दानवहरूलाई वैदिक दानवसँग सम्बन्धित देवताका शत्रु दिति, दनु र कश्यपका सन्तान र ब्रह्माका नातिहरूको रूपमा चिनाइएको छ । दैत्य, दानव, असुर, आदि शब्दहरू वेदमा झैं आज पनि लोकवार्ता तथा साहित्यमा समान् अर्थमा प्रयोग गरिएका छन् । तर नेपाली लोककथामा आइपुग्दा तिनको स्वभाव, प्रकृति, स्वरूपमा निकै परिवर्तन आइसकेको छ ।

यी दैत्य र दानव लोककथामा देवताहरूसँग नलडेर मान्छेहरूसँग लड्दछन् । असुरहरूको प्रसंग भने कथामा अत्यन्त कम देखिन्छ, बरु यत्रतत्र राक्षसहरू आउँछन् । राक्षसहरू कतै राछेस, कतै राकस भएका छन् । राक्षसको अर्थ क्षय गर्ने विनाशक हुन्छ । लोक-व्युत्पत्ति-अनुसार यसको अर्थ रक्षा गर्ने जम्मा गर्ने पनि भएको हुन्छ । नेपली र लोककथामा राक्षसको विनाशक र धन-सम्पत्तिसंरक्षक दुवै रूप उपलब्ध छन् । हिन्दू धर्मशास्त्र, पुराण तथा लोकवार्तामा तिनीहरू राक्षसदेवको रूपमा अवतरित छन् । रावण राक्षसका प्रमुख मानिन्छन्, प्रह्लाद राक्षसकै छोरा हुन्, रामायणमा उल्लेख भएअनुसार तिनीहरू ब्रह्मावाट पानीको संरक्षा गर्न सृष्टि गरिएका हुन् । नेपाली लोककथामा राक्षसको मृत शरीरवाट गोही आदि सामुद्रिक जन्तुहरू उत्पन्न भएको प्रसंगलाई यसै सन्दर्भमा व्याख्या गर्नुपर्ने देखिन्छ । अर्कोतिर राक्षसहरू पुलस्य ऋषिका संतान पनि मानिएका छन् । राक्षसहरू भने वैदिक समयदेखि नै नरभक्षी, मानवजातिका शत्रुको रूपमा चित्रित पाइन्छन् । यिनीहरू भूत-प्रेत झैं विशेषतः साँझ र रातमा देखा पर्ने, विहान हुनुअगि नै भागेर लुक्ने निशाचर छन् । त्यसैले नै राक्षसहरू अक्सर कुकुर, उल्लू, गिद्ध र अन्य निशाचर पक्षीको रूप लिन्छन् भन्ने ठानिन्छ । नौडाँडा पोखरावाट संकलित 'सज्जनका कुरा काल काट्ने छुरा' कथामा दिनन्धो राक्षसको प्रसंग छ । उ राती सुतेको बेला १०० कोस टाढा कमिला हिंडेको पनि देख्दछ, तर दिउँसो चाँहि हात्ती हिंडेको पनि देख्दैन । अघि हिन्दूहरूको पूजा, वलि, प्रार्थना आदि भंग गर्दै मसान, चिहान, मृत लाश-वरिपरि घुम्ने राक्षसहरू नेपाली लोककथामा भयानक, भीमकाय, निर्दयी र विरूप छन् । तिनीहरूको ब्यास्पा जत्रो ठूलो पेट, आकाश र पाताल ताकेका दाह्रा, दुई हात फाटेको ओडार जस्तो ह्वाङ्ग मुख, नाङ्लो जत्रो कान, मानिस-पशुका रगतले कटकटिएका लट्टा परेका बाँसका जरा जस्ता ठाडा कपाल, एक कोस फैलिएका शरीरका

रौं आदि छन् । महाभारतकारले राक्षसहरूको विषयमा प्रस्तुत गरेको विवरणअनुसार ती अत्यन्त डरलाग्दा, खैरो वर्णका, उछिट्टिएका रगतले कटकटिएका दाँत भएका, पराले कपालका, लामा र ठूला तिघ्रा तथा पाँच खुट्टा भएका, ठूलो भुँडी, पछाडि फर्केका औंला, अत्यन्त क्रोध, विरूप अनुहार, डरलाग्दो चर्को आवाज भएको, शरीर-वरिपरि घँघला बांधेका, नीलो घाँटी भएका छन् । तिनीहरूको भाग कीरा लागेको, मान्छेले छिक्क गरेर छाडेको या मिल्काएको पुरा हो। यो आँसुसँग मुछिएको हुन्छ । उनीहरू गर्भ रहेकै दिन बच्चा ब्याउँछन्, आफ्नो इच्छाअनुसार रूप बदल्न सक्तछन् । तिनीहरू कुबेलाको उपहार या शिकार अपनाउँछन् र अरुणोदयअघि अत्यन्त बलवान् हुन्छन् र साँझ विहान दुवै गोधूलिमा आफ्ना छल्न सक्ने शक्तिहरू प्रकाशित या प्रयोग गर्दछन् । यहाँ उल्लेख गरिएका केही स्वभाव र प्रकृति नेपाली लोककथाहरूका राक्षसहरूमा पनि उपलब्ध छन् ।

साधारणतः उपर उल्लिखित दुई थरी अतिमानवीय रूपका पात्रहरू आतंककारी, भयावह, डरलाग्दा, रूपपरिवर्तन गर्ने र नर-भक्षी छन् । राक्षसहरू कुनै रोगव्याध लगाएर मान्छे मार्दैनन् त्यसैले तिनलाई हटाउन प्रेतलाई झैं मान्छेले धामी झांक्री लगाएका छैनन्, बरु राक्षसले नै एक ठाउँमा बाँदर धामी लगाएको छ । ती मान्छेका बुद्धि, विवेक, साहस, बहादुरी र शौर्यले धपाइएका, पंछाइएका र मारिएका छन् । वशमा ल्याउन सकिएको विशेष अवस्थामा भने भूत र राक्षस असाध्य र असंभव कार्यहरू सम्पन्न गर्नमा मान्छेका सहायक र सहयोगी भएका छन् । मान्छे खीरपाक ताउली, सुनहग बाख्री, डाङ्डुङे लौरी, मारामुरु देच्चा, बाँध पासो जस्ता वस्तुहरू मात्र यिनीहरूबाट हात लगाउँदैनन् आफ्नो भविष्य र उमेर समेत मन्त्र लगाउँछन्। टुहुरी तथा राजकुमार-लाई जीवन जोगाउन उनीहरूबाटै जादूपूर्ण खरानी, तेल, थाक्रो,

काँगियो, ऐना आदि वस्तुहरू प्राप्त भएका छन् । कथाको क्रममा मान्छे भूतको सामर्थ्य निहित मर्म सपनामा पत्ता लगाएर कतै कुल्ली-लाई झैं काम लगाएर जोत्दछ भने कतै राक्षसहरूलाई वश गर्ने मंत्र जान्ने बुहारीले राक्षसहरूलाई बिकटमा पारी साह्रा मान्छेको–आफ्नो ससुरा र श्रीमान् सहितको–जीवन बचाएकी छ । सामान्यतः भूत मानिसलाई खान्छ, तर निडर मान्छेसँग भने स्वयं भूतै डराएर भाग्दछ । यी आफूसँग भएको बहुमूल्य वस्तु मान्छेलाई दिन्छ । उ मानिसलाई दैनिक ठेक्का दिन विवश हुन्छ । मानिस र भूत, मानिस र राक्षसबीच लडाइँ, झगडा, शत्रुता मात्र होइन मित्रता पनि स्थापना भएको छ । राक्षस, विशेषतः बूढी राक्षस्नीले मान्छेका छोरी-माथि दया-माया देखाएकी छ । उ सबैलाई मारी तिनीहरूलाई धर्मपुत्री बनाएर पाल्दछे । लाखे विशुद्ध नेपाली राक्षस हो । लाखे शब्द राक्षस शब्दबाट 'र' 'ल' 'र' 'क्ष' 'ख' भएर बनेको हो । उसले अनजानमै दयालु र निर्दयी मान्छेलाई आफ्नो कर्मको फल चखाएको छ । राक्षसहरूमा कृतघ्नता, कुटिलता र विश्वासघाती प्रवृत्ति छैन, उनीहरू वचनका पक्का छन्; वरु कतै कतै कृतज्ञ भएर मान्छेलाई उसले चकित पारेको देखिन्छ ।

राक्षससम्बन्धी अन्य नेपाली लोककथाहरूमा धर्मपाल, दिक्पाल, सत्तलसिंह, केशवती, गुरुमापा, साने सुजिकार, राक्षस र सिमी, आदि प्रमुख छन् । यिनीहरूलगायत अन्य सबैजसो नेपाली लोक-कथाहरूमा उपलब्ध राक्षस पात्रहरू पश्चिमी लोककथाका राक्षसहरूको तुलनामा विशाल अट्टालिका, भव्य दरबार, गगनचुम्बी महलहरूमा निवास गर्दछन् र असंख्य धन, बहुमूल्य द्रव्य रत्नादिहरूले परिपूर्ण कुवेर जस्ता छन्; तर ती दैत्य, भूत, लाखे, जायन्ट गोबलर, ओगर, डेमोन आदिका मनुष्यलाई दुःख कष्ट दिने, मार्ने उपद्रवी स्वभावहरू एकै प्रकारका छन् र ती समानरूपले मानवबुद्धि कुशलता र चातुर्यका समक्ष नतमस्तक छन् । ती भीमकाय डरलाग्दा पात्रहरू

समान रूपले साना साना बाल बालिकाहरूको चलाखी र बठ्याइँको शिकार भई जीवन गुमाउँछन् । पौराणिक तथा धार्मिक कथाहरूमा देवताहरूद्वारा पराजित दानव, दैत्य, राक्षसहरू लोककथामा भने मानवद्वारा पराजित भई कतै मृत्युलोकमा पुग्छन्, कतै रसातल पातालमा भासिन पुग्छन्, कतै चेतबाबाकासी भएर तह लाग्छन्, कतै कहिल्यै नआउने नफर्कने गरी भागेका छन् । मान्छेसँगको युद्धमा राक्षसले कहिले कतै सम्पूर्ण रूपमा विजय आफ्नो हात पार्न सकेको छैन । उ सबैजसो कथामा मान्छेबाट पराजित छ, बाकी रहेको मान्छेबाट, अर्कै देशको राजकुमार, मन्त्रिपुत्र तथा अन्य साधारण मान्छेबाट । मान्छेको रगतका प्यासा नरभक्षक राक्षसहरूले साराका सारा मान्छेहरू खाएर नगरहरू शहरहरू उजाड बनाएका छन् । त्यहां दोहोरो टम्म रूख लाएका सफा र फराकिला सडक, फलफूलले भरिएका लटरम्म रूख बिरुवाहरू, अनेक रंगीचंगी महलहरू, तथा ठूलठूला मालहरूले भरिभराउ पसल हुन्छन्, तर मान्छेको बीउ पनि देखिंदैन । सब सुनसान मसान जस्तो देखिन्छ । राक्षसहरू मान्छेको गन्ध टाढैबाट थाह पाउँछन् र मनुवा गनाएको कुरा बताउँछन् । उ खास बाकी रहेको मान्छेलाई पनि आफ्नो अनुपस्थितिमा मूर्छामा पारेर आफू आइपुगेपछि पुनः ब्यूँताउने गर्दछ। यस्तो कार्य गर्न राक्षसी बूढीले दिग्पालको कथामा चाँदीको छडी र सुनको छडी उपयोगमा ल्याएकी छन् । कथामा कतै कतै राक्षसहरूलाई दैनिक मान्छे या रांगो खाजा ग्राम या नगरवासीहरूले दिनुपरेको छ । केशवतीको कथामा एउटा राक्षसले बस्ती उजाड पार्न लाग्दा राजाले त्यसो नगर म दिनको एक जना आहारा तिमीलाई दिन्छु भनी कबूल गरेका छन् र पालो लगाइदिएका छन्। गुरुमापामा जुवाडे केशचन्द्रले गुरुमापालाई दैनिक एउटा राँगो र एक खड्कौंलो भात दिने कबूल गरेर फकाएको छ । गुरुमापा बिस्तार छिमेकीका बच्चाबच्चीहरूतिर लोभिन्छ, तर थाह पाई शहरका अरू सबै मान्छे मिली

धपाई टुंडिखेलमा चर्न दी वर्षको एउटा राँगो र आधा खडकौंलो भात दिने व्यवस्था मिलाउँछन् । काठमाडौंका नागरिक अझै पनि गुरुमापासँगको आफ्नो कबूल तोकिएको दिनमा बुझाउँछन् । फेरि यी राक्षसहरू सितिमिती मर्दैनन्, उनीहरूको काल कुनै वस्तुको आधारमा रहेका छन्। धेरैजसो राक्षसको एक जहानको एकै काल र एकै चिहान हुने उल्लेख पाइन्छ, तर राक्षस पात्र भएका अधिकांश लोककथाहरूमा चाहे ती बढी मान्छेका बहादुरी तथा आँट प्रदर्शन गर्ने कथा नै किन नहुन् मान्छेले कुनै न कुनै उपायले तिनीहरूको सामर्थ्य वा शक्ति निहित मर्मस्थान वा वस्तु मात्र पत्तो नलगाई राक्षसकै छोरी (विशेषतः धर्मपुत्री) र श्रीमती वा नाति वा अन्य घनिष्ठ सम्बन्धित व्यक्तिहरूबाट प्राण-प्रतिष्ठा वा एकात्मप्राण भएको प्राणी, कारण यद्वा रहस्य पैल्याई आफ्नो कार्य सिद्ध गरेको छ र उनीहरूबाट असंभव मानिएका सबै आवश्यक सिलसिलेबार कामहरू फत्ते गरी मिति पुऱ्याएको छ। राक्षसहरूको बाहिरी आत्मा विशेषतः भमरा, सुगा, सर्प र मूर्ति आदिमा एकात्म भएर रहेको भेटिएका छन्। 'दुष्ट दुई दिन गम्कन्छ, सज्जन सधैं चम्कन्छ' कथामा राजकुमारले राक्षसी बूढीबाट रहस्य फुत्काई कपाल फ्याँक्दछ, ठूलो जंगल हुन्छ; काँगियो फ्याँक्दछ, बिखालु काँडाहरू बन्छन्; ऐना फ्याँक्दछ विकराल पहाड बन्दछ र सबै राक्षसहरूको एकै चिहान बनाउँछ । राक्षसहरू मार्ने काम पगपगमा अत्यन्त खतराजनक हुन्छन्, तर ती कामहरू मान्छेबाट कुशलतापूर्वक संपादित हुन्छन् । राक्षस भूत प्रेत दैत्य दानवका, लाखे कवन ख्याकका यी नेपाली लोककथाले एकातिर रोमाञ्चकारी मनोरञ्जन प्रदान गर्नुको साथै उनीहरूप्रति मानव हृदयमा रहेको डर त्रास, भय आदि भावलाई समाप्त गर्न खोजेको छ भने अर्कोतिर मानव-बुद्धि र कौशललाई विजेताको शिरताज पहिरयाएर मानव-विजयको अक्षय र अनन्त गाथा लिपिबद्ध गरेको छ । यी कथाहरू अतिमानवीय रूपका पात्रहरुसँग संबद्ध हाम्रो

समाजमा आजतक प्रचलित विश्वासहरूको विकासक्रम पैल्याउन, व्याख्या विश्लेषण गर्न हामीलाई आवश्यक तथ्यांकहरू उपलब्ध गराउँछन् । त्यसैले यी महत्त्वपूर्ण छन् ।

(ख) धामी बोक्सी तथा जादूका लोककथाहरू

सृष्टिको थालनीदेखि नै मान्छे प्रकृतिका रहस्यमय शक्तिहरूप्रति अत्यन्त जिज्ञासु र उत्सुक रही आएको छ, मान्छेको यही जिज्ञासा-वृत्तिले उ ती अतिप्राकृतिक जस्ता प्रतीत हुने प्राकृतिक शक्तिहरू-माथि नियंत्रण तथा अधिकार प्राप्त गर्न चाहन्छ । टुनामुना, जादू, तन्त्रमन्त्र आदि मान्छेका यही साधनात्मक ज्ञानका परिणामहरू मानिन्छन् । शब्दको जादूशक्ति तथा टुनामुना जादूतन्त्रप्रतिको मान्छेको विश्वासको जन्म र प्रचलन सीधा मानव-सभ्यता तथा संस्कृतिको विकाससँग घनिष्ठ रूपले संबद्ध छन् । आवश्यकताअनुसार मान्छेले अपनाएका यी विश्वासहरू जाति, वर्ग, समाज तथा विभिन्न धार्मिक तथा अन्य सिद्धान्त एवं मान्यताहरूको निर्माण र प्रारम्भ हुनुअगि भरखरै मान्छे जङ्गली जीवनवाट बाहिर निस्कन थालेपछिका हुन् । आदि-मानवले आर्जन गर्न शुरू गरेको यो साधनात्मक ज्ञान प्राकृतिक रहस्य खोल्ने बन्द गर्ने सबल सही साँचो मानिन्छ। नेपाली लोक, जीवनमा यी विश्वासहरूको विशेष भूमिका देखिन्छ । हाम्रा शहर बजार विशेष गरी गाउँघरमा खेतीवाल किसानहरूबीच आजपर्यन्त यी विश्वासहरू प्रचलित तथा जीवित छन् । यिनीहरूको प्रयोग यद्वा उल्लेख नेपाली लोककथाहरूमा यत्र तत्र उपलब्ध छन् ।

टुनामुना, जादू-तन्त्र-मंत्र आदिको चमत्कारी वस्तु, वर्णन र घटनाको उपस्थितिले कथामा अलौकिकता जन्मन्छ। अलौकिकताले कथालाई सदा मनोरञ्जक, आकर्षक र उत्सुकतापूर्ण बनाउँदछ । नेपाली लोक-कथाका विशेषपात्रहरू मन्त्रबलले आकाशबाट खस्ने वज्र रोक्न, मृतमा जीवन–संचार गर्न, पशुवाक्य बुझ्न, सर्पहरू भनेको ठाउँमा पुन्याउन, औंसीलाई पूर्णे र पूर्णेलाई औंसी बनाउन, कपडा बिछचाएर

पानीमा हिंड्न, मान्छेलाई ढुंगा र ढुंगालाई पुनः मान्छेमा परिणत गर्न, रूपपरिवर्तन गर्न, डोकोमा पानी अडचाउन, एक ठाउँमा पानी खन्याएर अर्को ठाउँको आगो निभाउन, बालकलाई केही खान लाउन आवश्यक नपर्ने बनाउन, मान्छेलाई कुकुर्नी बनाई कुकुर्नीलाई फेरि मान्छे बनाउन, पृथ्वीलाई फोड्न र जोड्न, गाईलाई पत्थर बनाई पुनः उही रूपमा फर्काउन, खुट्टा बालेर खाना पकाउन, फौजलाई भेडा बनाउन समर्थ देखिन्छन् । जादू तन्त्रमन्त्र गर्ने पात्रहरू कथामा सर्वसाधारणभन्दा फरक केही विशेष प्रकारका हुन्छन् । तिनीहरू कोही बूढी वज्यै, कोही लामा, कोही धामी, कोही तांत्रिक, कोही गुभाजु बोक्सी, कोही राजा र कोही चोर तथा कोही साधु संत छन् ।

पाल्पाको 'टुनामुना जान्ने बूढी' कथामा बूढी क्रमशः राजा मंत्री, रानी सबैलाई संमोहनमंत्रको फन्दामा पारी तिनीहरूको अमूल्य गरगहना मात्र लुटदिन, राजाले बूढीलाई मार्न भनी पठाएका समस्त सेनालाई समेत जादूको बलले भेडा बनाउँछे । राजाको केही नलागी अन्तमा उसले उल्टो बूढीको तारीफ गरी उसलाई फेरि कहिल्यै नचलाउने निर्णय लिनुपर्छ । मंत्रीबाट दुई टुक्रा पारिएको बूढीको कथामा जादूको प्रबलता र अविजेय तत्त्वलाई स्पष्ट रूपमा चित्रित गरेर टुनामुनाको प्रचार-प्रसारको क्रम कायम रहेको देखाइएको छ। प. १ नं. नुवाकोटतिरको 'सक्कली राजकुमार' कथामा राजकुमारको बालककालैमा विवाह हुन्छ, उ ठूलो भएर ससुराली जाँदा ठाँटबाट ससुराले नोकरलाई राजकुमार ठहऱ्याउँछ र प्रशस्त मान-मर्यादा गर्दछ । नोकरको इज्जत र खास ज्वाइँको पिसाइ भएकोमा दाउरा लिन बन गएको बेला राजकुमारलाई नागहरूको सहयोग प्राप्त हुन्छ । नागहरू उनलाई 'स्वप्प' र 'फुस्स' भन्दा तत्कालै टाँसिने र फुत्कने मंत्र दिन्छन् । यसैको आधारमा राजकुमार सारा भत्तेर, पुरोहित, ज्योतिषतकलाई लाजमर्दो पारी जिल्ल्याएर राजालाई समेत आफूलाई सक्कली राजकुमारको रूपमा स्वीकार गर्न बाध्य तुल्याउँछ।

एकातिर यो कथामा जादूको सहयोगले सत्यको उद्घाटन गरी तन्त्र-मन्त्रको अचूक शक्तिले लोकलाई प्रभावित पारेको तथ्य देखाइएको छ भने अर्कोतिर बाल-विवाहले ल्याउन सक्ने भ्रम र ससुराली जाँदा ठाँटबाटले मान पाउने सामाजिक खोक्रो चलनलाई पनि उदाङ्गो पारेर राखिएको छ । कथामा हास्य-व्यङ्ग्यको अनौठो संमिश्रण पनि भएको छ ।

जादूको प्रयोग गरेर केवल आफ्नो इच्छा पूर्ण गर्ने अरूलाई दुःख कष्ट दिने प्रत्यक्ष उद्देश्य भएका व्यक्तिहरूलाई कथामा जादूबाटै ठ्याक लगाइएको छ । अर्काको कुभलो गर्ने जादू कालो जादू हो । यस्ता व्यक्तिहरूको जीवनमा कतै न कतै केही खाल्टाखुल्टी हुन्छन् । केही अभाव, केही अपुग भएका उनीहरू विशेषतः अपूता र निःसंतान हुने गर्छन् । 'पटरानी चन्द्रकला' कथामा परपीडक तान्त्रिक राजासँग संसार देखाउने ढुंगा हुन्छ । आफ्ना १०० सय रानीहरूमा कान्छी रानीभन्दा राम्री चन्द्रकलालाई ल्याउन जोगी बनेर उ अलख जगाउँदै चामल मन्तरेर भिक्षा दिन आएकी चन्द्रकलालाई कुकुर्नी बनाउँछ र आफ्नो दरबारमा लगी पुनः पहिलेकै रूपमा परिणत गर्दछ । उ यसै गरी अक्षताले हानेर चन्द्रकलाका आफ्ना राजा र महललाई पनि ढुंगा बनाउँछ र अरू कोही आउन नसकून् भनेर पृथ्वीलाई नै मंत्र-बलले फोरेर बीचमा गहिरो खाल्डो पारी वरिपरि ठूलठूला डाँडा बनाई आउनेहरूको लागि बाटो बन्द गर्दछ। तर राजा हराएर राज-गद्दीमा राखिएका राजकुमारलाई शिकार खेल्न जाँदा जंगलमा जोगी-बाट बाबु-आमाको अवस्था ज्ञात हुन्छ । उ माला उनेर तांत्रिक राजालाई खुशी पारी निःसंतान उसको 'धर्मपुत्र' बन्दछ र नोकरको सहयोगले थुनिएकी आमाको दर्शन गर्दछ । मान्छेलाई ढुंगा र फेरि ढुंगाबाट मान्छे बनाउने मंत्र सिक्ने रहर देखाउँदा उ पुस्तकै पाएर रातभरिमा डाँडा जोर्ने मंत्र पनि घोकेर कण्ठस्थ गर्दछ, तांत्रिक राजालाई सुतेकै ठाउँमा ढुंगा बनाउँछ र माटो मन्तरेर डाँडा जोडी

बाबुलाई पुनः ब्यूँताई आसा समेत भई सुखसँग जीवन बिताउन थाल्दछ ।

तांत्रिक जादूवालहरू सजिलैसँग आफ्नो रूप बदल्न सक्दछन् । नेपालमा प्रचलित बहुसंख्यक गुरु-चेला, बाबु-छोराको लोककथा, धर्मकथा, पुराण आदिमा सबैजसो स्थानमा छोरो या चेलोले आफ्ना गुरु र बाबुलाई पराजित गरेको देखिन्छ । दाङ धरैनीको गुरु-चेला पात्र भएको 'बदला' शीर्षकको लोककथामा बूढाबूढीका दुई छोरामा जोगीले चलाख र बुद्धिमान् कान्छोलाई मागी शिक्षा-दीक्षामा पारंगत तुल्याउँछ। साधु बुझाउन आउँदा कान्छोको सल्लाह-अनुरूपै बाबु उसैलाई छान्दछन् । कान्छो घोडाको रूप लिएर काटी नबेच्ने आग्रह बाबुलाई गर्दछ । कसैले नकिनेकोले साधु बाबुलाई लोभमा पारी काटी समेत किन्दछ । वायुवेगमा उडेको घोडा पोखरीमा झरी माछा बन्दछ, साधु बकुला भएर किनार ढुक्दछ । थाह पाएर माछा शंखकीरा हुन्छ र राजकुमारीको कोठामा गई भुसुना भई मोतीको मालाभित्र पस्दछ । बकुला पनि यो बुझेर झटपट राजाको ढोकामा आई राजालाई वचनबद्ध गरी माला माग्दछ। तर माग्नुभन्दा अगि नै भुसुनाले युवक भएर चराले मोतीको मालामा जरूर केही रहस्य छ भन्दा भन्दै पनि बाबुछोरीको बीचमा भनाभन परेकोले छोरी माला चुँडाई बगैंचामा फाल्दछे । बकुला परेवा भई छरिएको मोतीको दाना टिप्न थाल्दछ, तर भुसुना बिरालोको रूप ली परेवालाई मार्दछ । राजाको आदेशअनुसार बिरालो ल्याइन्छ तर सबै रहस्य खुलेपछि ऊ आफ्नी राजकुमारीसँग चेलाको विवाह गरिदिन्छ। यही कथाको अर्को पाठ एक बाहुनको कथामा पनि घोडा-बाट मान्छेको रूप ली भाग्दा समात्न लागेकोले चेला परेवा बन्छ, गुरु पनि परेवा भै पछ्याउँछ । चेला परेवा पोतेको कंकणको रूप लिन्छ, पानी भर्न लागेको आइमाई खुशी हुन्छे । उ माग्दा माग्दै पनि दिन्नँ भनेर घर जान्छे। गुरुले साह्रै जिद्दी गरेकोले उ रिसले पोतेलाई आगोमा

फाल्दछे, परेवा पोते खान थाल्छ, तर प्राण भएको पोते चाहिं संजोगले घाँटीको गाजमा नै अल्झेकोले चेलो बाज बनेर परेवालाई खान्छ। तांत्रिक राजाले जस्तै यी दुवै कथामा गुरुले चेलालाई अनेक उपायले समाप्त गर्न खोजे पनि अन्तमा चेलाहरू नै विजयी बनेर देखा पर्दछन्।

काठमाडौं उपत्यकामा प्रचलित धेरैजसो मन्दिर-निर्माण, स्थानीय देवी-देवता तथा चाडबाडका कथाहरूमा तन्त्रमन्त्रको निकै प्राबल्य देखिन्छ। प्रचलित लोककथाहरूमा नेपालका तान्त्रिक बौद्ध भिक्षु तथा गुभाजुहरू हिन्दूस्थानतिरका जादूगर र तिब्बततिरका लामाहरू-भन्दा सिपालु र माथिल्ला तहका देखिन्छन्। 'सुरतवज्रको यात्रा-विवरण' लोककथामा सुरतवज्र ल्हासामा चिया लिंदै फाल्दै गरेर नेपालमा आफ्नो घरमा लागेको आगो निभाउँछन्। लामा ईर्ष्यालु भएर सुरतवज्र मरेको खबर नेपालमा पठाई उसलाई ब्रह्मपुत्रबाट कसैले नतार्न आदेश दिन्छ। तर सुरतवज्र एउटा कपडा ओछ्याएर सजिलैसित नदी तर्दछन्। लामा र वज्रमा भँगेरा भई फूलको डालीमा बसेर हलुका हुने प्रतिस्पर्धा पर्छ। वज्र भँगेराबाट परेवा हुँदा पनि डाली नुहुँदैन, त्यसैले लामा बाज भएर रूपपरिवर्तन गरी माथिका कथाहरूमा चेलाले गुरुलाई झैं मार्न खोज्दछ। उ भागेर गुफा पस्दछ, तर लामा सर्प भएर गुफाभित्रै गुँडुलिकन्छ। वज्रले गुह्येश्वरीको ध्यानले खुँडा पाई सर्पलाई दुई टुक्रा पार्दछ। घरमा आउँदा आफ्नो काजक्रिया भइसकेकोले उ म मरेको छैन भनी चिह्नस्वरूप जुत्ता पठाई गुह्येश्वरीको मन्दिरभित्र पसेर आफै अलप हुन्छ।

जुम्लातिर प्रचलित 'छिछिम लामा' कथामा पनि सिंजा लामा-थाडाका छिछिम लामा नामका मान्छेले सुरतवज्रले झैं चमत्कारपूर्ण कार्यहरू गरेका छन्। कथा प्रसंगमा अन्तर्यामी उनले गढकुमाउँका राजाको दरबारमा नाच्न लागेकी पातर्नीहरूको लहँगा फुस्केको कुरा जालन्धरी राजाको सभामा सुनाउँछन्, जाँची हेर्दा

कुरा साँचो निस्कन्छ। त्यसै गरी फेरि कर्णालीमा सिपाहीहरू डुब्दा लामा आफ्ना बख्खुका बाहुला निचोरेर पानी तर्काई देखाउँछन् । उसको पुरुषार्थमा राजा अत्यन्त प्रसन्न हुन्छन् र एकदिन उनलाई नरमाइलो पनि देखाउनू भन्दछन् । यस कुरामा लामाले धेरै सम्झाउँदा पनि राजा आफ्नो जिद्दी छाड्दैनन् त्यसैले सिजापति राजाको प्राचीन राजधानी लामाथाडामा भुईंचालो जान्छ, आकाशबाट सेता र काला सिउबाघ झर्छन् र राज्यसमेत भताभुङ्ग हुन्छ । यस कथाले जादूगर लामा झाँक्रीहरू टाढा-टाढाका कुरा मात्र थाह पाउँदैनन्, रमाइलो मात्र गर्दैनन्, नरमाइलो र नराम्रो पनि गर्न सक्ने हुन्छन् भन्ने सर्वसाधारणको विश्वासलाई अभिव्यक्त गरेको छ र नचाहिने कुरामा जिद्दी गर्दा जालन्धरी राजाको राज्य समाप्त भएको कुराको संकेत गरेको छ। पहाड गाउँ-ठाउँमा अझै पनि लामाहरूले आफ्नो विद्या साधन गरेर पानी पारेको, असिना पारेको चटचाङ तथा वज्र पारेको र जीवजन्तु खाने अजिंगरहरू मारेको विवरणहरू सुनिन्छन् । यी लामाहरूको कहिलेकाहीं स्थानीय धामी, बिजुवा, झाँक्रीहरूसँग पनि प्रतिस्पर्धा हुने गर्दछ । यो प्रतिपस्र्धा या हानथाप कहिलेकाहीं स्थानीय या राष्ट्रिय सीमा नाघेर अन्य देशका व्यक्तिहरूसँग पनि परेको छ । सुरतवज्रले तिब्बतका ईर्ष्यालु लामालाई तह लगाएका छन् भने तन्त्र-साधन गर्ने जामन गुभाजुले दक्षिण मतलब भारततिरबाट आएका जादूगरलाई कायल पारी अचम्भित तुल्याएका छन् । काठमाडौं उपत्यकाका गुभाजु र जादूगरको कथामा एकदिन मान्छे टुक्रा पारी काटेर छुट्याई पुनः जोड्ने दक्षिणबाट आएको जादूगरको जादू हेरी फर्केका चेलाहरूलाई हप्काई गुभाजुले डोकोमा पानी ल्याउन लाउँदा जादू हेरिरहेका भीड उनीहरूतिर एकोहोरिन्छन् । जादूगरले ढुङ्गाले हिर्काई पानी चुहाएको कुरा सुनी जामन गुभाजु आफैं प्रदर्शनस्थलमा पुग्छन् र मान्छे काटेर जोड्न लागेको वेलामा चील बनी मुटु लिएर जान्छन्। मुटु नभई जादूले मात्र बचाउन नसकिने हुँदा

जादूगर जामन गुभाजुको घर पुग्छ। गुभाजुकी श्रीमतीले आफ्नो खुट्टा बालेर भात पकाउँदै गरेको देखी उ अचम्मित भएर गुभाजुलाई भेट्न भनेको ठाउँमा पुग्छ– गुभाजु आफ्नो बूढी औंलाले रूखको हाँगा झुकाई आफ्ना भेडाहरूलाई घांस खुवाइरहेका देखिन्छन् । जादूगरले मुट्टु माग्दा उसले हांगा समातेर राखेमा मुट्टु ल्याइदिने कुरा बताउँछन् तर जसै गुभाजु आफ्नो खुट्टा निकाल्छन् जादूगर हाँगासँगै आकाशमा झुण्डिन पुग्दछ। गुभाजु उसलाई घर लगी मुट्टु दिन्छन्। जादूगर भने आफ्नो भएभरको मालसामान पोको पारी काठमाडौं कहिल्यै न आउने किरिया खान्छ।

एक प्रकारले सबैजसो लोककथाहरूमा कहीं न कहीं केही न केही अलौकिक तथा जादूगरीयुक्त वस्तु, कार्य, पात्र या घटना उपलब्ध हुन्छन्। अतिशयोक्ति, समानान्तर कथन, निश्चित रूढ विशेषण रूसी या अन्य देशका जादू चमत्कारका कथाहरूमा झैं कथाको विशेषताको रूपमा नेपाली कथाहरूमा पनि पाइन्छन् । यिनीहरूमा पनि अतिशयोक्ति जादूका कथाहरूको सार्वदेशीय र सार्वकालिक विशेषता हो । सामान्यतया जादूका कथाहरूको एउटा आफ्नै विशिष्ट रूप पाइन्छ अतः जादू कार्य सम्पन्न गर्ने पात्रहरू पनि विशेष प्रकारका हुन्छन् । जादूकथाका नायकहरू बहादुरी तथा साहसका कथाहरूका नायकहरूले झैं नै सदा खतरा मोलेर विशेष परिस्थितिमा जीवनलाई हत्केलामा राखी फुकी फुकी दरिलो आंटिलो साहसपूर्ण कार्यहरू गर्दछन् र आफ्नो र अरूहरूको पनि रक्षा गर्ने गर्दछन् । टुनामुना जान्ने बूढीले आत्मरक्षाको खातिर जादू गर्नुपरेको छ भने सक्कली राजकुमारले सत्यता साबित गर्न जादूको सहयोग लिनुपरेको छ । जामन गुभाजु र सुरतवज्र पनि आत्मप्रतिष्ठा, तांत्रिक विशिष्टता र आत्मरक्षाकै खातिर तन्त्रमन्त्रको प्रयोग गर्दछन् । छिछिम लामाले आफूमा निहित अतिमानवीय विशिष्ट सामर्थ्यलाई साकार रूप दिएका छन् भने अन्य नेपाली लोककथामा ऋषि, मुनि, तपस्वी, योगी आदिले जादू तन्त्र

मन्त्र सिकाएर कथाको नायकलाई सर्वसाधारण मान्छेको तहबाट उठाएका छन्। मध्ययुगीन नेपाली जादू-तन्त्रमन्त्रका कथाहरू मत्स्येन्द्र-नाथ, गोरखनाथ आदिसँग बढी सम्बद्ध पाइन्छन्। नाथ-संप्रदायको प्रचार-प्रसारले तन्त्रमन्त्रको अरू व्यापक प्रचार गरेको भेटिन्छ। नेपाल तराईतिर प्रचलित लोककथा या लोकगाथामा उपलब्ध कनफट्टा जोगीहरू विशिष्ट शक्ति र गुणले सम्पन्न भेटिन्छन्।

जादू तन्त्र मन्त्र साधन गर्ने कथाका मुख्य नायक तथा नायिका-हरूले आफ्ना शत्रु तथा प्रतिनायकहरूलाई केही नलागेपछि प्रायः आफ्नो विद्या साधन गरेर पराजित र कायल पार्नुपरेको छ। अन्य वर्गका कथाहरूमा झैं यी कथाहरूमा जादूपूर्ण वस्तुहरूको प्रयोग-भन्दा मन्त्रोच्चारणको महत्त्व वेशी स्वीकृत देखिन्छ। जादूका वस्तुहरू यी कथाहरूमा अवश्य पनि महत्त्वपूर्ण काम गर्दछन्। तर यस्ता वस्तुहरू विशेषतः राक्षस, परी भूत आदिका अन्य कथाहरूमा बढी देखिन्छन्। लाटो र बाठो तथा सुनकेसरीका कथाहरूमा तिल, चामल पोखिदा गाईवस्तु बनेका छन्, रूखमा काँगियो फाल्दा दरबार बनेको छ, कालो कोइला खाएर थुक्दा हाहा भन्ने मान्छेको आवाज आएको छ। 'दुई टुहुरा टुहुरी' कथामा खरानीबाट बाक्लो बादल, तेलबाट नदी, काँगियोबाट निगालो, थाक्राबाट बाँसघारी बनेको छ भने 'दुष्ट दुई दिन गम्कन्छ, सज्जन सधैं चम्कन्छ' कथामा कपाल फाल्दा घनघोर जङ्गल, काँगियो फाल्दा विषालु काँडा तथा ऐनाबाट विकराल पहाड बनेको छ। कतै अंगार फाल्दा अन्धकार वन पनि बनेको छ। अन्य जादूका वस्तुहरूमा सुन दिशा गर्ने 'सुनहग बाख्री', मीठो मीठो खाने कुरो दिने 'छेरबाख्री', 'लालभेडी', 'धेनुगाई' भनेको वेलामा खीर पाक्ने 'खीरपाक ताउली' आदेश पाउनासाथ चुट्ने 'गोर्खेलौरी' 'डाङडुङगेलौरी' 'मारामुरू देच्चा' 'वज्रठिंगे' जसलाई भन्यो उसैलाई बाँध्ने 'बाँधपासो', जहाँ भन्यो त्यहीं पुऱ्याउने चलसन्दूस, उड्ने खाट, 'उड्ने घोडी', मृगासन, खराउ, लाउने

मान्छे नदेखिने अदृश्य टोपी, टोप, स्वर्ग र नर्क देखिने किताब, स्वर्ग मर्त्य पाताल तीनै लोक देखिने 'पिंजराको बुलबुल' जसले लायो उ जवान तन्नेरी हुने औंठी, संसार देखाउने ढुङ्गा, रातोरात दरबार महल बनाउने सुनको खैजडी, आकाशैमा जालमा पार्ने जम्बुजाल, काम फत्ते गरेर ठोक्रोमा फर्कने वाण उल्लेखनीय छन् । कतै कतै मान्छेलाई मूर्छित जाग्रत् गर्ने चाँदी र सुनको छडी, सन्देश दिने मुरली र घण्टी पनि पाइन्छन् । यी बाहेक भनेको वेलामा दालभात दिने डाडुपन्यू, पैसा झर्ने झोला तथा चामल कहिल्यै नसकिने झोली जस्ता वस्तुहरू पनि प्रशस्त पाइन्छन् । कथामा यी वस्तु आवश्यकता-अनुसार नायकले आफ्नो काम फत्ते गर्न, लक्ष्यमा पुग्न, उद्देश्य-पूर्ति गर्ने कतै साधुबाट, कतै योगीबाट, कतै भूत राक्षसबाट, कतै अप्सराबाट कतै अन्य व्यक्तिहरूबाट पाएका छन् । यी चमत्कारपूर्ण जादूका वस्तुहरूले मान्छेको इच्छाको अतिशयता, सिर्जनात्मक कल्पना, यथार्थ अभावको परिपूर्ति गर्ने मनोवैज्ञानिक प्रक्षेपण आदिको स्वरूप, साधन, प्रकृतिलाई व्यक्त्याउँदै विराट् प्रकृतिमाथि मानव-विजय र शक्तिसमन्वित गर्ने सर्वसाधारण लोकको यथार्थमा परिणत गर्न चाहने अविजित मानवशक्ति र सपनालाई प्रकट गर्दछन् ।

जादू तन्त्र मन्त्रको प्रयोग धामी, बोक्सी, बिजुवाहरू पनि गर्दछन्। प्रचलित विश्वासअनुसार धामी विशेषतः परहित पर कल्याणमा आफ्नो ज्ञानको उपयोग गर्दछ भने बोक्सीहरू अरूलाई दुःख कष्ट दिने ईर्ष्या द्वेष डाहले आफ्नो विद्या खर्चन्छन् । धामीविद्या र बोक्सीविद्याको क्रमश धर्मगुन र पापगुन हुने भएकोले ती सेतो जादू र कालो जादूसँग सम्बद्ध मानिन्छन् । ती परस्परविरोधी एक-अर्कालाई समाप्त गर्ने खालका छन्, प्राकृतिक संसारमाथि अतिप्राकृतिक सामर्थ्य भएका सधैंजसो अरूको कुभलो तथा खराब चिताउने र गर्ने बोक्सीविद्याको प्रचार र प्रसार सभ्यताको आदिकालदेखि आज-पर्यन्त भूमण्डलमा यत्रतत्र व्याप्त पाइन्छ । पर-पीडक, पर-संहारक

धेरैजसो अरूको अहित अमंगल गर्ने पाप गुन भएका सदाजसो दुष्टात्मासँग घनिष्ठ सम्पर्क कायम राख्ने स्त्री-पुरुष दुवै बोक्सी-विद्याको साधक मानिन्छन् । र बोक्सी बोक्सी नामले चिनिन्छन् तर आजकल बोक्सीविद्या केवल स्त्रीजातिमा मात्र केन्द्रित हुन गएको छ । बोक्सीविद्याका प्रथम अधिष्ठात्री 'पार्वती' हुन् भन्ने विश्वास हिन्दू समाजमा निकै प्रचलित छ । यसै गरी महादेव धामीहरूका आदिगुरु मानिन्छन् ।

मध्ययुगमा बोक्सीविद्याको सामाजिक महत्त्व तथा उपयोग भएको अनुमान सत्य लाग्दछ । उस वेला बोक्सीविद्याको साधकको नाताले कुनै पनि स्वास्नीमान्छेले भनेजस्ती बुहारी भनेजस्ती दुलही पाउनाको साथै सासूले छोरालाई बुहारीबाट छुट्याएर आफूतिर आकर्षित गर्ने एवं स्वयं लोग्नेले स्वास्नीलाई र स्वास्नीले लोग्नेलाई तह लगाउने, नियन्त्रण तथा मुठीमा राख्ने गर्दथे भनिन्छ । कसैमा बोक्सीको कुरा काट्ने, बोक्सीको बाटोमा उभिने, तगारो बन्ने तागत तथा आँट थिएन किनभने यसो गर्नु मान्छेले सीधै मृत्युको बाटो तताउन खोज्नु हुन्थ्यो ।

संसारैभरिका लोककथा तथा वार्ताका अध्येताहरूको निष्कर्ष-अनुसार बोक्सीहरू अतिमानवीय सामर्थ्य भएका, कुनै पनि वेला माथि आकाशमार्गमा उड्न सक्ने, रूपपरिवर्तन गर्ने र गराउने, अदृश्य हुने र बनाउने, अनात्मलाई आत्मानुदान गर्ने, इच्छाअनुसार प्रेम मृत्यु वा उर्वरता आदि उत्पन्न गर्ने गराउने खालका हुन्छन् । आफ्नो मंत्र-साधनाको लागि बोक्सीहरू अक्सर छोरा, छोरी. लोग्ने या अन्य आफ्नो घनिष्ठ व्यक्तिलाई भोग या बलि दिन्छन्। नेपाली लोक सुत्केरी-को दूध सुकेर गए, लैनो गाईले दूध दिन छोडे, अचानक काखे बालोको भोक हराए, घरका स्वस्थ मान्छे या गाईबस्तु मरे बोक्सीले कर्तव्य गरेको ठान्दछन् र अझै पनि गाउँघरमा दूध फाटे, पकाएको रोटी मासु आदि खाद्यवस्तु बिग्रिए, अचानक आँधीले. बालीनालो

बिगारे बोक्सीले आँखा लाएको कुरामा विश्वस्त भएर तुरुन्त धामी बिजुवा लगाउँदछन् । अज्ञात ईर्ष्या, डाह, लोभ तथा द्वेषले गर्दा बोक्सीहरू आपनो विद्याको प्रयोग गर्न बाध्य हुन्छन् । उनीहरू आफ्ना शत्रुहरूलाई अनेक प्रकारले दुःख-कष्ट दिन्छन् । बोक्सी प्रत्यक्ष र अप्रत्यक्ष दुवै तवरबाट आफ्नो शक्तिको प्रयोग गर्न सक्षम हुन्छ । उ आंखा लगाउन सक्छे, सराप दिन सक्छे, या दुष्ट प्रेतात्मा-लाई रोग-व्याध ल्याउन लाएर मान्छेहरूमा रोप्न र उभार्न सक्छे । उ आफैं पनि राती ऐंठन गर्न सक्छे, यद्वा बाण हानेर पठाउन सकेछ । बाण हान्दा बोक्सी विशेषतः फूल या अक्षता फुकेर पठाउँदछे । नेपाली लोक-विश्वास र लोककथामा बोक्सी रूप बदल्दा अक्सर बिरालो, अझ कालो बिरालोको रूप लिन्छ । बोक्सीलाई डोकोले छोपेको, धामीले डामेर पठाएको घटना गाउँघरमा अझै पनि सत्य कथाको रूपमा प्रशस्त सुन्न पाइन्छन् । बोक्सीले आफ्नो औंला बालेर हिंडेको, अमावास्यामा पिप्पलको बोट पुजेको, पिप्पलको बोटै उडाएर काशी लगेको, बोक्सी बकाउन खोर्सानीको धूप दिएको कुराहरू बोक्सीका कथासँग सम्बन्धित छन् । पाल्पातिरको 'बोक्सीको पूजा र भाकल' कथामा बोक्सीहरूले औंसीको रात पीपलको पूजा गर्दा आफ्नै घनिष्ठ नातेदार लोग्ने तथा भाइ समेत काशी पुगेको उल्लेख छ । कथामा बोक्सीले के गर्दा रहेछन् भनी हेर्न गएको मान्छे आफ्नै दिदी, भाउज्यू नातेदारहरूलाई देखी जिल्ल परी नुवाई धुवाई पूजापाठ गरी घर फर्केका छन् । यो कथा कथाको स्वरूप र ढांचाले भन्दा कथामा सन्निहित सामग्रीहरूले गर्दा विशेष महत्त्वपूर्ण र सांस्कृतिक तथ्यसूचक छ । कथामा बोक्सीप्रतिको समाजको धारणा अभिव्यक्त भएको भेटिन्छ ।

कालो जादू टुनामुना गर्ने व्यक्ति नेपाली गाउँघरमा अप्रिय तथा पापी मानिन्छ । लोकधारणाअनुसार उनीहरू अपूता हुन्छन् र पीडादायक मृत्यु मर्दछन् । उनीहरू परिवारका धेरैजसो

सदस्यहरूलाई अकालमृत्युका शिकार बनाउँछन् । बोक्सी शब्द गाउँ-घरमा विशेषतः झगडा पर्दा गालीगलोज हुँदा आफूलाई दुःख-कष्ट दिने आइमाईको निमित्त प्रयोग गरिन्छ । धामी र बोक्सीका पारस्परिक प्रतिद्वन्दिताका कथाहरू नेपाली समाजमा निकै प्रचलित छन् । उनीहरूसँग सम्बद्ध कथाहरूमा चामल फुकेर वाण हानी पठाएको, खरानी या काँचो धागोले चौघेरो बाँधेको, फरियाको टुक्रा या थाङ्ना च्यातेर शरीरै च्यातेको, सानो कुरामा चुक्दा उनीहरूले अकाल मृत्यु वरण गर्नुपरेको कुराहरू पाइन्छन् । बोक्सीहरू मर्दा आफ्नो विद्या आफूसँग लांदैनन् । मर्ने वेलामा उ आफ्नी छोरी या अन्य कसैलाई दिएर जाने गर्दछ । उ मृत्युशय्यामा हुँदा 'थाप, थाप' भन्छे । कसैले थापे अर्ध बोक्सी हुन्छे नथापे मन्त्र भुईंमा पोखिन्छ: यसरी पोखिएको स्थानमा केही खाल्टो पर्छ र त्यो विद्या कसैले ग्रहण नगरुन्जेल रहन्छ । अरू कोहीले बोक्सीविद्या नलिउन्जेल पुरिंदैन खाल्टोको खाल्टो नै रहन्छ भन्ने बलिया विश्वासहरू पनि कथामा पाइन्छन् । बोक्सी जस्तै धामी पनि अनेक रूप लिन, अनेक डरलाग्दा पशुपंछीलाई आफ्नो वाहन घोडा बनाउन समर्थ छन् । धामीले भगवतीको वाहन बाघ चढी हिंडेको घटनाहरू पनि छन् । 'धामी' लोककथामा पाँचऔंले बाघको उत्पत्ति भएको कारणको व्याख्या गरिएको छ । कथामा गरीब धामी सुत्केरी स्वास्नीलाई मासु ख्वाउन बाघको रूप लिन्छ । तर शिकार लिएर घर फर्कंदा स्वास्नी डराएर सेतो अक्षता छर्कन डराउँछे र ऊ बाघको बाघै बनी वन पस्तछ भक्तपुरको बिस्केटजात्राको कथामा पनि सर्प भएको मान्छेले सर्प नै हुनुपरेको प्रसंग छ । धामीका धेरैजसो कार्यहरू बोक्सीसँग सम्बन्धित भनिए पनि कुनै कुनै सीधै जादू तन्त्रसँग पनि सम्बन्धित भेटिन्छन् ।

(ग) परी तथा अप्सराका लोककथाहरू

जर्मनेली भाषामा मार्खे (Marchen) र स्वेडिस भाषामा सागा (Saga) नामले प्रसिद्ध लोककथाहरूलाई अंग्रेजीमा फेयरी

टेल (Fairy tale) भन्ने गरिन्छ । नेपालीमा यो रूपको लोककथालाई परी तथा अप्सराका लोककथा भन्नु उपयुक्त हुन्छ । परीकथा नामले अभिहित यो कथाहरूमा खास परीको बयान थोरै भए पनि अक्सर अप्सरा, किन्नरी, गन्धर्व आदि अतिमानवीय पात्रहरूको अलौकिक चरित्र, क्रियाकलाप तथा सामर्थ्यका कौतूहलपूर्ण वर्णनहरू रस्वभावहरूको चित्रण पाइन्छ । नेपाली लोककथामा परीहरू अतिसुन्दरी, बत्तीस लक्षणले युक्त, दिव्य शक्ति भएका कुनै असाधारण युवती र राक्षसहरूद्वारा भगाइएका या पालिएका रूपसुन्दरीहरूको रूपमा पनि चित्रित छन् । कोही कोही त श्रापित अप्सरा या राजकुमारी भएर केही कालसम्मको लागि मर्त्यलोक या अर्को राज्यमा विचरण गर्दै गरेका पनि छन् । साधारणतः बोलचालीको भाषामा कुनै राम्री सुन्दरी युवतीको बयान या प्रशंसा गर्नु परे गाउँघरमा परी या अप्सरा शब्द नै प्रयोगमा ल्याइन्छ । यसबाट नेपाली मानसमा परीहरू सौन्दर्यको उपल्लो तहको उपमा बनेर बसेका रहेछन् भन्ने तथ्य खुल्दछ ।

साधारणतः अप्सराहरू परीहरू आकाशमा कतै परीलोक तथा अप्सरालोकमा बस्दछन् । हाम्रा पुराणकथाहरूमा पनि पटक पटक स्वर्गलोकको इन्द्रसभामा अप्सरा किन्नरीहरूले नाचेको गाएको उल्लेख प्राप्य छन् । अप्सराहरू आफ्नो अद्वितीय सौन्दर्यले पुरुषहरूलाई आकर्षित, विचलित तुल्याई आफ्नो वशमा पार्दछन् । स्वर्गका देवताहरूले अप्सराहरूलाई ऋषि-मुनिहरूको तप भंग गर्न उनीहरूलाई आफ्नो निर्दिष्ट लक्ष्य तथा कार्यपथबाट हटाउन, स्वर्गको रक्षाको नाममा आत्मसुरक्षा गर्न प्रशस्त उपयोग गरेका छन् । यस प्रसंगमा मेनका, उर्वशी आदिका कथा अत्यन्त प्रसिद्ध र लोकप्रिय छन् । इन्द्रको आदेशअनुसार मेनकाले तपोलीन विश्वामित्रलाई आफ्नो मोहजालमा फसाएर आफ्नो कार्य सिद्ध गरेको कथा उल्लेखनीय छ ।

असाधारण शक्ति भएका परी कुमारीहरूको सामर्थ्य तथा कार्यहरू

पनि मन्त्रबल, जादू तथा चामत्कारिक क्रिया-कलापले गर्दा असाधारण नै बन्न पुगेका छन् । अदृश्य भएर उड्न सक्ने, रूपपरिवर्तन गर्ने काम परी अप्सराहरूको निमित्त अत्यन्त साधारण प्रतीत हुन्छन् । नेपाली लोककथामा अवतरित देवी परीहरू विशेषतः दुःखीमाथि दयालु-मायालु र सहयोगी छन् । पोखराको 'आठपहरिया' लोककथामा रांडी बूढीको टुहुरे छोराले समुद्रको किनारमा मणि पाएर गाउँको मुखियालाई दिन्छ । मुखियाले राजाकहां लांदा उल्टो पक्राउ खान्छ र टुहुरोलाई देखाउँछ । टुहुरो राजाको आज्ञामुताबिक श्यामकर्ण घोडा चढेर राजाले भनेबमोजिम एक मुठी मणि, १००० हात्ती र १००० बाघ समेत क्रमशः लक्ष्मी, गजगामिनी, सिंहवाहिनी आदि देवी तथा परीहरूको सहयोगले ल्याउन समर्थ हुन्छ । यी तीन देवी परीहरू टुहुरालाई सहयोग मात्र गर्दैनन् स्वयं टुहुरासँग विवाह पनि गर्दछन् । स्यावासी दिनुको सट्टा उल्टो राजा सुन्दरी देवीहरूलाई देखेर हात पार्ने अर्को चाल चल्दछन् । टुहुरोलाई गिद्धे पहरामा लगी मार्ने योजना राजा मन्त्री नाऊ मिलेर बनाउँछन्, तर फेदीमा रहेका परी-हरूको सहयोगले टुहुरो बांच्दछ र राजालाई स्वर्गबाट बाबुले पठाइ दिएको भनी मलमलको कपडा दिन्छ । फलतः तीनैजना गिद्धे पहराबाट फाल हालो मर्दछन् । यो कथामा देवी परीहरू उपकार-भावना भएका, दीन-दुःखीको सहयोग गर्ने, सत्यको पक्षपाती, दुष्टलाई उसको कर्मअनुसार मलमल कपडा जस्तो छकाउने जादूको वस्तु दिएर आफैं पनि लड्न तयार देखिन्छन् । कथामा जेठी लक्ष्मीले चिनो-स्वरूप दिएको औंठीले संदेशको काम गरेको छ । यस्तो प्रकारको कथा धिमाल जातिमा पनि प्रचलित पाइन्छ । धिमालकथामा पनि टुहुरालाई उसकी जोईका जादूका सामानहरूले अत्यन्त ठूलो सहयोग गरेका छन् ।

यसै गरो डोटीबाट संकलित 'नौलाहितको भाग्य' नामक कथामा पनि रत्नावती, वागेश्वरी, हस्तवती आदि तीन परीहरूले जुम्ला-

नजीकै लामाधण भन्ने ठाउँको गरीब ब्राह्मणको छोरा नौलाहितलाई सहयोग गरेका छन् । कागको फुल चोर्न सक्ने नौलाहितलाई बालककालमै बाबु खसेकोले आपद्, दुःख पर्छ । तर बूढाले आफ्नो जीवनकालैमा छोराको विवाह रमासँग गरिदिएका हुन्छन् । उ जप गर्न बसेको बला रत्न भेट्टाएर राजाकहां चढाई इनाम पाउँछ । राजाका ५ रानीहरूमा अन्य चार रानीहरू आपस्तमा झगडा गर्दा उसलाई फेरि बोलाई अरू रत्नहरू ल्याउने आदेश दिन्छन् । उ पहिले झैं भोकभोकै बसी जप तप गर्दछ र रत्नसाथै रत्नावती पनि लिएर आउँछ । तर राजाकहां गएर कुरा खोलेकोले रत्नावती स्वर्ग जान्छिन्। गोप्य खोल्दा नायक-नायिकाको वियोग भएको निषेधात्मक लोक-अभिप्राय अन्य नेपाली लोककथाहरूमा पनि उपलब्ध छ । दाङको प्रचलित कथा 'राजा दङ्गीशरण' मा पनि यस्तै घटनाको उल्लेख छ । थारू राजा दङ्गीशरणको यसरी न निषेधात्मक शर्त भंग गर्दा स्वर्गकी अप्सरा मेनकासँग वियोग हुन्छ । दङ्गीशरण मेनकालाई पुनः मेनकाकै रूपमा पाउँदैन घोडाको रूपमा मात्र पाउँदछ । तर नौलाहित भने वागेश्वरी तथा हस्तवतीको मार्ग-निर्देशनअनुसार भुङग्रो, डोरी, भांडो, मुजुर, आदि जादूका वस्तु ली स्वर्ग जान्छ र पछचौरीले अप्सरा रत्नावतीलाई फट्का मारी पुनः ल्याउँछ । अन्तमा उ सबैसित विवाह गरी आनन्दपूर्वक दिन बिताउँछ । परीको एउटा अर्को नेपाली कथा 'के खोज्छस् कानो आंखा' मा सौतेनी आमाको पीरले निस्केको केटाले इन्द्रकी छोरी सुभद्रासँग विवाह गरी १२ वर्षमा छुट्टिए पनि चल्लाहरूको जीवन जोगाएकोले गिद्ध चढी स्वर्ग पुगी, अप्सराले दिएको चिनो औंठी देखाई इन्द्रका मन्त्रीका छोरासँग बिहे हुने अगिल्लो दिन, छ घडीसम्म तबला बजाई अपरिचितलाई मार्ने इन्द्रको आदेशलाई निष्क्रिय बनाई, सुभद्रासँग विवाह गरी इन्द्रले दिएको आधा राज्य ली पुनः आफ्नो राज्यमा फर्की स्वर्गीय रमाइलो गर्न पाएको उल्लेख छ । केटाले चराचुरुङ्गीको रूप लिएका अप्सराहरूलाई

पासोमा पार्दछ । सूर्यमुख र मर्दमुख नहेर्ने सुभद्रा पनि जालमा पर्दछे, केटो उसैलाई वर माग्दछ । उ इन्द्रले दासीहरू सिंगारी छल्न खोज्दा पनि छर्कदैन । तर एउटा १२ वर्षको निश्चित अवधि तोकिन्छ, सकिन्छ र मंत्रीले ६ चिण्डो नीद खन्याई सुभद्रालाई स्वर्ग लान्छ । सुभद्राले उसलाई बिउँझाउन सबै हातपाउमा सुइरो रोप्छे, किनभने उ बिउँझें भएमा सुभद्रालाई स्वर्ग लान नसकिने हुन्छ, तर केही नलागी औंठी लाइदिएर जान्छे र पुनः केटाको पुण्य, धर्म, साहस र आँटले पृथ्वीमा ल्याइन्छे । 'खैंजडी' कथामा अप्सरा विवाह गर्न चाहने ५ भाइमा कान्छो राजकुमार महादेवलाई खुशी पारी पृथ्वीमा नुहाउन झरेको अप्सरासँग गान्धर्व विवाह गर्दछ । अप्सरा राती बास बसेको ठाउँमा बजाउनू भनी एउटा सुनको खैंजडी दिन्छे । खैंजडी बजाउँदा राज-दरबार तयार भई चौरासी व्यञ्जन बनाई अप्सरा स्वर्गबाट आउँछे । रात बितिसकेपछि बैंस पुनः यथावत् हुन्छ । जोगी, पुरोहित, र माझी क्रमशः बज्रठिङ्गे लट्ठी, स्वर्ग र नर्क देख्ने किताब र जम्बु-जाल दिई खैंजडी हत्याउन खोज्छन् । तर बज्रठिङ्गेले सबै ठीक पार्दछ । एक दिन भाउजूहरूले दिनमै खैंजडी बजाइदिएकोले अप्सरा चीलको रूप ली भाउजूको हातबाट खैंजडी खोसेर लान्छे । राजकुमार र अप्सराको वियोग हुन्छ । तर उ माथि उल्लिखित तीन जादूका वस्तुहरू-को सहयोगले पुनः अप्सरालाई पृथ्वी ल्याउन सफल हुन्छ । नेपाली लोककथाहरूमा अप्सराहरूले धेरैजसो पक्षीहरूको रूप लिएको भेटिन्छ । अप्सराहरू पृथ्वीमा विशेषतः रातमा ओर्लेका छन् । उनीहरू जादूका अनेक वस्तुले परिपूर्ण छन् र ती आफ्ना प्रेमी वा नायकलाई दिने गर्दछन् । लोककथाहरूमा पुराण-कथाहरूमा जस्तो अप्सराहरूबाट मान्छेलाई छकाउने, मार्गबाट विचलित गराउने काम भएको पाइँदैन ।

नौलाहित, दङ्गीशरण, खैंजडी, सुभद्रा, के खोज्छस् कानो आंखा, मेहु-लिना आदि दिव्य स्त्रीपात्रसँग सम्बन्धित कथा हुन् । मसालिना

नामक युरोपतिरको कथामा एउटा मनुष्यको दिव्य जातिका स्त्री-पात्रसँग प्रेम हुन्छ। सप्ताहको कुनै एक दिन दिव्य कन्यालाई नहेर्ने शर्त रहन्छ। शर्तको उल्लंघन हुँदा दिव्य स्त्री गायब हुन्छे, खोज्दा पाइँदैन, मनुष्य एकलो हुन्छ। हामीकहाँ प्रचलित शान्तनु र गंगाको पौराणिक कथा पनि यस्तै छ। कथामा गंगा शान्तनुलाई कुनै काम गर्न-बाट नरोक्ने शर्त राख्दछे। शर्तअनुसार जुन वेला उसले रोक्दछ त्यही वेला गंगा जाने भयो। गंगा पटक पटक आफ्ना नवजात छोराहरू-लाई गंगामा बगाउँछे। अन्तमा शान्तनु रोक्छन्, गंगा शान्तनुलाई छोडेर जान्छे। फेरि आउँदिन। तर नेपाली लोककथाहरूमा राखिएको शर्त भंग भएर केही समयको लागि नायक-नायिकाको वियोग भए पनि नायक दिव्य कन्यालाई पुनः प्राप्त गर्न बहुधा सफल देखिन्छन्।

'नौलाहितको भाग्य' कथाको प्रारम्भिक कथानक 'आठपहरिया'को कथाको कथानकसँग मेल खान्छ। सहयोग गर्ने देवी परीहरू पनि एकै स्वभावका झण्डै एकै नामका छन्। 'आठपहरिया'मा तीनै परीहरू टुहुरालाई सीधै राजाको फन्दाबाट उम्काउन सहयोग गर्दछन् भने नौलाहितमा नौलाहितलाई रत्नावतीसँग मिलाउने काम वागेश्वरी र हस्तवती गर्दछन्। उता टुहुरो मलमल लिएर राजा, मन्त्री र नाऊँ-लाई स्वर्ग पठाउँछ भने यता नौलाहित आफैं जादूका वस्तुहरूलाई साधनको रूपमा प्रयोग गरेर स्वर्ग पुग्दछ र फर्कन्छ। नौलाहितलाई रत्नावती प्राप्त गर्न अन्य दुई सह बैनो परीहरूले सहयोग गरेझैं सुनसरी जिल्लाको बकलोरीका थारूहरूमा प्रचलित 'सोरठी' कथामा बृजमानलाई सोरठी प्राप्त गर्न अन्य मानवीय रूप लिएका दिव्य कन्याहरूले सहयोग गरेको उल्लेख छ।

नेपाली परीका लोककथाहरूमा परीहरूलाई मान्छेले अथवा मुख्य नायकहरूले रिझाउन खास कोशिश या प्रयत्न गर्नुपरेको देखिँदैन। उनीहरू स्वतः रिझिएका छन्, सहयोग गर्न अगाडि सरेका छन्, जसरी दैवी लोककथामा पात्रहरूलाई ईश्वरबाट अज्ञात

रूपमा सहयोग प्राप्त भएको छ । परीहरूमा प्रायशः दैवी अप्सराहरू नै बेसी छन् । तिनीहरूमध्ये केही कर्तव्य तथा कुनै काममा चुकेका सराप तथा अन्य कारणहरूले गर्दा मानवी रूप लिन विवश र वाध्य छन् । तर उनीहरू निश्चित घटना वा अवधिपछि सरापमुक्त भएको उल्लेख साधारणतया कथामा भेटिन्छ । परीहरूबाट मनुष्यको क्षति कुभलो भएको उति पाइँदैन, बढी सहयोग र भलाइ नै भएको पाइन्छ। पश्चिम युरोपका लोककथाहरूमा झैं पुरूष परी नेपाली लोककथामा भेटिँदैन । कथामा उल्लिखित र अवतरित सबै स्त्री परीहरू सुन्दरी रूपवती, साथै बुद्धिमती र चलाख छन् । उनीहरू अदृश्य चमत्कार-पूर्ण शक्ति तथा जादूले पूर्ण छन् र चिताएको वस्तु तथा काम तत्कालै प्राप्त गर्न या पुऱ्याउन सफल छन् । परी अप्सराहरू प्रेमिका सहयोगी या शुभचिन्तकको रूपमा मात्र देखा नपरेर धेरै कथाहरूमा कथानायक मान्छेसँग विवाह गरी सुखपूर्वक आनन्दले बसेका छन् र तिनीहरूले स्वर्गलाई भन्दा पृथ्वीलाई बढी मन पराएका छन् ।

'बिहे गर्ने इच्छा' कथाका नायक राजकुमारले सुन्दरी राजकुमारी-लाई पाउन भने अनेक कठिन शर्त र कार्यहरू सम्पन्न गर्नुपरेको छ । राजाका तीन छोरीहरूको विवाह क्रमशः ढोकामा आएको भालू, बाघ तथा गिद्धसँग भएको छ । मान्छेकी छोरीको पशु पक्षीसँग विवाह भएको उक्त कथामा सात समुद्रपारको सुन्दरी कन्या पद्मा-वतीलाई प्राप्त गर्न राजाको एकलो छोरो राजकुमारलाई तीनै भिनाजुहरूबाट ठूलो सहयोग उपलब्ध छ । एक प्रकारले तिनै पशु-पक्षी पात्रहरूको माध्यमले नै राजकुमार आफ्नो लक्ष्यप्राप्तिमा सफल हुन्छन् । यो कथामा वीरता, बहादुरी, र संघर्षबाटै राजकुमारहरू सुन्दर परी जस्तो विशेष गुण भएका राजकुमारीहरू प्राप्त गर्न सक्षम भएको परम्परा कायम छ । यो नेपाली कथा यूरोपीय देशहरू-मा प्रचलित प्रसिद्ध कथा Beast Brother-in-low कथासँग काटीकुटी मिल्छ । कथामा एकलो भाइका धेरै दिदी-बहिनीहरू विवाहित

हुन्छन् । भाइलाई कुनै कठिन काम गर्न पर्ने हुन्छ, उ पशु भिनाजुहरूको सहयोगले पूरा गर्दछ ।

अन्य परी अप्सराको नेपाली कथाहरूमा, मधुमालती, अबोला मैयाँ, बादर्नी मैयाँ, सुनकेशरी रानी आदिका कथाहरू विशेष उल्लेखनीय छन् । बादर्नी मैयाँ, पुष्करद्वीपका राजाकी छोरी हुन् । कान्छा राजकुमारले हानेको बाण रूखमा पर्दा शर्तअनुसार दुवैको विवाह हुन्छ। बादर्नीको चिठी टोड्कामा राखेअनुसार जादू हुन्छ, बाँदर्नी सुन्दर राजकुमारी हुन्छे । सबै खुशी हुन्छन् । तर दाजुहरूको करले खोल जलाउँदा शरीर पोलिन्छ मैयाँ भाग्छिन् । दिनमा छाला ओढेर पशु, रातमा फुकाली मान्छे बन्ने रूपपरिवर्तनका कथाहरू नेपाली लोककथामा विशेष लोक-अभिप्रायको रूपमा भेटिन्छन् । बाँदर्नी मैयांमा खोल जलाउँदा राजकुमारीको अंग-प्रत्यंग जलन थाल्दछ । तर राजकुमार फकीरको टोप, साधुका खराऊ, संन्यासीको लट्ठी, महात्माबाट मलम लिएर गई निको पारी फर्काएर ल्याउँछ । सबैजसो नेपाली परीका लोककथाहरू संयोगान्त नै भेटिन्छन् ।

सुनकेशरी मैयाँको कथामा मैयांको केश सुनै-सुनको भएकोले सबै गनेर राखिएको हुन्छ । एक दिन नुहाएर आउँदा मैयाँको एउटा केश हराउँछ । राजा जसले मैयाँको केश भेटाएर ल्याउँछ उसैसँग विवाह गरिदिने शर्त राख्छन् । तर राजाकै माइलो राजकुमारले उक्त केश भेट्टाउँछन् । शर्तअनुसारको तयारी हुँदा मैयाँ रूख चढ्छिन्। लगनगाँठोको समयमा सबै दाजुभाइ बाबु-आमा बोलाउन जान्छन् कोही फर्कदैनन्, सबै मर्दछन् । कान्छो भाइ भने दिदीसँगै माथि रूख चढेर बस्दछ । आखिर अर्कै देशको राजकुमार आई मैयाँ लिएर जान्छ । तर थाको तथा गाईले गर्दा पुनः दिदीभाइको भेट हुन्छ । हाडनाता विवाहलाई निषेधात्मक रूप दिने परम्पराको पक्षमा सुनकेशरी मैयांको कथाले वकालत गरेको छ, विवाह गर्न आऊ भन्नेहरू सबै मरेका छन् । एकै रक्त-दूधभित्रको विवाहभन्दा अपहरण

विवाहलाई मैयाँ सहर्ष स्वीकार्दछिन् । कथामा भाइले पोखाएको तिल चामलबाट गाई-भैंसीको उत्पत्ति भएको, साथै थाक्रोको निहुमा गाईले छुट्टिएका दिदी-भाइको भेट गराएको कुरा रोचक तथा चमत्कार-पूर्ण छ ।

सुवर्णकेशरीहरूको कथा उत्तर अमेरिका तथा पश्चिम यूरोपतिर पनि उत्तिकै प्रचलित भेटिन्छन् । सुनौला केश र दाजुबहिनीको विवाहको प्रसंगले नेपालमा भने यो कथा मध्यपूर्वतिरबाट सर्दै आएको अनुमान लाग्दछ । किनभने हामीकहां सुनौला केशलाई भन्दा लामा काला केशलाई विशेष महत्त्व दिइन्छ । हामीकहां केशलाई सौन्दर्यको प्रतीक मात्र नभएर लक्षणको कारण पनि ठानिन्छ । केशको माध्यमबाट लोककथामा नायक र नायिकाहरूबीच सम्बन्ध स्थापना भएको घटनालाई यसै प्रसंगमा विचार गर्नुपर्ने देखिन्छ । केश देखेर मोहित भएको लोक-अभिप्राय संसारैभरिका लोककथामा भेटिन्छन्। नेपाली सत्तर्लासिहको कथामा पनि सुवर्णकेशी कन्याको केशमा मोहित भएर केशवतीको खोज भएको घटनाको उल्लेख छ ।

नेपाली परीका कथाहरूमा मुख्यतया दुई प्रकारका परी पात्रहरू भेटिन्छन्:– (क) अप्सरा देवी आदि देवयोनिका पात्रहरू र (ख) मर्त्यलोककै राजा-महाराजाका राजकुमारी छोरीहरू । अप्सरा, देवी आदि पात्रहरू भएका कथाहरू वैदिक समयअगिदेखि नै हामी-कहां प्रचलित छन् । हिन्दू पुराण तथा प्राचीन धर्मशास्त्रहरूमा सुन्दरी सामुद्रिक जलपरी तथा इन्द्रको स्वर्गमा नर्तकीको रूपमा प्रशस्त अप्सराहरू भेटिन्छन् । वेदका अनेक सूक्त र मंत्रहरूमा उल्लिखित तिनीहरू अथर्ववेद एवं ब्राह्मणहरूमा गन्धर्वहरूसँग सम्बन्धित छन् । गन्धर्वहरूसँगको सम्बन्ध स्थापनाले क्षेत्र विस्तार भएर ती पृथ्वीमा पनि ओर्लेका छन् । तिनीहरू वीणा र मुजुरा बजाएर विशेष गरी अंजीरको रूखवरिपरि संगीत र नृत्यमा मस्त भेटिएका छन्। रामायणको कथनअनुसार भने अप्सराहरू समुद्र-मथनको वेला

उत्पन्न भएका जलपरी हुन् । अप्सरा नामकै शाब्दिक अर्थ पनि पानीमा हिंडडुल गर्ने या चल्ने भन्ने लाग्दछ। शुरू-शुरूमा सुर असुर कसैबाट पनि स्वीकार नगरिएका अप्सराहरू पछि सबैजसो देवताहरूसँग सम्बन्धित तथा देवताहरूबाट नियंत्रित र निर्देशित छन् । सौन्दर्यको उपल्लो तहको जीउडाल, चटक्क परेका कामोत्तेजक सुन्दरी युवती-हरूको रूपमा चित्रित परीहरू स्वर्गमा हारेका या स्वर्गबाट झरेका नायकहरूलाई इन्द्रबाट प्रदत्त उपहारको रूपमा पनि पाइन्छन् । नेपाली लोककथाहरूमा अवतरित अप्सराहरूको सम्बन्ध इन्द्र, स्वर्ग, गन्धर्वहरूसँग भेटिए पनि तिनीहरूको मत्स्यकन्या या जलपरीको स्वरूप भेटिएका छैनन् । बहुधा ती कथामा स्वर्ग अमरावती या आकाशलोकबाट राती मर्त्यलोकमा स्नान गर्न या पारिजातको फूल टिप्न ओर्लेका छन् । यसै मौकामा पारेर तिनीहरू कतै समातिएका, कतै बाचामा बाँधिएका, कतै जालमा पारिएका र कतै जादूका वस्तु दिन विवश भएका देखिन्छन् । अप्सराहरू पौराणिक कथाहरूमा देवगायिका नामले स्वर्गका वेश्याहरू पनि भएका छन्, तर नेपाली लोककथामा ती आदर्श प्रेमीको आदर्श पत्नीका रूपमा बढी भेटिन्छन्। तिनीहरूले कथाको नायक मान्छेलाई कतै पनि खुशीले छलेको, धोका दिएको पाइँदैन । लोककथामा यी परीहरू देवतासँग भन्दा मान्छेसँग बढी आकर्षित छन् र मान्छेकै छोराहरूसँग बढी आफ्नो सम्बन्ध स्थापना गर्दछन्। पौराणिक कथाका कार्यपथबाट विचलित तुल्याउने देवताको हातको खेलौना, सजिलो कामोत्तेजक साधन यी अप्सराहरू लोककथामा मान्छेलाई स्वर्ग लान्छन् या आफ्नो लक्ष्य प्राप्त गर्न ठूलो सहयोग प्रदान गर्दछन् । अप्सराहरू नाच्ने गाउने गर्दछन्, तर कथाका देवी परीहरू त्यस्ता छैनन् । देवी परीहरू प्रकृतिको शक्तिको प्रतीक या सरस्वती, लक्ष्मी, भगवती आदि देवीहरूका मानवी रूपमा देखिन्छन्। उनीहरू राम्रा छन्, तर कामोत्तेजक नभएर सौहार्द तथा सादगीले परिपूर्ण छन् ।

मानवयोनिका राजा रानीका छोरीहरू पनि राम्रा र सुन्दर मात्र छैनन्, ती विलक्षण पनि छन्, केही न केही मानवेतर विशेषताहरूले सम्पन्न छन् । तिनीहरू रुँदा हाँस्दा या हिँड्दा फूल फुल्ने झर्ने या सुवर्णका धूलिकणहरू उड्ने गर्दछन् । तिनीहरू कोही सुनका केश भएका पनि छन् । तिनीहरूले कतै केही व्रत लिएका हुन्छन् भने कतै केही शर्तहरू राखेका हुन्छन् । व्रत र शर्तअनुसार तिनीहरूको विवाह हुने गर्दछ । कथामा तिनको संरक्षा तथा सुरक्षाको पनि विशेषप्रकारको व्यवस्था गरिएको पाइन्छ । दिव्य योनिका परीहरू अप्सराहरूले आकल-झुकुल सर्प साथीमार्फत मान्छेलाई दुःख दिएको प्रसंग भेटिए पनि मानवयोनिका राजकुमारीहरूले भने मान्छेको छोरो नायकलाई कतै पनि दुःख र कष्ट दिएको छैन, अझ गर्ने कोशिश सम्म पनि गरेका छैनन् । उल्टो तिनीहरूले अनेक प्रकारका जादूका वस्तुहरू दिएर, आइपर्ने अनेक आपद्-विपद्को समयमै सूचना दिएर, अनेक कठिन कार्यहरू सम्पन्न गर्न मान्छेलाई सहयोग दिएका छन् । राजकुमारीको हृदय जित्न, उनीहरूलाई हात पार्न कथाका नायकहरूलाई ऋषि मुनि बाहेक बहादुरीका लोककथाहरूमा जस्तै कृतज्ञ पशुपक्षीहरू विशेषतः मूसा, कमिला, परेवा, बाघ, भालू, गिद्ध आदिबाट पनि ठूलो सहयोग प्राप्त भएको छ । सबैजसो कथामा कथाको नायक मान्छेले कि विकट असंभव शर्तहरू पूरा गर्नुपरेको छ, कि जीवनलाई हत्केलामा राखी युद्ध गर्नुपरेको छ, कि जादूका वस्तुहरूको यथावश्यक उपयोग गर्नुपरेको छ दिव्य योनिका परीहरूको नायकले जस्तो खास निषेध बार्नुपरेको छैन । त्यसैले उनीहरू धेरैजसोले भेट भइसकेपछि फेरि छुट्टिनु परेको छैन, बरु आनंद र सुखपूर्वक आधा राज्य धनधान्य पाएर जीवन-यापन गरेका छन् । दिव्य परी पात्रहरूको कथामा पनि कथाका नायक तथा नायिकाहरू केही समयको लागि छुट्टिए पनि अन्तमा पुनः भेटिएका छन्, खुशी र आनन्दित छन् । तिनीहरू छुटेका छुट्यै भएका छैनन् बरु नेपाली परीका कथाहरूमा

दिव्य योनिका पुरूष मानवयोनिका राजकुमार या सुन्दरी पात्रहरू सँग प्रेम तथा विवाह भएको घटना भने उत्ति पाइँदैन ।

सबैजसो परीका नेपाली लोककथाहरू अलेक्जेण्डर क्रपेले परीकथाको विषयमा भनेझैं नै कुनै खास नायक र नायिकामा केन्द्रित क्रमिक विवरणहरूले पूर्ण छन् । देवयोनिका परीकथाका नायक प्रारम्भमा विशेषतया गरीब, हरिकंगाल, निराश्रय र अभागग्रस्त हुन्छन्, जो बहादुरीपूर्ण अभियानहरूपछि आफ्नो अभीष्ट तथा लक्ष्यमा पुग्दछन् र माथि भनेझैं नै सदा सुख आनन्दले जीवन बिताउँदछन् । मानवयोनिका राजकुमारीहरूको कथामा भने नायकहरू शुरूमै विशेष-बहादुर, विशेष-सामर्थ्यले सम्पन्न राजकुमार, मन्त्रि-पुत्र, गुणहरूले पूर्ण कान्छो छोरा आदि छन्; तर सबैजसो परीकथाको नायकको सफलतामा अवश्यमेव समानुरूपले परामानवीय अर्थात् अतिमानवीय शक्तिको महत्त्वपूर्ण भूमिका प्रत्यक्ष हुन्छ नै ।

परीका कति नेपाली कथाहरूमा सुन्दरी परी हात पार्न राजा, मन्त्री, सामन्तहरूले नायकलाई अनेक कष्ट दुःख दिने गरेका छन् । तिनीहरू अनेक योजनाहरू बनाउँछन्, नायकलाई मार्न सक्दो कोशिश गर्दछन्, तर आफ्नो हिम्मत र आँट तथा परीहरूको अमूल्य सहयोगले सफलता नायकलाई नै प्राप्त हुन्छ । फलस्वरूप अन्तमा सामन्ती वृत्तिले घुँडा टेक्नुपर्छ। उनीहरूले कि हार स्वीकार गर्नुपर्दछ, कि जीवनबाटै हात धुनुपर्दछ । यस दृष्टिबाट हेर्दा समस्त परीकथाहरू निम्नवर्गीय जनताको विजयका तथा सफलताका कथाहरू जस्तै लाग्दछन् । तिनले सामन्ती शोषणको विरूद्ध सामन्ती प्रवृत्तिको विरोधी जनमत तयार गर्ने काम गर्नुको साथै ईमानदारी र सत्य पक्षको वकालत पनि गरी आएका छन् ।

नेपाली परीका कथाहरूमा संक्षेपमा आश्चर्य, रोमान्स विचित्रता, सफलता आदिको भाव बढी उपलब्ध छन् । त्यसैले यी अलौकिक, अद्‌भुत, चामत्कारिक, उत्सुकतापूर्ण र अत्यन्त रमाइला हुन्छन् ।

सामान्यतः परीकथाहरू यूरोपतिर बाल-बालिकाका बीच प्रसिद्ध र लोकप्रिय छन्। उनीहरूको सामाजिक सांस्कृतिक विश्वासअनुसार ती पखेटा भएका चिटिक्क परेका हुन्छन् र बाल-बालिकाहरूसँग रमाउने र खेल्ने गर्दछन् । मान्छेका बच्चा-बच्चीसँग खेल्ने ती परीहरू आफ्ना बच्चाहरूको निमित्त मान्छे धाई राख्न रुचाउँछन् र भरसक मान्छेको दूध ख्वाउन लाउँछन् । ती सेतो घोडा चढेर सेतो या हरियो लुगामा हूल-हूल पनि हिंड्ने गर्दछन् । नेपाली परीहरू भने उड्न सक्ने, आकाशमार्गमा हिंड्न सक्ने, रूप बदल्न सक्ने, भए पनि पखेटा भएका देखिंदैनन् । तिनले लाएको लुगाको रंगको उल्लेख कथाहरूमा बहुत कम भेटिन्छन् । तैपनि ती सेतो रंग मन पराउँछन् र सेतो लुगा नै विशेष लगाउँछन् । युरोपतिरका परीहरू दुःख कष्ट दिने खालका पनि छन्, तर हाम्रा परीहरू भने सदा सहयोगी र हितकारी भेटिएका छन् । नेपाली परीका कथाहरू प्रेम, विवाह तथा बहादुरीको आदर्श र अपूर्व घटनावलीहरूले पूर्ण हुन्छन् र स्वभावैले ती युवा तथा युवतीको कल्पनाशील मनलाई आकर्षित गर्दछन् । त्यसैले बाल-बालिकाहरूसँगै युवगोष्ठीमा पनि ती उत्तिकै प्रचलित र लोकप्रिय रहेका छन् ।

परीकथाहरू केवल पश्चिम युरोपेली संस्कृति तथा वृहत् हिन्दू संस्कृतिमा मात्र केन्द्रित र सीमित छैनन् । ती जाति या राष्ट्रको भाषा-शब्दावलीअनुसार विभिन्न नामले संसारैभरि यत्र-तत्र पाइएका छन् । अपेक्षाकृत केही विकसित संसारको खास गरी यूरोप, उत्तर र पूर्व अफ्रिका, दक्षिण र दक्षिणपूर्व एसिया तथा सुदूर पूर्वबाट परीकथाहरू संकलित भएका छन् । तर ती ठीक कहाँ कहिले, कसरी विकसित भए निश्चित रूपले ठम्याउनु भने निकै कठिन कार्य प्रमाणित भएको छ । तथापि कथामा उपलब्ध लोक-अभिप्राय, कथावस्तु, कथाको विशेष प्रकार आदिको खोज, अनुसन्धान, तुलनात्मक अध्ययन र विश्लेषणले ती विशेषतः यही शृंखलाभित्र

आदान-प्रदान गरिएका र उत्पत्तिका अनेक कारण-विन्दुहरूबाट विकसित भएका देखिएका छन् । कहीं कहीं ती पुराणभन्दा पुराना तहका पनि भेट्टिएका छन् । इसापूर्व तेह्रौं शताब्दीतिर मिश्री संकलन बाट पश्चिम गएका कथाहरूमा स्टिथ थोमसनले परीकथाको झलक पाइने कुरा उल्लेख गरेका छन् । तर हामीकहां प्रचलित कति परीकथामा बीजरूप वेदका अनेक सूक्तहरू र पुराणहरूमा स्पष्ट अंकित छन् । यथार्थमा हाम्रो परम्पराको परिप्रेक्ष्यमा पुराणकथा, धर्मकथा तथा परीकथाहरूको बीचमा घनिष्ठ सम्बन्ध देखिन्छ । त्यसैले केही पश्चिमी कथाविद्हरू परीकथालाई भारोपेली परम्पराका भन्ठान्दछन् । तर यही प्रकारका कथाहरू अभारोपेली जातिमा पनि प्रचलित पाइएका छन् । युरोपेली र एसियाली कथाहरूसँग मिल्दा-जुल्दा कति परी-कथाहरू आदिम जनजातिमा भेटिएका छन् भने कति ती पूर्व तथा पश्चिमका परीकथाहरू संसारका अन्य जातिहरूमा पनि प्रसारित र प्रचारित भएका छन् । यति हुँदा हुँदै पनि अध्येताहरू युरोप र एसियाको अपेक्षा अमेरिका र अफ्रिकामा परीकथाहरू संख्यामा कम र यदाकदा भेटिएको तथ्य बताउँछन् । यसबाट परीकथाको स्वरूप र धारणा केही उन्नत र विकसित सांस्कृतिक तहमा विकसित भएको तथ्य प्रष्टिन्छ । म्याक एडवर्ग लिजको विचार पनि यसैसँग मिल्दो छ । त्यसैले पश्चिमी कथाविद्हरूले अन्य कथास्वरूपसँगको परीकथाको ऐतिहासिक सम्बन्ध केलाउने कार्य जटिल माने पनि विस्तृत रूपमा विस्तारित लोककथाको प्रमुख खलक परीकथाको सम्बन्ध कृषि-वर्गका खास गरी सामन्तवादी र पूर्व सामन्तवादी व्यवस्थासँग जोड्दछन् । परीकथामा तीभन्दा अगाडिका अझ प्राचीन मानव-सभ्यता तथा विश्वाससँग सम्बद्ध तत्त्वहरू पनि सन्निहित हुन सक्छन्; तर ती उनीहरूको विचारअनुसार मुख्यतः कृषिजीवी जनसँग सम्बन्धित छन् र स्पष्ट रूपमा किसान-जीवनको अनौठो परिस्थिति र वातावरणले सिर्जेको प्राथमिक उत्पादन हुन् । परीहरू पश्चिममा

रिसाएको बेला पानी असिना पार्ने, बालीनाली बिगार्ने पनि गर्दछन् तर हामीकहाँका परीहरू त्यस्ता भेट्टिएका छैनन् । हामीकहाँका परीकथाहरू, विशेषतः दिव्य योनिका अप्सरा देवीहरूका कथाहरू कृषि-जीवनअगावै आरण्यक जीवन यापन गर्दाखेरि नै विकसित भइसकेको अनुमान हुन्छ । ती आरण्यक जीवनसँग पनि सम्बद्ध भेटिन्छन् ।

संदर्भ ग्रन्थहरू

1. Stith Thompson—The **Folktale.** Holt, Rinehast and Winston, New York, 1946.

2. V. Propp—**Morphology of the folktale.** University of Texas Press, Austin, 1971.

3. Alan Dundes—**The study of folklore.** Prentice-Hall, N. J. 1965.

4. वीर राजेन्द्र ऋषि– **रूसी लोक–साहित्य** आत्माराम एण्ड सन्स, दिल्ली, १९५६

5. डा. पद्मचन्द्र काश्यप– **कुल्लुई लोक साहित्य** नेशनल पब्लिशिग हाउस, दिल्ली, १९७२

6. गोविन्द चातक– **नेपालकी लोक–कथाएं,** आत्माराम एण्ड सन्स, दिल्ली, १९६४

7. डा. श्याम परमार–**मालवी लोक साहित्य,** हिन्दुस्तानी एकेडेमी इलाहाबाद, १९६९.

८. मोहन कृष्ण दर–**कश्मीरका लोक साहित्य,** आत्माराम एण्ड सन्स, दिल्ली, १९६३

९. डा. चन्द्रशेखर भट्ट– **हाडौती लोक गीत,** कृष्ण ब्रदर्स, अजमेर १९६६

१०. डा. सरोजनी रोहतगी–**अवधीका लोक साहित्य,** नेशनल पब्लिशिग हाउस, दिल्ली, १९७१.

११. तुलसी दिवस–**नेपाली लोककथा,** नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, कमलादी काठमाडौं, २०३२

१२. प्रदीप रिमाल–**कर्णाली लोकसंस्कृति** खण्ड ५, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, कमलादी काठमाडौं २०२८

for his brilliant literary career. as he is as a writer, Feng still s to put much time aside for

holding a hard-cover book as a racket. There being no umpire, disputes will arise in the process

preliminary entrance examination o
the Central Fine Arts College and
preparing for the final test when he
was introduced to the coach of the
municipal basketball team.

"Do you like this sort of thing, eh
asked the coach, pointing at a ball
his hand. Hardly had he finished th
question when he flung the ball at
Feng. The boy parried with a quick
movement, showing that he was cu
out for basketball. Nodding his hea
approvingly, the coach decided to
take him on. Yearning for quick fam
as a cager, Feng went into training
all earnest. With a lingering passion
for painting, he had never parted w
his brush and pallete in the training
camp. "I'll leave the team sooner o
later," he thought to himself. "When
one candle has burnt out, I'll have
another to illuminate the path of my
life."



ectator than as a participator. He is en at all important soccer or sketball matches, cheering loudly d jumping for joy and arguing hotly h his fellow fans when excitement es to fever pitch. Now and then his iet home will turn into a gym. It ay be a push-up contest with his n, with half a watermelon waiting a side table as prize for the nner. The house will be filled with e father's laughter when he is the ser. Or it may be a pingpong game, th a line drawn in the middle of a ng table as the net and both sides who makes the concessions. Or it may be a boisterous "handball game" in which one who hits the opponent on any valid part of the body with a ball made of a towel earns a point.

Sometimes Feng will go fishing, all by himself. Big or small, his catch is always a delight to the dining table. What's most important, angling to him is the best recreation after some days hard work of creative writing. He says that his zeal for sports will last for ever and he'll write about sports for ever. □

eady for a return to his former self.

Photos Chang Jinsheng